नेपालको निजामती, सैनिक, सशस्त्र, जनपद प्रहरी र रा.अ.वि.को सेवामा रही निवृत्त भएकाहरुको राष्ट्रिय स्तरको गैर राजनीतिक संगठनहरुको रुपमा "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपाल" स्थापित भएको छ। नेपालको आन्तरिक आर्थिक क्षमताको विकासदर भन्दा सांगठनिक जनशक्ति अस्वाभाविक रुपमा बढेर जाँदैछ भने सरदर आयुसीमा पनि झण्डै ७५-८०% हाराहारीमा बढीसकेको वर्तमान अवस्थालाई समेत वेवास्ता गरी शारीरिक एवं मानसिक रुपमा सक्षम राष्ट्रसेवकहरुलाई अव्यवहारिक ऐन नियमको आधारमा अवकाश दिने परिपाटीमा सुधार आउन नसकेको वास्तविकता ताजै छ। यहि परिप्रेक्ष्यमा सेवा अवधि बढाउनु पर्ने वास्तविकतालाई वेवास्तागरी निजामती, सैनिक, प्रहरी लगायतका सेवाबाट अनिवार्य अवकाश हुने उमेरको हद ५ वर्ष घटाई सकिएको छ। जसको कारण २०-२५ वर्ष राष्ट्रसेवा गरी सशक्त उर्जावान उमेरमा निवृतिभरण सहित अवकाश भएको वा हुने पूर्व राष्ट्रसेवक (मुख्यत सैनिक र प्रहरी) लाई उसले गरेको राष्ट्रसेवा भन्दा दोब्बर वर्ष सम्म राज्यले निवृक्तिभरण भुक्तानी गर्नुपर्ने स्थिति लाई नजर अन्दाज गरिनुले मुलुकले ठुलै व्यायभार स्वीकार्न बाध्य छ। त्यस प्रकार समस्याको रुपमा देखा पर्दै गएको विषयलाई राज्यले निवृत्त जनशक्ति व्यवस्थापन सम्बन्धी राष्ट्रिय ठोस नीति निर्माण गरी पूर्व राष्ट्रसेवकसँग रहेको ज्ञान, सीप, दक्षता, अनुभव र योग्यताको राष्ट्रको उत्पादकत्वमा समुचित प्रयोग गर्नु गराउनु नै सर्वोत्तम र प्रभावकारी र निर्विकल्प उपाय हो भन्ने तथ्यलाई आत्मसात् गरी यस परिषद्को विधिवत स्थापना गरिएको हो। यसका संस्थापक सदस्य संगठनमा "पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ" रहेका छन्। नेपाल राष्ट्रको अन्य यस्तै सेवा क्षेत्रमा रही सेवा निवृत्तहरुको राष्ट्रिय संगठन पनि परिषद्को विधानका अधिनमा रही आवद्ध हुने चाहना राखी विधिवत् आवेदन दिन आएमा सम्बद्ध सदस्यता प्राप्त गर्न सक्नेछन्।

## परिषद स्थापनाको लक्ष्य र उद्देश्य :

राष्ट्रको दीर्घकाल पर्यन्त सेवा गरी निजामती, सैनिक, प्रहरी र यस्तै अन्य सेवाबाट निवृत्त भएका राष्ट्रसेवकले विधि विधान ऐन कानूनबाट प्रत्याभूत गरिए अनुसार निवृत्तिभरण पाउनु निवृत्तहरुको हक अधिकार हो भने, त्यसै गरी राष्ट्रसेवामा रही राज्यको लगानी तथा व्यक्तिगत प्रयासमा आर्जेको ज्ञान, सीप, अनुभव, योग्यता र दक्षता राष्ट्रकै अमूल्य सम्पति हो भन्ने यथार्थतालाई पनि निवृत्त राष्ट्रसेवकहरुले बुझ्नु पर्ने तथ्य हो। देश र देशवासीको सेवामा आफ्नो अमूल्य समय व्यतित गरेवापत राज्यले लामो समय सेवा पश्चात जीवन निर्वाहको स्रोत जुटाई दिनु राज्यको दायित्व हो भने नेपाली जनताले तिरेको करबाट निवृत्तभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुले पनि आ-आफ्नो शारीरिक क्षमताले सक्दासम्म राज्य र जनतालाई प्रतिफल दिनु उसको नैतिक दायित्व हो।

### लक्ष्य :

माथि उल्लेखित उच्च मानवीय आदर्शबाट यस परिषद्को स्थापना भएको हो। यही उदात्त भावनाले अभिप्रेरित आफ्नो अवकाशित जीवन पनि राष्ट्रको श्रीवृद्धि, रक्षा, सुरक्षा र विकासका लागि समर्पित गर्ने यस परिषद्सँग आवद्धहरुको मूल लक्ष्य रहेको छ।

**उद्देश्य :**

विधानको धारा ४ को उपधारा (क) देखि (ख) सम्म जे जति उद्देश्य राखिएको छ त्यसमध्ये मुख्यतः

क) यो परिषद गैरनाफामूलक, गैर राजनीतिक तथा मुनाफारहित बहुउद्देश्यीय जनहितकारी सामाजिक सँस्थाको रुपमा स्थापित भएको छ ।

ख) परिषदमा आवद्ध सेवानिवृत्त राष्ट्रसेवकहरुले सेवामा रहँदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक लगायत पूर्व राष्ट्रसेवकका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो परिषद प्रयासरत हुनेछ ।

ग) परिषदले पूर्व राष्ट्रसेवकका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

घ) परिषदले द्वन्द्वबाट विस्थापित पूर्व राष्ट्रसेवक र अन्य पीडित व्यक्तिहरुको मनोसामाजिक समस्याको अध्ययन गरी उनीहरुको हकहितको संरक्षण एवं पुनर्स्थापनाको निमित्त आवश्यकता अनुसार सहयोग पुऱ्याउनेछ ।

ङ) वृद्ध-वृद्धाहरु, पूर्वराष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकमा पिछडिएको वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना, तालिम र कार्यक्रमहरु सञ्चालनका लागि प्रयास गर्नेछ ।

च) परिषदले राष्ट्रलाई आवश्यक परेका जुनसुकै बेलामा पनि राष्ट्रियहितको लागि पूर्वराष्ट्रसेवकहरुबाट सम्भव भएसम्म सहयोग उपलब्ध गराउने कोशिस गर्नेछ ।

छ) परिषदले जनहितका लागि चेतनामूलक कार्यक्रम, सीपमूलक तालिम सञ्चालन गर्ने र नियमित रुपमा परिषदको मुखपत्र प्रकाशन गर्नेछ ।



ज) परिषदले सामाजिक तथा राष्ट्रिय महत्वका विविध विषयहरुमा खोजमूलक अनुसन्धान गर्नेछ ।

झ) परिषदले सुशासन स्थापित गर्न र भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

ञ) पूर्व राष्ट्रसेवकहरुबीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

ट) पूर्व राष्ट्रसेवकहरुले आर्जित गरेको अनुभव, ज्ञान, सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउँदै राष्ट्रिय विकासका लागि बंगलादेशको मोडलमा संलग्न गरिनु उपयुक्त हुने देखिन्छ । राज्यले आम नागरिकका लागि लागू गर्ने वा गरेको नीति र कार्यक्रमका सम्बन्धमा जनताले असहमति जनाउने वा जनाएको अवस्था उत्पन्न हुँदा सार्वजनिक संवाद र समन्वयकर्ताको रुपमा आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

ठ) यस परिषदले दलगत राजनीतिक प्रभावबाट मुक्त रही सचेत नागरिक समाजको रुपमा राष्ट्रिय हितका विषयमा सरकार र सम्बन्धित निकायहरुबाट सञ्चालित राष्ट्रिय कार्यक्रमका अन्तर्निहित विषयवस्तुहरुको समय समयमा अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायलाई लिखित वा मौखिक रचनात्मक सुझाव दिनेछ ।

ड) विश्वको बदलिँदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।



ढ) पूर्व राष्ट्रसेवक, तिनका परिवार र क्षमताले भ्याएमा समाजको विभिन्न क्षेत्रमा सर्वोत्तम विकास र हकहित रक्षाको लागि केन्द्रदेखि स्थानीय स्तरसम्ममा विविध कार्य सञ्चालन गर्न प्रयास गर्नेछ ।

## परिषद्को उद्देश्य प्राप्त गरिने कार्यहरु :

१. परिषद्को उदेश्य प्राप्तिको लागि केन्द्रीय समन्वय परिषद्ले र जिल्ला, नगरस्तरमा विधानसम्मत शाखा समन्वय परिषद् गठन गरी तिनका माध्यमबाट स्थानीय लक्षित समूहको माग र आवश्यकतालाई दृष्टिगत गरी कृषि, घरेलु, स्वास्थ्य र सरसफाई सम्बन्धी चेतनामूलक विभिन्न व्यावसायिक तालिम सञ्चालन गर्ने ।

२. सामुदायिक नागरिक सुरक्षा व्यवस्थालाई सुदृढ र सुनिश्चित गर्न रक्षा, सुरक्षा निकायबाट निवृत्त भई स्थानीय तहमा बसोवास गर्दै आएका पूर्व राष्ट्रसेवकहरुमा स्वयंसेवी सुरक्षा समूह निर्माण कसरी गर्ने भन्ने विषयमा अनुशिक्षण दिने ।

## परिषद्को सदस्यता सम्बन्धी व्यवस्था :

१. परिषद् 'सार्क' को संगठनात्मक ढाँचामा स्थापित विशिष्ट प्रकारको संगठन हो ।

२. यो परिषद् राज्यका कुनै पनि सेवा क्षेत्रमा रही निवृत्त भएका "पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ वा यस्तै समान प्रकृती र चरित्रका अन्य कुनै पूर्व राष्ट्रसेवकहरुको राष्ट्रिय स्तरको संगठनहरु" *समेतलाई* आवद्धता प्रदान गर्न सकिने बैधानिक प्रावधान राखी केन्द्रीय स्तरका पूर्वराष्ट्रसेवक संगठनहरुको साझा संगठनको रुपमा स्थापित भएको छ । संस्थापक संगठन वा पछि आवद्धता प्राप्त गर्ने कुनै पनि संगठनमध्ये कम्तिमा कुनै एउटा संगठनको सदस्य हुने योग्यता हासिल गरेको व्यक्ति वा (पूर्व राष्ट्रसेवक) यस परिषद्को प्रारम्भिक सदस्य मानिएको छ । तर त्यस्ता प्रारम्भिक सदस्य मानिएका पूर्व राष्ट्रसेवकले यस समन्वय परिषद्को सक्रिय सदस्यको रुपमा रही कार्य गर्न चाहेमा आफ्नो सेवा क्षेत्र सम्बन्धी संगठनका विधि विधान र प्रक्रिया पुरा गरी एकद्वार प्रणालीबाट मात्र विधिवत यस समन्वय परिषद्को सभा कार्य समितिमा वा अध्यक्ष मण्डलको सदस्य/अध्यक्षका रुपमा भूमिका खेल्न सक्छ ।

३. यस परिषद्मा देहाय बमोजिमका सदस्यको व्यवस्था रहेको छ ।

(क) संस्थापक संगठनहरु
(ख) आवद्धता प्राप्त संगठित संस्था
(ग) मानार्थ सदस्य
(घ) अतिथि सल्लाहकार (सदस्य)
(ङ) विशिष्ट सल्लाहकार (सदस्य)
(च) विषय विशेषज्ञ सल्लाहकार (सदस्य)

४. **अध्यक्ष मण्डल :** यस परिषद्का संस्थापक संगठनका अध्यक्ष/सभापतिहरु अध्यक्ष मण्डलका सदस्य हुने, त्यही अध्यक्ष मण्डलले नै आफूमध्येबाट परिषद्को अध्यक्षको चयन गर्ने, अध्यक्ष र अध्यक्ष मण्डल परिषद्को उच्चतम सम्मानित निकायको रुपमा रहने र पछि आवद्धता प्राप्त गर्ने संगठनका अध्यक्ष/सभापतिलाई परिषद्को अध्यक्ष मण्डलबाट उपयुक्त स्थान प्रदान गर्ने व्यवस्था परिषद्को "सदस्य प्राप्तिको लागि आवश्यक योग्यता" सम्बन्धी विधि विधानको दफा ६ र ७ मा तोकिएको छ ।

## परिषद्को कार्यविधि :

परिषद् पूर्णतः दलगत राजनीति निरपेक्ष, गैर नाफामूलक सम्पूर्ण समाजसेवीको मूल उद्देश्य र लक्ष्य लिई स्थापित संगठन हो । अतः परिषद्सँग सम्बद्ध पूर्वराष्ट्रसेवकहरुका अतिरिक्त सम्पूर्ण जेष्ठ नागरिक, द्वन्द्व पीडित परिवार, असहाय अपांग एवं वालवालिकाहरुको हक, हित र कल्याणका लागि राष्ट्रसेवामा आर्जेको ज्ञान, सीप,

अनुभव, योग्यताको अधिकतम उपयोग वा प्रयोग गर्ने आदर्शबाट अभिप्रेरित छ ।

पूर्व राष्ट्रसेवकहरुले जीवन निर्वाहका लागि राज्य मार्फत नै निवृत्तिभरण प्राप्त गर्दै आएको यथार्थता र राष्ट्रसेवकका मूल्य र मान्यता, मर्यादा र अनुशासन सम्बन्धी लक्ष्मणरेखा अतिक्रमण वा उल्लंघन गरी संविधानत स्थापित राज्य सञ्चालक (सरकार) लाई वेवास्ता, उपेक्षा वा दरकिनार गरी सोभै निवृत्तिभरणका भारवाहक (करदाता) जनतासँग गई प्रतिफल प्रदान गर्ने काम कुरा गर्नु अशोभनीय हुन्छ भन्नेमा दृढ विश्वास राख्ने भएकाले, यस परिषद्ले लाखौंको संख्यामा रहेका वर्षेनी अरबौं रुपैयाँ निर्वत्तिभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुको अमूल्य अनुभव, ज्ञान, सीप, दक्षता र योग्यताको समुचित प्रयोग र परिचालन गर्ने राष्ट्रिय स्तरको स्थायी संगठन वा संयन्त्र निर्माण गर्न राज्यले सेवानिवृत्त जनशक्ति पुनः परिचालन सम्बन्धी राष्ट्रिय नीति तत्काल तर्जुमा गरी लागू गर्ने र त्यसमा परिषद्को समुचित भूमिका रहने व्यवस्था गर्ने अपेक्षा गरेको छ ।



(यदि राज्य (सरकार) बाट आफूले नै त्यस्तो स्वतन्त्र वा स्वायत्त निकाय संयन्त्रको गठन गर्नु भन्दा यस पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्लाई नै त्यस्तो भूमिका निर्वाह गर्ने दायित्व विधिवत प्रत्यायोजन गर्न सहमत भए पूर्व राष्ट्रसेवकहरुबाट सरकारले सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय कोष (?) का लागि भनी निवृत्तिभरण भुक्तानी गर्दा स्रोतबाटै कटाउँदै आएको रकमबाट केही प्रतिशत परिषद्लाई नियमित रुपमा प्रदान गर्ने नीति सहितको लिखित प्रतिवद्धता प्राप्त भएमा यस परिषद्ले सम्बन्धित सेवा क्षेत्रका पूर्व राष्ट्रसेवकहरु मार्फत नाम मात्रको (न्यूनतम) लगानी अधिकतम लाभको अनुपातमा जनतालाई उसको लगानीको प्रतिफल दिन परिषद् पूर्ण सक्षम, सफल र प्रतिवद्ध छ । )

**संगठन सम्बन्धी व्यवस्था :**

परिषद्को विधानको दफा ६ को प्रावधान अनुसार -

(क) परिषद्को उद्देश्य प्राप्तिका लागि न्यूनतम रु. पाँच लाख नगद सहयोग पुऱ्याउने वा विशिष्ट समाजसेवी समेतका विधानले परिभाषित गरेका विशिष्ट व्यक्ति यस परिषद्का मानार्थ सदस्य हुने,

(ख) पदासीन प्रधानसेनापति, मुख्य सचिव, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षकलाई परिषद्को

अतिथि सल्लाहकार हुन अनुरोध गरिनेछ र त्यसमा सहमति प्रदान गर्नु हुने उक्त पदाधिकारी अतिथि सल्लाहकार रहनु हुने ।

(ग) अवकाश प्राप्त गर्नु भएका प्रधान सेनापति, मुख्य सचिव, प्रहरी महानिरीक्षक, सहस्त्र प्रहरी महानिरीक्षकहरु सबैलाई परिषद्ले विशिष्ट सल्लाहकार सदस्यको रुपमा रहिदिन सहमतिका लागि अनुरोध गर्ने । र त्यस्ता अवकाश प्राप्त पूर्व पदाधिकारी (राष्ट्रसेवक) मध्ये सहमति प्रदान गर्नु हुने व्यक्ति विशिष्ट सल्लाहकार सदस्यको रुपमा रहनु हुने व्यवस्था गरिएको छ ।

(घ) परिषद्मा विशिष्ट योगदान गर्न सक्ने समाजका विविध विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट परिषद्ले विषय विशेषज्ञको रुपमा सल्लाहकार सदस्य मनोनयन गर्नेछ ।

**परिषद्को सभा र कार्य समिति सम्बन्धी व्यवस्था :**

(क) परिषद्को सभाको लागि चार वटै संस्थापक संगठनहरुले ६/६ जनाका दरले समान संख्यामा प्रतिनिधि पठाउनेछन् ।

(ख) तिनै प्रतिनिधिहरुले सम्भव भएसम्म समानुपातिक प्रतिनिधित्व हुने गरी महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सात (७) जना कार्य समिति सदस्यको निर्वाचन गर्ने विधानमा व्यवस्था गरिएको छ ।

(ग) अध्यक्ष मण्डलले आफूमध्येबाटै अध्यक्ष र आवश्यक उपाध्यक्ष चयन गर्ने र अध्यक्ष मण्डलका सबै सदस्य परिषद् सभा कार्य समितिका वरिष्ठ सदस्य समेत हुने भएकाले परिषद्को कार्य समितिमा रहने पदाधिकारी एवं सदस्यहरुको कुल संख्या हाललाई बढीमा १९ सम्म रहने व्यवस्था गरिएको छ ।

(घ) पछि आवद्धता प्राप्त गर्ने अन्य संगठनको स्वरुप र सदस्य संख्यालाई समेत दृष्टिगत गरी सभा, कार्य समिति र अध्यक्ष मण्डलमा रहने प्रतिनिधिको संख्या संस्थापक संगठनका अध्यक्ष मण्डल र कार्य समितिले निर्धारित गर्नेछ ।

(ङ) अध्यक्ष र अध्यक्ष मण्डलका सदस्यहरुबाट अनिर्णित हुन गएको विषयमा कार्य समितिले आवश्यक ठानेमा सल्लाहकार सदस्यहरुमध्येबाट राय लिई अन्तिम टुंगो लगाउने व्यवस्था विधानले गरेको छ ।


Kwality Suppliers Pvt. Ltd.
Kwality Business House Pvt. Ltd.

KWALITY GROUP

**Santosh Shrestha**
Director

98510-17606
+977-14008519
+977-14008520
+977-14008621
kwality@ntc.net.np

GPO Box No.: 1364, Sukedhara, Kathmandu, Nepal.



# सुरक्षा दिवस आजको आवश्यकता


– किशोर कुमार लामा
पूर्व सशस्त्र प्रहरी महानिरीक्षक (का.मु.)
(फ्रिल्यान्स सेक्युरिटी कन्सलट्यान्ट)


सुरक्षा भन्नाले कुनै पनि खतरा, क्षेति, नोक्सान हुनबाट बचाउने कार्यलाई सुरक्षा भनिन्छ । ISECOM (Institute of Security and Open Methodologies) ले सुरक्षा लाई यस प्रकारले परिभाषित गरेको पाईन्छ । सुरक्षा भन्नाले त्यस प्रकारको सुरक्षित विधी हो जसले क्षेति हुने वस्तु र खतरालाई छुट्याईदिन्छ । संयुक्त राष्ट्र संघको भनाईमा सुरक्षालाई राष्ट्रिय रुपमा व्याख्या गर्दा, त्यसप्रकारको अनुकुल परिस्थिती हो, जुन परिस्थितिमा राज्यले विकास र प्रगती गर्न सक्दछ । मानवको उत्पत्ती देखि नै सुरक्षा अभिन्न विषयको रुपमा रहेको सर्व विदितै छ । मानवले **जब खतरा** अनुभव गरे तत्पश्चात सुरक्षाको आवश्यकता महशुस गरेको हो । अन्यथा सदैव सुरक्षित र शान्ती मात्र भएको भए सुरक्षाको आवश्यकता पर्ने नै थिएन । ढुङ्गे युग देखि लिएर वर्तमान आधुनिक युग सम्ममा मानव सभ्यताले सामान्य प्रकारको खतरा देखि लिएर अत्याधुनिक र अकल्पनिय शैलीको प्रयोगबाट उत्पन्न भएका खतराको चुनौतीहरु सामना गर्दै आएका छन् । व्यक्तिगत जीवनको सुरक्षा देखि लिएर समुह, समुदाय, वातावरण, सम्पत्ती लगायतका विविध क्षेत्रमा विभिन्न प्रकारका सुरक्षा व्यवस्था गर्नु परेको तथ्य सर्व विदितै छ । सुरक्षाको निमित्तै खर्बौ बजेट खर्च गरेर विकसित मुलुकहरुले आफ्नो मुलुक तथा मुलुकबासीको सुरक्षाको व्यवस्था गरेको छ ।

प्रत्येक नागरीकको जिउ धनको सुरक्षा गर्नु राज्यको महत्वपूर्ण दायित्व हो । अपराधीक जगतको गतिविधिलाई नियन्त्रण गर्न र सुरक्षित वातावरण निर्माण गर्न प्रत्येक मुलुकको संविधानको प्रस्तावनामा नै उल्लेख भएको पाईन्छ । खतराको जटीलता, खतरा पुर्‍याउने अपराधी जगतको विकृत प्रकारका सोच र आधुनिक प्रबिधीको प्रयोगबाट सुरक्षाको क्षेत्रलाई भईरहेको चुनौती अकल्पनिय र पूर्वानुमान गरेर निर्क्यौल गर्न पनि अत्यन्त कठिन भएको छ । विश्वका प्राय जसो मुलुकहरुको अत्यधिक जनसंख्याको अभिबृद्धि, आवश्यकताहरु, राजनैतिक, वैचारिक मतभेद, असिमित महत्वाकांक्षा, विकसित राष्ट्रहरु विचको आर्थिक पक्षमा भएको प्रतिस्पर्धाले उत्पन्न भएको जटिल परिस्थितीहरु, आतंकवाद, विद्रोह, संगठित अपराधको बढ्दो गतिविधीले गर्दा वर्तमान अवस्थामा सुरक्षाको महत्व र आवश्यकता मानव जीवनको प्राथमिक र नितान्त रुपमा अग्र भागको आवश्यकतामा पर्न गएको छ । सुरक्षाको क्षेत्र असिमित, अत्यन्त जटिल र चुनौतीपूर्ण भईसकेको छ । समाजमा समाजकै सदस्यले समाजकै सदस्यरुलाई आफ्नो स्वार्थ पूर्तिको लागि पिडित बनाएका हुन्छन् । यस प्रकारको जटिल चुनौतीलाई सामना गर्न राज्य र राज्यको संयन्त्रको प्रयासले मात्र सम्भव हुनै सक्दैन । अपराधकर्मीहरुले समाजमा अपराधको भय र त्रास को वातावरण बनाएका हुन्छन् । विश्वसामु वर्तमान वैज्ञानिक युगमा सामान्य प्रकारका चोरी जस्ता अपराध देखि अन्तराष्ट्रिय स्तरको अपराधहरु, आतंकबाद, संगठित अपराध, विद्रोह, बायोलेजिकल हतियारको प्रयोग हुने जस्ता जटिल तथा भयावह बनाउने चुनौतीहरु देखा परेका छन् । राज्यका सामान्य नागरीक देखि उच्च तहका विशिष्ट व्यक्तिहरु,महत्वपुर्ण प्रतिष्ठान, व्यापारिक केन्द्रहरु खतराबाट प्रभावित छन् । खतरा नभएको क्षेत्र बिरलै पाईन्छ होला । तसर्थ खतराले व्यक्ती, परिवार, समाज, राष्ट् लगायत अन्तराष्ट्रिय सबै क्षेत्रहरुमा प्रभाव पारेको छ । खतराबाट सुरक्षित

रहन विभिन्न उपायहरु, माध्यय, विधी र उपकरणहरु प्रयोग गर्ने गरिएको छ। कतिपय घटनाहरुमा सुरक्षा ज्ञानको जानकारी नभएर व्यक्ती, समुदायहरु पिडित भएका हुन्छन्। यसको लागि राज्यले आम नागरीकलाई खतरा बाट बच्न विभिन्न उपायहरु, विधीहरु, प्रयोग गर्ने उपकरणहरुको जानकारी गराई सुरक्षा चेतना प्रदान गर्न सकेको खण्डमा आमनागरीक स्वयं सचेत भई आफ्नो सुरक्षा गर्न आफै प्रोत्साहित हुन सक्दछ। अपराधीलाई अपराध गर्न अनुकुल अवसर आवश्यक पर्दछ। यदि त्यस्तो अवसरहरु बारेमा जन चेतना गराएर अवसरहरु नियन्त्रण गर्न सकेको खण्डमा घटना तथा अपराधहरु रोकथाम गर्न सकिन्छ। अपराध अनुसन्धान भन्दा अपराध नियन्त्रण गर्न सकेमा जन धनको सुरक्षा पनि हुने र राज्यलाई पर्ने आर्थिक, श्रोत परिचालनको भार बाट पनि बचाउन सकिन्छ। सुरक्षा बारेमा सचेतना प्रदान गर्ने कार्य प्रत्येक मुलुकको मुलभूत आवश्यकता भई सकेको छ। अपराध नियन्त्रण कार्यमा आवश्यक पर्ने कुल बजेटको पाँच गुना बढि आर्थिक, मानविय, भौतिक लगायत प्रबिधीको श्रोतहरु अनुसन्धान कार्यमा आवश्यक पर्दछ। तसर्थ अपराध नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन को लागि सुरक्षाकर्मिहरुको प्रतिकारात्मक (Reactive Policing) प्रयासले मात्र अपराध नियन्त्रण कार्य प्रभावकारी नहुने हंदा Proactive Policing अनुसार समाजमा अपराधलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि सुरक्षा चेतनाको अभिवृद्धि र अपराध नियन्त्रण कार्यक्रमहरु लागू गर्न आवश्यक हुन्छ। Prevention is better than Cure. समाजमा जनता र सुरक्षाकर्मिको संयुक्त प्रयासको रणनीति अवलम्बन गर्नको लागि केन्द्रिय स्तरमा राष्ट्रिय अपराध नियन्त्रण परिषद् (National Crime Prevention Council ) गठन गर्न आवश्यक छ। प्रत्येक व्यक्तिले विभिन्न प्रकारको खतरा को स्थितीमा के कस्ता प्रकारका सुरक्षा उपायहरु अवलम्बन गर्नु पर्ने बारेमा जानकारी हासिल नगरी नहुने भई सकेको छ। घरमा अपनाउने सुरक्षा विधी देखि लिएर यात्रा गर्दा, कार्यालय जांदा, भ्रमण गर्दा, चाडपर्व देखि लिएर विभिन्न क्षेत्रहरुमा विभिन्न प्रकारका सुरक्षा कार्यहरु अवलम्बन गरिएको हुन्छ।

यस सुरक्षा दिवस कार्यक्रमले मानव समुदायमा सुरक्षाको महत्व बारेमा विविध कार्यक्रमहरु आयोजना गरेर सुरक्षा चेतना अभिवृद्धि गर्दै सुरक्षित वातावरण श्रृजना गर्नको लागि सुरक्षा चेतनाको आवश्यकता बारेमा राष्ट्रिय लगायत अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रचार-प्रसार गर्दै दिगो शान्ति कायम गराउने भूमिका निर्वाह गर्नु नै सुरक्षा दिवसको मूलभूत उद्देश्य हो। अपराध प्रतिको जनचासो र अपराधको बारेमा जनचेतनाको स्तर अभिबृद्धी गर्नु,अपराध रोकथाममा व्यक्ती स्वयंको अग्रसरतालाई प्रोत्साहित गर्नु,जनसमुदायले प्रयोग गर्न सहज हुने अपराध रोकथामका विभिन्न उपायरु विकास गर्ने वातावरण बनाउनु,अपराध रोकथामको लागि आवश्यक पर्ने समन्वयात्मक प्रयासहरु गर्ने धारणा आम नागरीकमा विकास गर्न आवश्यक देखिन्छ। विश्वका विभिन्न मुलुकहरुमा मानव समुदायसंग प्रत्यक्ष संलग्न हुने सामाजिक, राजनितिक, आर्थिक विषय, क्षेत्र, महत्वपूर्ण घटनाहरु बारेमा विभिन्न दिवस, कार्यक्रमरु आयोजना गरी मनाउने गरीएका छन्। यस प्रकारका कार्यक्रमहरुले आयोजित विषयको महत्व बारेमा प्रकास पार्ने र आमनागरिक लाई प्रशिक्षित गर्ने गरीन्छ। उदाहरणको लागि विभिन्न मुलुकहरुले मुलुकले स्वतन्त्रता प्राप्त गरेको दिनलाई स्वतन्त्रता दिवस, नारी हितको लागि नारी दिवस, मजदुर हितको लागि मजदुर दिवस, बाल बालिकाको लागि बाल

दिवस, संगठन संस्थाहरुको दिवसहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मनाउने गरिएका छन् । यसै गरी सुरक्षाको क्षेत्र, यसको संवेदनशिलता समाजसंगको गहिरो सम्बन्ध, प्रभाव पार्ने असिमित क्षेत्रको कारणहरुले गर्दा सुरक्षालाई पनि दिवसको रुपमा मनाउन उपयुक्त देखिन्छ । जसले गर्दा आमजनमानसमा सुरक्षा बारेमा चेतना अभिबृद्धी गर्ने महत्वपुर्ण माध्यमको रुपमा सुरक्षा दिवस हुन सक्दछ । विश्वमा नेपाल मुलुकबाट प्रारम्भ हुने भएकोले विश्वका अन्य मुलुकहरुलाई पनि सो दिवस मनाउन उत्प्रेरित गर्नेछ । संयुक्त राष्ट्र संघ र ईन्टरपोलमा नेपालको सुरक्षा अंगको तर्फ बाट प्रस्ताव लान उपयुक्त हुने र यसको प्रारम्भले राष्ट्रको गरिमा उच्च हुन गई, विश्वका मुलुकहरुमा एकै दिन सुरक्षा दिवस मनाउने प्रचलन लागु भएमा सुरक्षाको महत्वताको विषय अझ बढी सुदृढ हुन जानेछ । विश्वका सबै मुलुकहरुको सुरक्षा संस्थाहरुको आपसी सम्बन्ध सौहार्दतता र भाईचारामा अभिवृद्धि हुनेछ । सर्व साधारण नागरिक लगायत स्कुल, कलेजका विद्यार्थीहरु लाई सहभागिता गराएर सुरक्षा चेतना अभिवृद्धि गर्न सहयोग हुने र सुरक्षा विषय बारेमा चित्रकला, निबन्ध लेखन प्रतियोगिता आयोजना गर्न उपयुक्त देखिन्छ । सुरक्षाको चेतना अभिवृद्धि भई राष्ट्रले राष्ट्रवासीको लागि सुरक्षा जिम्मेवारी वहन गर्ने राष्ट्रको अङ्ग सुरक्षा निकायहरु प्रति को महत्व थप संवेदनशिल भई सुरक्षा कार्यको महत्व र प्रभावकारीतामा आम मानिसले योगदान गर्न सक्नेछ ।बार्षिक रुपमा यस प्रकारको दिवसमा राष्ट्रको प्रमुख लगायत विभिन्न मन्त्रालयहरु, संस्थाहरु, शैक्षिक संस्थाहरु लाई सहभागी गराएर यसलाई उत्सवको रुपमा मनाईएमा सुरक्षा प्रति राष्ट्रको संवेदनशिलता र राष्ट्रले प्रदान गरेको सुरक्षा महत्व र प्रभावकारिताको प्रचार-प्रसार हुने र ईन्टरपोलको बार्षिक रुपमा हुने मिटिङ्गको समय पारेर सुरक्षा दिवसको उत्सव कार्यक्रम आयोजना भएमा विश्वका विभिन्न मुलुकका सुरक्षा प्रमुखहरु पनि सहभागि हुने हुँदा सुरक्षाको महत्व र सुरक्षालाई प्रभावकारी बनाउनको लागि जन सहयोग र जनसभागिताको महत्वको चेतना अभिवृद्धि हुन जानेछ । सुरक्षा क्षेत्रमा योगदान गर्नेहरु राजनतिक व्यक्तित्वहरु, पूर्व सचिव, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, सुरक्षा विज्ञ, सुरक्षा प्राध्यापक, स्काउट्स, समाज सेवकहरु, महिलाहरुलाई र साहसिक कार्यहरु गर्ने आमनागरिक समेतलाई सम्मान गरिएमा अपराध नियन्त्रण गर्न सामुहिक भावना विकास हुनेछ । सुरक्षा निकायहरुले अपराध र सुरक्षा बारेमा चेतना गराउने प्रदर्शनी र सुरक्षा उपकरणहरुको प्रदर्शन कार्यक्रम आयोजना र अपराध प्रवृत्ती, अपराधीहरुको अपराध कार्यविधी र सुरक्षाका उपायहरु बारेमा गोष्ठी हरु आयोजना गर्न आवश्यक र उपयुक्त देखिन्छ ।

तसर्थ सुरक्षा जस्तो अति गम्भिर र संवेदनशील विषयको महत्वमा प्रभावकारी रुपमा आम जनमानसको चेतना अभिवृद्धी गर्न र सुरक्षामा कसरी सहयोग गर्न सकिने बारेमा जानकारी दिने उपयुक्त माध्यम **सुरक्षा दिवस** हुन सक्दछ । सुरक्षा दिवसको आयोजित कार्यक्रमले आमनागरीकको सुरक्षा प्रतिको जनचासो र चेतनाको स्तर अभिबृद्धी गरेर, आमनागरीकहरु स्वयं सुरक्षित रहन र सुरक्षित वातावरण बनाउन अग्रसर हुनेछन् । परिणाम स्वरुप जिउ धनको सुरक्षा र भयरहित समाज बनाउने राज्य र सुरक्षाका संगठनहरुको दायित्वमा आम जनमानसले प्रभावकारी भूमिका निर्वाह गर्न सक्नेछन् ।

*(लेखक - नेपाल पूर्व सशस्त्र प्रहरी संघका वरिष्ठ सल्लाहकार हुनुहुन्छ ।)*



# विजया दशमी तथा शुभ दिपावली



## २०७१ को

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०७१ तथा नेपाल सम्वत ११३५ को
सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने
समस्त नेपाली बन्धुहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साई सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**Sai Sewa Saving & Credit Co-operative Ltd.**
स्वयम्भू, काठमाडौं, फोन : ४६७०६७०

amrapali

## Amrapali Banquet Catering & Events

Bhatbhateni (Baluwatar Road), Kathmandu, Nepal
Phone : 4428785, Email : amrapalicatering@gmail.com

## Anmol Catering Service P. Ltd.

Thapa Gaun, New Baneshwor, Kathmandu, Nepal
Phone : 4466861, 4477640, Email : anmolcatering@gmail.com

**१००० जनाको सुविधा भएको**
**भरपर्दो सुरक्षा व्यवस्था**
**पर्याप्त पार्किङ्ग सहितको अति स्तरिय आधुनिक ब्यान्क्वेट**



# युवा जगतमा दुर्व्यसनको महामारी र नियन्त्रणको प्रभावकारी उपाय

- शैलेन्द्र कुमार श्रेष्ठ
पूर्व सशस्त्र प्रहरी महानिरीक्षक

**१. परिचय**

लागु पदार्थको प्रयोग नेपालमा परापूर्वकालदेखि सामाजिक, धार्मिक, साँस्कृति र परम्परागत रुपमा विभिन्न अवसर तथा चाडबाडहरुमा प्रयोग हुँदै आएको कुरा हामी सबैलाई अवगत नै छ। सांस्कृतिक परम्परा अनुसार शिवरात्री होली आदि पर्वमा गाँजा, भांग जस्ता लागू पदार्थहरु निकै मनोरञ्जनका साथ प्रयोग भइआएको छ। सोहि अनुसार मादक पदार्थ जस्तै रक्सी पनि नेपाली समाजको विभिन्न जात जाति तथा समुदायहरुमा विभिन्न चाड पर्वहरुमा परम्परागत रुपमा सगुनको रुपमा प्रयोग भइआएको छ। यहाँसम्म कि मादक पदार्थ सेवन गर्नलाई जातैले दिएको भनि गर्व गर्नेहरुको संख्यामा पनि कुनै कमि छैन यहि सबै कारणहरुले गर्दा नेपाली समाजमा मादक पदार्थ सेवन एउटा सामाजिक, धार्मिक तथा सांस्कृतिक परम्परा र आधुनिकताको अभिन्न अंगनै बनिसकेको छ जुन एउटा राष्ट्रको विकास, सुरक्षा र सम्बृद्धिमा खतरा तथा बाधक हो।

**२.** यस प्रकार लागु पदार्थ उत्पादन र सेवन नेपालको सामाजिक परम्परामा नै गाँसिएको छ। यस अवस्थाबाट नेपाल मुक्त नहुने हो भने नेपाल लागु पदार्थको समस्या नेपालमा अति गम्भिर हुन सक्ने र अन्तर्राष्ट्रिय छविमा समेत ठूलो नकारात्मक असर पर्नसक्ने देखिन्छ। हुन त लागु पदार्थको समस्या नेपालको मात्र नभइ विश्व व्यापी समस्या हो। लागु पदार्थबाट कोहि सुरक्षित छैनन्। यस सन्दर्भमा स्पष्ट नीति नियम, कार्यान्वयन र प्रभावकारी अनुगमन हुन जरुरी छ साथै स्कुल र कलेजहरुको पनि नियमित अनुगमन हुनुपर्ने, विद्यार्थीहरुले लागु पदार्थ लिएको नलिएको परिक्षण हुनुपर्ने र शिक्षकहरुलाई समेत लागु पदार्थ सम्बन्धि प्रशिक्षण दिई स्पष्ट जिम्मेवारी तोकिनु पर्दछ। यसलाई समयमा नै रोकथाम र नियन्त्रण गर्न विशेष  पहल र सोच विचार पुऱ्याउन अति आवश्यक छ र समयमै लिइएको सानो सोच र योजनाले भविष्यमा हुने राष्ट्रिय क्षति र दुर्घटनाबाट बचाउन सकिन्छ। विश्वमा धेरै बालबालिका र युवाहरुलाई यसले तहसनहस पारिसकेको छ, कुनै पनि देशका युवाहरु तथा त्यस राष्ट्रको उर्जा शक्तिको रुपमा रहेको हुन्छ तर ति राष्ट्रको शक्ति तथा उर्जाहरुलाई लागु पदार्थको दुर्व्यसनले अनुशासनमा ह्रास आई तथा अन्तमा अस्तित्व नै समाप्ति हुन पुग्दछ। नेपाल पनि लागु पदार्थको दुर्व्यसनी जस्तो समस्याबाट ग्रसित छ, स्कुलमा पढ्ने नाबालिग बालबालिका, किशोर किशोरी देखि कलेजमा पढ्ने युवाहरुसम्म यस लागु पदार्थको दुर्व्यसनी तथा वियर, जाँड, चरोट आदिको कुलतमा लागि आफ्नो बहुमूल्य जिवनलाई नष्ट पारिरहेको परिस्थिति छ, जुन एउटा परिवारको मात्र क्षति नभई समाज तथा राष्ट्रकै क्षति हो यसको लागि बालबालिकाहरुको आमा बुवा संरक्षक स्कुलका शिक्षक समाज र सबै बर्गहरु सचेत तथा जिम्मेवार हुनुपर्ने देखिन्छ। यस्तो प्रवृतिलाई समयमै रोकथाम र नियन्त्रण तर्फ कदम नचाल्ने हो भने लागु पदार्थ दुर्व्यसनी तथा एचआइभी एड्स तथा हेपाटाइटिस वि जस्ता खतरनाक रोगबाट ग्रसित नेपाली किशोर किशोरी र युवा युवतीहरुको संख्यामा बढोत्तरी भई नेपाली समाजमा ठूलो दुर्घटना नपर्ला भन्न सकिदैन।

हाल एक लाखभन्दा बढि लागु पदार्थ दुर्व्यसनीहरु नेपालमा रहेको तथ्याङ्कमा उल्लेखित छ भने संसार भरीमा २० करोड ८० लाख जनता व्यक्तिहरु लागु पदार्थ सेवन गरेको तथ्याङ्कले देखाएको छ। यस्तो विकराल समस्यालाई समयमै साधन, श्रोतको लगानी गरी उच्च प्राथमिकता तय गरी सम्पूर्ण राष्ट्र नै एक जुट भई लागु पदार्थ दुर्व्यसन रोकथाम तथा नियन्त्रणका लागि अभियानको रुपमा गर्नुपर्ने अवस्था रहेको छ। अन्यथा राष्ट्रका युवा शक्ति जाग्नुको सट्टा सुत्ने र निस्कृय हुन गई सम्पूर्ण राष्ट्रको विकास, सुरक्षा र सम्बृद्धिमा असर पर्न सक्ने कुरामा दुई मत हुन सक्दैन।

**३. लागु पदार्थ के हो** कुनै पनि प्राकृतिक वा रसायन वा मिश्रणबाट बनेको बस्तु (औषधी) जसको सेवनले मानिसको केन्द्रिय स्नायु प्रणालीमा (Central Nervous System) प्रभाव पार्नुका साथै प्रयोग कर्ताको भावना तथा सोचाईमा परिवर्तन ल्याउँछ त्यसलाई लागु पदार्थ भनिन्छ। विश्व स्वास्थ्य संगठन अनुसार (World Health Organization) को परिभाषा अनुसार लागु पदार्थ भनेको कुनै पनि किसिमको रसायनिक पदार्थ जुन स्वस्थ (Normal) शरीरको लागि प्रयोग गर्न आवश्यक छैन। लागु पदार्थ सेवनले सामान्य भन्दा बढि उत्तेजना गराउने, सिथिलता गराउने, भ्रम श्रृजना गर्ने, पीडा नास गराउने जस्ता असरहरु देखा पर्दछन्।

**४. लागु पदार्थको असर** वास्तवमा लागु पदार्थ प्राण घातक विष हो। यसको जतिमात्रामा प्रयोग गरिन्छ सोहिमात्रामा यसको असर देखा पर्दछ। थोरै प्रयोग गरिएको खण्डमा उत्तेजना तथा रफतार बढाउँदछ। बढि खाएमा गतिविधीलाई घटाउँदछ र अत्यधिक खाएमा विषको काम गरि मृत्यु सम्म हुन पुग्दछ। त्यस्तै अन्य लागु पदार्थले प्रत्यक्ष रुपमा दिमागमा असर पर्दछ। जसले गर्दा व्यक्तिको धारणालाई बिगार्दछ फल स्वरुप निजले अनौठो र अतार्किक व्यवहार प्रदर्शन गर्दछ साथै वरिपरि के भएकोछ भन्ने कुरा थाहा पाउन सक्दैन। यस अतिरिक्त मानसिक सम्बेदनालाई असर पुर्‍याउँछ र जसले गर्दा सजकतालाई असर पुग्दछ। त्यस्तै रचनात्मक कामकारबाहिमा समेत असर पर्दछ।

विगत केहि दशक यता सुईको माध्यमबाट लागु पदार्थ प्रयोग गरिदै आएको कारणले गर्दा आजकालका युवा युवति, किशोर कशोरीहरु खतरनाक रोग **हेपाटाइटिस बि, तथा एचआइभी एड्स** बाट संक्रमित भएको अवस्था छ र भविष्यमा अझ बढि युवा युवतिहरु यस खतरनाक रोगको जोखिममा रहेकोले लागु पदार्थ दुर्व्यसन एउटा बहुआयामिक समस्याको रुपमा रहि लागु पदार्थ रोकथाम र नियन्त्रण सरकारलाई समेत ठूलो चुनौतिको रुपमा रहेको छ

**५. किशोर किशोरीद्वारा लागु पदार्थ सेवन गर्नुको कारण** किशोर अवस्थाको समय अति नाजुक र जोखिम तथा चुनौतिपूर्ण रहेको हुन्छ। यस अवस्थामा किशोर किशोरीहरुमा आउने मनोबैज्ञानिक कारण जस्तैः नयाँ कुरा जान्ने उत्सुकता, वास्तविकतालाई स्विकार गर्न नसक्ने अवस्था, भावना र आवेगलाई रोक्न नसक्ने अवस्था र मनोबैज्ञानिक संकट, समूहमा घुलमिल हुन खोज्ने, आनन्द लिन खोज्ने, थकान र नैराष्यताबाट मुक्त हुन खोज्ने, आफूलाई बयस्क भएको देखाउन खोज्ने, विद्रोह गर्नको लागि र परिक्षण र अनुभव गर्नको लागि आदि, त्यस्तै आफ्नो साथी संगतको प्रभाव, आफ्नो स्पष्ट पहिचानको कमि, आफू र परिवार भित्रको आन्तरिक कलह जस्ता विविध कारणहरुले गर्दा किशोर किशोरी तथा युवा युवतिहरु लागु पदार्थको दुर्व्यसनमा फस्न पुगेको हुन्छ र यस्ता समस्याहरु हाम्रा समाज भित्र प्रचुर मात्रामा रहेका छन्। नेपालमा विशेष गरि किशोर किशोरी, युवा युवति लागु पदार्थ

तथा मादक पदार्थ दुर्व्यसनमा फस्दै गइरहेको अवस्था छ र यो एउटा फेसन बन्न पुगेको छ । लागु पदार्थको दुर्व्यसनले व्यक्तिको स्वास्थमा, जिवनमा, समाजमा र परिवारको सामाजिक भलाईमा एउटा ठूलो चुनौतिको रुपमा देखा परेको छ ।

**६. सुधारिएको जेल** किशोर किशोरी र युवा युवतिहरु विभिन्न कारण बस लागु पदार्थको दुर्व्यसनमा फस्न गएका हुन्छन् । यी सबैलाई कानुन लागु गर्ने निकायबाट कडा अपराधिकै रुपमा लिने प्रचलन छ तर यस्तो मानसिकताबाट कानुन लागु गर्नु सदा उचित नहुन सक्छ । नियमित रुपमा लागु पदार्थ ओसार पोसार र व्यावसाय गर्ने अपराधीलाई हदै सम्मको दण्ड दिनु उचित हुन्छ तर लहलहैमा लागेर अज्ञानता बस लागु पदार्थ दुर्व्यसनमा फस्ने बालबालिकाहरु तथा युवा युवतिहरु लाई बिरामीको रुपमा लिई उनिहरुको उपचार र शिक्षा दिक्षाको व्यवस्था गर्नुपर्छ र यस्तो कार्यको व्यवस्थापनको लागि सुधारीएको जेल जस भित्र उपचारको व्यवस्था, शिक्षाको व्यवस्था आदिको व्यवस्था हुनुपर्छ र मान्छेलाई सुध्रने अवसर दिइएको खण्डमा उक्त व्यक्ति एक असल जिम्मेवार नागरिक बन्न सक्दछ र यस्तो अवसर मानिसलाई सुध्रनको लागि दोश्रो जीवनको रुपमा दिनुपर्दछ । यस किसिमको जेलको व्यवस्था मित्र राष्ट्र इजरायलमा तथा अन्य देशहरुमा लोकप्रिय हुँदै गएको छ ।

**७. पुनर्स्थापना केन्द्रहरु** नेपालमा भएका धेरै जसो पुनर्स्थापना केन्द्रहरु व्यावसायिक ढंगबाट संचालित छैनन् भौतिक संरचना, उचित तालिम, उचित उपचार, उचित शिक्षाको कमि रहेको छ र यी पुनर्स्थापना केन्द्रहरुलाई उचित तालिम, र आवश्यक सहयोग पुऱ्याइएमा गुणात्मक सेवा पुऱ्याउन सक्ने कुरा निर्विवाद छ साथै यिनीहरुको नियमित अनुगमन हुनु पर्दछ । नेपालमा केही रहेका गुणस्तरीय पुनर्स्थापना केन्द्रहरु अत्यधिक खर्चिलो छ र व्यापारिक ढंगबाट संचालित गरिएको छ जहाँ निम्नस्तर र गरिव निमुखाहरु लाई सेवा प्राप्त गर्न असम्भव छ यस अवस्थामा गरिव र निमुखाहरुले पनि पुनर्स्थापना केन्द्रको सेवा पाउन सक्ने किसिमले पुनर्स्थापना केन्द्र सम्बन्धी व्यवस्थापन र संचालन गर्ने किसिमले नीति नियम बन्नु पर्दछ ।

**८. बालबालिकालाइ दुर्व्यसनमा पर्न नदिने कार्यमा अविभावक, आमा बुवा र शिक्षकको भूमिका**

आफ्ना सन्तति तथा बालबालिकाहरुलाई स्याहार संभार र शिक्षित बनाउने कार्यमा आमा बुवा र अविभावकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वास्तवमा भन्नुपर्दा घर नै बच्चाहरुको लागि पहिलो स्कुल हो र आमा बुवा नै बच्चाहरुको लागि पहिलो शिक्षक पनि हो । आमा बुवाले बच्चालाई सिकाउने मात्र होइन कि कुन समयमा कस्तो कार्य गर्नुपर्छ भन्ने बारेमा काम गरेर पनि देखाउँछ । कुनै पनि कुरामा अति गर्नुपनि राम्रो हुँदैन । बच्चाहरुले आफ्नो बाल्यकालको अनुभवहरुलाई बिर्सन गाह्रो हुन्छ र कुन बच्चा भविष्यमा कस्तो हुने भन्ने कुरा उसको लालनपालन कसरी गरिएको हुन्छ त्यसमा भरपर्छ । आमा बुवाले बोलेको कुरा भन्दा आमा बुवाले गरेको कुरामा बच्चाहरुको ध्यान बढि जान्छ किनकि बालबालिकाहरुले सुनेको कुरा भन्दा देखेको कुराबाट बढी सिक्छन् । एउटा मादक पदार्थ र धुम्रपान अत्यधिक सेवन गर्ने आमा बुवाहरुले आफ्ना बालबालिकालाई जाँड, रक्सी र चुरोटजन्य पदार्थ सेवन नगर भन्न सक्दैनन् त्यसैकारणले बाबु आमा आफ्ना बालबच्चाको लागि उदाहरणीय नमूना बन्न सक्नु पर्दछ ।

आमा बुवा तथा अविभावकहरुले आफ्ना बाल-बालिकासँग निम्न किसिमको व्यवहारहरु अपनाउन सकेमा लागु पदार्थको दुर्व्यसनबाट बचाउन सक्ने ठूलो सम्भावना रहन्छ ।

क) आफूलाई प्राप्त थोरै समयलाई पनि अधिकतम् सदुपयोग गरी बालबच्चाहरुलाई गुणात्मक समय दिने ।

ख) मौका पाएको बखतमा आफ्ना बालबच्चाहरु संग खुला रुपमा कुराकानी गर्न पछि नपर्ने ।

ग) आमा बुवाले आफ्ना भावनाहरु बच्चालाई व्यक्त गर्ने र आफ्ना समस्या समेत बताउने ।

घ) आमा बुवाले आफ्ना बच्चाहरुले भनेको कुरा राम्रोसँग सुन्ने र बच्चाहरुलाई विभिन्न समस्याहरुको बारेमा प्रश्न सोध्न लगाउने र परेको समस्यालाई सहयोग गर्न तत्पर रहने ।

ङ) आफ्नो बच्चाहरुलाई लागु पदार्थ तथा मादक पदार्थको असर र बेफाइदाहरुको बारेमा बताउने ।

च) आफ्ना बाल बच्चाहरुको साथी संगत कस्तो छ बुझ्ने प्रयास गर्ने र गलत साथी संगतलाई त्याग्नुपर्छ भन्ने बारेमा बताउने ।

छ) गलत साथी संगतको बहकाउमा आउन हुन्न भन्नेबारेमा बताउने ।

ज) आफ्ना बाल बच्चाहरुलाई निस्वार्थ रुपमा माया गर्छुभन्ने बारेमा बुझाउने ।

झ) आफ्नो कुराहरुलाई मात्र बच्चाहरु माथी नथुपार्ने ।

ञ) बच्चाहरुलाई सम्झउँदा बुझाउँदा बच्चाहरुले बुझ्ने भाषामा बुझाउने ।

ठ) बच्चाहरुलाई आफ्नो विचारहरु भन्न प्रोत्साहन गराउने ।

ड) बच्चाहरुलाई गलत काम गर्‍यो भने त्यसको नतिजा गलत हुन्छ भन्ने बारेमा परिस्थितीको श्रृजना गरी कथाको बारेमा बताउने प्रयास गर्ने ।

ढ) बच्चाहरुलाई होच्याउने शब्दहरु प्रयोग नगर्ने र बच्चाहरुबाट आमा बुवाहरुको अपेक्षा के छ भन्ने बारे स्पष्ट रुपमा बताउने ।

ण) लागु पदार्थ नराम्रो हो भन्ने कुरा स्पस्ट रुपमा बताइ राख्ने ।

थ) बच्चाहरुले गरेका टिकाटिप्पणीहरु बारेमा आमा बुवाले राम्रोसँग ध्यान दिएको छ भन्ने बारे विश्वास दिलाउने ।

द) बच्चाहरुलाई आमा बुवाले सधै सहयोग गर्न तत्पर छ र उसले गरेको राम्रो निर्णयलाई समर्थन गर्छ भन्ने कुरा विश्वास दिलाउने ।

ध) बच्चाले मादक पदार्थ सेवन र लागु पदार्थ बारे कुनै पनि कुरा गर्छन् भने त्यसमा आफूमा पनि सहभागी हुने ।

न) बाबु आमाले विगतमा मादक पदार्थ तथा लागु पदार्थ सेवन गरेको रहेछ भने सो बारेमा इमानदारितापूर्वक बताउने र त्यसबाट आफूलाई परेको शारीरिक तथा भावनात्मक असरहरु बताउने ।

प) आफ्नो साथी संगत बाट पर्न सक्ने दवाव बारेमा आफ्ना बच्चाहरुलाई पूर्व सचेत गराउने ।

फ) आफ्ना बाल बच्चाहरुलाई आफ्ना साथी संगतले दिन सक्ने नकारात्मक दवावबाट आफू बच्नुपर्छ भन्नेबारेमा बताउने ।

ब) बच्चाहरुसँग कुराकानी गर्दा टेलिभिजन, रेडियो, गित, कम्प्युटर, भिडियो गेम र अन्य ध्यान विकृत गर्ने कुराहरु नगर भन्ने ।

भ) बच्चाहरुसँग कुराकानी गर्दा बच्चा जस्तै भई कुराकानी गर्ने नतर्साउने ।

म) एक पछि अर्को विषय पालैपालो गरी कुराकानी गर्ने ।

य) आमा बुवाले आफ्ना बालबालिकाको गतिविधि र व्यवहार बारेमा निगरानी र अनुगमन गर्ने ।

र) आफ्नो बालबच्चालाई गलत काममा स्पस्ट

रुपमा नाई भन्न सिकाउने ।

ल) आफूले बोलेको र गरेको काममा एकरुपता ल्याउने ।

व) लागु पदार्थको गलत असरहरु बारे आफ्नो बालबच्चाहरुसँग कुरा गर्ने ।

श) परिवार भित्र स्पष्ट नियम बनाउने र त्यसमा अडिग रहने ।

ष) बालबच्चाहरु संग साथमै खाने र कुरा कानी गर्ने ।

स) राम्रो मित्रहरु बनाउनको लागि प्रेरणा दिने

ह) जिम्मेवारिताको महत्वबारेमा बालबच्चालाई बताउने ।

क्ष) राम्रो मित्रले गलत कुरा गर्न सिकाउँदैन भन्ने बारे सिकाउने ।

**९. लागु पदार्थ दुर्व्यसन रोकथामका लागि सन्तुलित समन्वयात्मक विस्तारित रणनीति** यस्तो गम्भिर समस्यालाइ रोकथाम र निराकरण गर्नको लागि कुनै पनि निकाएले एक्लै रुपमा काम गरी उपयुक्त नतिजा निकाल्न सम्भव हुँदैन यसको लागि आवश्यक साधन र श्रोत सहित सन्तुलित र समन्वयात्मक ढंगबाट परिचालित प्रधान मन्त्रीको कार्यालय लगायत सम्बन्धित गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, समाज कल्याण मन्त्रालय र रक्षा मन्त्रालय लगायत, नागरिक समुदाय, नगरपालिका तथा गा.वि.स. र गैर सरकारी संस्थाहरुको प्रभावकारी सहभागीताबाट संचालित विस्तारित लागु पदार्थ दुर्व्यसन तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम र नियन्त्रणको रणनीति अपनाई विभिन्न कार्यक्रमको साथ सम्पूर्ण राष्ट्र नै एक जुट भई राष्ट्र भरी नै एउटै खालको नीति लागु गरि रोकथाम, तालिम, उपचार, पुनर्स्थापना र कानुनको परिपालना गर्ने कार्य गरिएको खण्डमा यस बिकराल समस्याबाट नेपाली समाज मुक्त भई राष्ट्रिय विकास र सम्बृद्धिमा अघि बढ्न सक्ने देखिन्छ । यसको लागि हाल गृह मन्त्रालयमा भएको संयन्त्रलाई अझ प्रभावकारी, समन्वयित र विस्तारित गरि कार्य संचालन गरिएको खण्डमा अझ उत्कृष्ठ नतिजा आउने कुरामा दुई मत छैन । यस सम्बन्धमा मित्र राष्ट्र इजरायल तथा अन्य पश्चिमी मुलुकहरुले अपनाएको Comprehensive Approach to Drug Control को उदाहरणलाई लिन सक्छौं जसमा प्रधान मन्त्रीको कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ मन्त्रालय, समाज कल्याण मन्त्रालय, परराष्ट्र मन्त्रालय लगायत नगरपालिका तथा अन्य गैर सरकारी संस्थाहरु सबै सन्तुलित र समन्वयित भई लागु पदार्थ दुर्व्यसन रोकथाम तथा नियन्त्रणका लागि युद्धकै रुपमा लागि परिरहेको र सोहि अनुसार लागु पदार्थ रोकथाम र नियन्त्रणमा उत्कृष्ठ नतिजा हासिल गर्नु हाम्रो समाजको लागि अनुकरणीय उदाहरण हुन सक्दछ ।

**१०. निष्कर्ष**

युवाहरु देशका शक्ति हुन् र युवाहरु नै राष्ट्रका भविष्य हुन् त्यसकारणले किशोर किशोरी, युवा युवति र बालबालिकाहरुलाई लागु पदार्थ दुर्व्यसनीबाट बचाउन राज्यको एउटा महत्वपूर्ण दायित्व हो । लागु पदार्थ दुर्व्यसन रोकथाम र नियन्त्रणको लागि राज्यले खर्च गरेको साधन र श्रोत कहिले पनि त्यसै खेर जाँदैन बरु यसबाट राज्यलाई राज्यको विकास र सम्बृद्धीमा अत्यधिक रुपमा फाइदा नै पुऱ्याएको हुन्छ त्यसैले लागु पदार्थ रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा आम जनतालाई शिक्षित बनाउने जनचेतना जगाउने र यस सम्बन्धमा सरकारले यस कार्यलाई विशेष महत्व र प्राथमिकता दिई प्रभावकारी ढंगबाट कार्यक्रम संचालन गरीएको खण्डमा यसले समाजमा निश्चय नै ठूलो परिवर्तन ल्याउन सफल हुन सक्दछ । यसको

लागि सरकारी निकाय मात्रै प्रयाप्त नहुन सक्दछ। यसको लागि सम्पूर्ण गैर सरकारी संस्था, नागरिक समाज, नगरपालिका तथा गा.वि.स. लगायत सम्पूर्ण शैक्षिक संस्थाका शिक्षकहरु अभिभावकहरु बालबालिकाका, आमा बुवाहरु सकृय तथा एक जुट भई आफ्नो-आफ्नो स्थानबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। यसको लागि विभिन्न मन्त्रालय तथा, बिभिन्न कार्यालयहरु बीच आपसी समन्वय तथा समजदारीको आवश्यकता हुन्छ। राष्ट्रका बहुमूल्य धरोहरका रुपमा रहेका किशोर किशोरी, युवा युवती र बालबालिकाहरुलाई लागु पदार्थ तथा मादक पदार्थको दुर्व्यसनबाट बचाई राष्ट्रको विकास र सम्बृद्धि लगायत सुन्दर भविष्य सुरक्षित गर्नको लागि विश्वका अन्य मुलुकहरुले समेत सफल रुपमा अपनाएका लागु पदार्थ विरुद्धको अभियानमा प्रयोग हुने रणनीतिहरु तथा कार्यक्रमहरु नेपालले पनि तर्जुमा गर्नुपर्ने हुन्छ अनिमात्र लागु पदार्थको यस गम्भिर महामारीबाट राष्ट्र मुक्त हुन सक्ने कुरामा दुई मत हुन सक्दैन। यसको ज्वलन्त उदाहरणको रुपमा मित्र राष्ट्र इजराएललाई लिन सकिन्छ जहाँ लागु पदार्थ विरुद्धको लड्नको लागि IADA (Iserel Anti Drug Authority-1988) को स्थापना भएको थियो र यस राष्ट्रिय अभियानमा प्रधानमन्त्री कार्यालयको पहलमा र गृह मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, समाज कल्याण मन्त्रालय, परराष्ट्र मन्त्रालय, नगरपालिका आदिलाई लागु पदार्थ नियन्त्रण र व्यवस्थापन सम्बन्धी विशेष जिम्मेवारी तोकी अन्य गैर सरकारी संस्थाहरु समेतको संलग्नतामा सन्तुलित र समन्वयात्मक ढंगबाट काम गर्ने गरिएको छ र थोरै समयमानै यस रणनीतिले इजराएलमा उत्कृष्ठ नतिजा हासिल गरेको थियो र यो रणनीतिलाई अन्य पश्चिमी मुलुकहरुले समेत केहि हेरफेरको साथ अनुशरण गरिरहेका छन्  र नेपालको लागि पनि यो उदाहरण अनुकरणीय हुन सक्दछ। यस परिपेक्ष्यमा लागु पदार्थको विकराल समस्यालाई समयमै पहिचान गरी विशेष प्राथमिकताका साथ साधन र श्रोत छुट्याई प्रभावकारी कार्यक्रम र नीति तय गरी लागु पदार्थ विरुद्धको अभियानमा राष्ट्र एक जुट भई अगाडि बढ्नु अहिलेको आवश्यकता हो र यसै बाट मात्र लागु पदार्थ दुर्व्यसनबाट राष्ट्रका युवा शक्तिहरु क्षत विक्षत हुनबाट संरक्षित हुने र राष्ट्रको विकास र सम्बृद्धि सम्भव हुनेछ।

*(लेखक - नेपाल पूर्व सशस्त्र प्रहरी संघका वरिष्ठ सल्लाहकार हुनुहुन्छ।)*


**हाम्रा सेवाहरू**

- ★ मोवाइल
- ★ क्यामेरा
- ★ ल्यापटप कम्प्युटर
- ★ डेस्कटप कम्प्युटर
- ★ टिभी
- ★ रेफ्रिजेरेटर



**श्रीकृष्ण इलेक्ट्रोनिक्स सप्लायर्स**

**थापाथली, काठमाडौं, फोन : ०१-४२५३७७४, ९८५१०३४५१०**



# अवकाश पछि पनि कसरी सुखी भएर बाँच्ने ?

- रविराज थापा
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (अ.प्रा.)

सशस्त्र प्रहरी बलमा पनि दिन दिनै अवकाश प्राप्त गर्ने हरुको शंख्या बद्दै छ । यसमा जागिरको दौरानमा कसले जीवन भर पुग्ने गरी जुगार गरेका होलान, कसैले सन्तान दर - सन्तनको लागि पनि पुग्ने गरी भने कसैले पेन्सनले पुग्ने गरी भने कसैले पेन्सनले नपुगेर कहां जाउं कसो गरु भन्ने अवस्थामा पनि पुगेका होलान । तर हिजो जागिरमा छं दा कि त अरुलाई पेल्ने अह्राउने कि त आफू नै पेलिने बानीको अन्त्य भएपछि न पेलिने न पेलाउने भएपछि जिवनमा सुख र खुसी नै सबै सखाप भएजस्तो लाग्न पनि सक्छ । तर हाम्रो जीवनको एक निश्चित समयमा गएर युनिफर्म लगायौं भने केही वर्ष पछि यो युनिफर्मसंग बिदाबारी हुनुलाई कसैले साधारण रुपमा लिने गर्छन् भने कसैले प्राणै गय सरी । कोही जागिर सिद्धिनासाथ अर्को जागिरको धुनमा हुन्छन भने कोहि लट्टक भएर बस्न रुचाउलान भने कोही भुलक्कड त कोही पियक्कड भएर ।

तर अवकाश प्राप्त गरिसकेपछि पनि जीवन जस्ताको तस्तै हुन्छ यदी बांच्न जानेमा । यहाँ त्यस्तै केही उपायहरु बारे चर्चा गरिन्छ जसलाई अपनाउन सकेमा रिटायर्ड जीवन पनि सुखी जीवनकोलागि शार्थक शिद्ध हुन सक्छ :

**उपाय १ - बुढा बुढीको हातेमालो**

जागिरको समयमा तपाईंले जहान परिवारसँग कती समय संग संगै बिताउन पाउनु भयो रु उनलाइ पकाउन, तरकारी केलाउन सिक्नु पयी अब । यसले उनलाई खुसी बनाउँछ र उनी खुसी बएपछि आफूलाई पनि खुसी र रमाईलो लाग्ने त भैहाल्यो । सुरु सुरुमा त यस्तो काम गर्न झकी लाग्ला तर केही समय पछि बानी बस्छ र दुबै जना व्यस्त र मिठो मिठो खायर खुसी बएर जीवन बिताउन पाईन्छ ।

**उपाय २ - पैसा कमाउने मन भए**

जागिरको दौरानमा केहि कमाईयो पनि होला र केही बचेको पनि होला । तर पनि मानिसलाई पेसा भनेको कहिल्यै गन्हाउँदैन । तर मानिसले चाह्यो भने अवकाश लिई सकेपछि पनि केही कमाउन सक्छस तर ठूलो शाहुजी भएर भने होईन । हुनत धेरैको पेन्सनले खान पनि पुग्दैन र केही न केही नगरी त धरै छैन । यसैले महिनावारी चलाउन घर बारी र कौसी वा करेसोमा तरकारी लगाउने देखि हस्तकला, कुखुरा पालन, च्याउको खेती देखि पशुपालन पनि गर्न सकिन्छ । बाबुले गरे बाजेले गरे भने आफूले गर्न किन नहुनेरु यसमा तपाई रमाउन सक्नु भो भने गाउं घरको तास र रक्सीको कुलतबाट पनि टाढै बस्न सकिने भो र घरमा केही आम्दानी पनि हुने भो, छोरा छोरी ले सकारात्मक जीवन को शिक्षा पाउने कुरा त अती नै उत्तम हुने भो । आम्दानी र परिवारसंगै काम गर्दा रमाईलो नहुने त कुरै भएन ।

**उपाय ३ - आफूलाई मन पर्ने कुराहरुको लिष्ट बनाउनुहोस**

एक पन्ना कापी र कलम लिनुहोस । लेख्नेमा रुची छ भने त डायरी नै लिय पनि के भो र । अनी आफूलाई गर्न मन लाग्ने र मन नपर्ने सबै कुराहरुको लिष्ट बनाउनुहोस । कसैलाई पढन मन पर्ला, कसैलाई पढाउन, कसैलाई गाउन मन लाग्ला त कसैलाई गित सुन्न । कसैलाई खेल्न मन लाग्ला त कसैलाई खेलाउन । कसैलाई मर्निङ वाक र योगा मन पर्ला त कसैलाई ईभिनिङ वाक । अनी समूह बनाउनु होस्,मन र कुरा मिल्ने साथी बटुल्नुहोस । अनि त्यस्ता साथीसंग योजना बनाउनुहोस् र क्यालेण्डरमा चिनो लगाउनु

होस । किनकि तपाईका छोरा छोरी आफ्नै धुनमा होलान । उनिहरुसंग तपाईंको लागि फुट्टी पनि समय नहुन सक्छ ।

**उपाय ४ – भुरा भुरी लाई दिनमा कमसे कम दुई घन्टा समय दिउं**

पेन्सनमा बस्ने बेलासम्म त बुढ्यौली ले नछोय पनि उमेर त छिप्पिसकेको हुन्छ । त्यसबेलासम्म त आफूसँग यती अनुभव भैसकेको हुन्छ की आफ्नो आनुभव स्कुले केटा केटोको लागि त ठूलो ज्ञान र मनोरञ्जनको बिषय हुन सक्छ । यसबाट कमाई नहोला तर रमाईलो र आनन्द भने अवस्यै हुन्छ । फेरी केटाकेटीलाई पढाउँदा आफूले पनि केही सिकिन्छ, जानिन्छ । यसमा सेमिनार प्रस्तुती गर्दा झन ज्ञानबर्धक र रमाईलो पनि हुन्छ । नभए घरका वा छिमेकीका केटा केटीलाई यस्तो समय दिए पनि अझ राम्रो हुन्थ्यो ।

**उपाय ५ – दिनमा कम्तीमा एक दुई घण्टा पढने बानी बसालौं**

दिनमा एक दुई घण्टा कुनै पनि प्रकारको किताब पढने बानी बसालौं । यसले एकदम ज्ञानमा बृद्धी पनि हुन्छ र आफ्नो ज्ञान र बिचार शक्तीमा बृद्धी पनि हुन्छ । यसको अर्को अदृष्य फाईदा भनेको घरमा आफूले पढ्ने बानी बसाल्यो भने घर परिवारका अन्य सदस्यहरुमा पनि पढने बानि बस्न जान्छ । हुनत बिश्वका सबै किताब पढि साध्य हुँदैन तर पनि आद्यात्मिक, मूल्य र मान्यताका किताबका साथै जीवनोपयोगी पुस्तकहरु पढन पैसा पनि धेरै लाग्दैन र यसले आनन्द दिनुको साथै शान्ति पनि दिन्छ । पढने बानी बसेपछि यदि सकिन्छ भने लेख र किताबसम्म पनि लेखेर प्रकाशित गर्न सकिन्छ । यसरि लेख्दा लाखौंले तपाईको लेख पढन पाउँछन त तपाई त्यसै परिचित र प्रख्यात पनि हुन सक्नु हुनेछ । अहिले त फेसबुकमा लेख्ने बानी बसालेमा झन छिटो छिटो साथी बनाउन पनि सकिन्छ ।

**उपाय ६ – सगित सुन्ने, समाचार सुन्ने**

यस्तो काम जीवनमा सक्रीय गतिविधि गर्दा गर्दै पनि सम्भव छ । जस्तो बिहान मर्निङ वाक गर्दा एफ एम बाट समाचार, धार्मिक कार्यक्रम र सँगित, अन्तरवार्ता सुन्ने । म्युजिक च्यानल देखि लियर धार्मिक र अनेक च्यानल मा २४ घन्टै रेडियो सुन्न सकिन्छ ।

**उपाय ७ – स्वदेश र बिदेशको भ्रमण गर्ने**

यो संसार अति शुन्दर छ । मन परेको ठाउं मा एक्लै घुम्न जानोस, साथीहरुसंग जानुस, तर अवश्य घुम्नुहोस । पहिलेका ऋषी मुनिहरुले एकबर्षको कम्तिमा एक चौथाई समय घुमेर बिताउने कडा नियम नै बसालेका थिय रे । धुम्दा स्वास्थ्य र ज्ञान दुबै आर्जन हुन्छ । नया ठाउँ देखिन्छ । ताजगीको अनुभव गरिन्छ । आजभोलि हरेक खालका यात्राका सुबिधाहरु छन् । बिश्वनै सानो भै सक्यो । सस्तोमा प्याकेजमा ग्रुप बनाएर तिर्थ यात्रा पनि गर्न सकिन्छ ।

**उपाय ८ – सामाजिक संजाल को बिकास गर्नुस, समाजको सेवा गर्नुस**

अचेल नेपालमा पनि सामाजिक बागमती सफा गर्ने देखि लियर बिभिन्न धार्मिक सामाजिक संजाल ले दिनै पिच्छे कार्यक्रम र सकारात्मक गतिविधी गरिरहेका हुन्छन् । त्यस्तोमा भागलिन धेरै खर्च पनि नलाग्ने र आफ्नो समय पनि सकारात्मक कुरामा खर्च हुने हुनाले नेपाली समाजमा पनि यसको आकर्षण दिन दिनै भढदो छ ।

यसैले आउनुहोस आफूले आफैलाई पुरानो सडेको र बासी नबनाउनुहोस ।

अवकाश भयो भन्दैमा केही बितेको छैन । अन्तीम श्वाश रहेसम्म जीवनले अवकाश पाएको हुन्न । युनिफर्म छोडदैमा जीवनछोडेको मान्ने हरुलाई जिउदै अर्धमृत घोषणा गरिदिए हुन्छ ।

(शाभार : हाउ टु इन्जवय लाईफ आफ्टर रिटायरमेन्ट)

*(लेखक - नेपाल पूर्व सशस्त्र प्रहरी संघका सल्लाहकार हुनुहुन्छ ।)*




*"हाम्रो एप्पल मिठो प्रतिफल..............."*

# एप्पल

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**सुकेधारा-४, काठमाण्डौं, नेपाल, पि.ओ.बक्स.:१३६८**

**फोन/फ्याक्स नं.: ०१-४००८५८७**

E-mail: applecoop2065@gmail.com



# ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गरौं

– छत्रबहादुर प्रधान
सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (अ.प्रा.)
आजीवन सदस्य-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

ज्येष्ठ नागरिकहरु आफ्ना छोराछोरी,नातिनातिना बिशेष गरि आफ्नै वरिपरि बसुन भन्ने इच्छा राख्दछन्। तर आजका युवा पुस्ता उच्च शिक्षा र रोजगारको लागि गाउँबाट शहर र शहरबाट बिदेशीने क्रम बढदो छ। जस्को कारणले आजका ज्येष्ठ नागरिकको जिवन एक्लिन बाध्य भएको छ। घरमै भएका छोरा छोरी र आफन्तबाट पाउनु पर्ने जति माया स्याहार सुसार पाउन सकेको देखिदैन। उनीहरुले आफु उपेक्षित र तिरस्कृत भएको मानेका छन्। प्रत्येक घरका आमा बुबाले आफ्नो सन्तानबाट न्यानो माया र आदर सत्कार पाउन सकुन र हरेक सन्तानले आ - आफ्नो आमा बुबाको लागि मन फुकाएर सेवागर्न सक्ने बताबरण बनाउन सफल हुन्।

आज ज्येष्ठ नागरिकका समस्या र आवश्यकताले घर परिवारको ध्यान आकृष्ट गर्न नसकिरहेको अवस्था छ। यथार्थमा भन्नु पर्दा बुढापाका व्यक्तिहरू अहिले ज्यादै उपेक्षित र तिरष्कृत भएको अनुभव गरिरहेका छन्। राज्यबाट प्रतिपादित ऐन कानुन बनेको ८/९ बर्ष बितिसक्नुको साथै सम्मानीत सर्वोच्च अदालतबाट परमादेश जारी भैसकेको करिव दुई बर्ष भैसकेको अवस्थामा समेत ज्येष्ठ नागरिकले पाउने सुविधाबाट वंचित भईरहनु परेको छ। अब वन्ने संविधानमा महिला, बालबालिका, दलित एवं अन्य सीमान्तकृत वर्ग र जाति वारे उल्लेख भएको कुरा सह्रानीय छ। अब बन्ने नयाँ संविधानमा ज्येष्ठ नागरिकहरूका हक एवं सुरक्षाका विषयहरूलाई एकीकृत गरी छुट्टै धारामा समावेश गरियोस् भन्ने माग प्रति देखाइएको उपेक्षाभाव प्रति हामी खेद प्रकट गर्दछौं। पहिलो संविधान सभाले विभिन्न विषयगत समितिहरू बनाएर संविधान लेख्नका निम्ति, राय,सुझाव संकलन गरिरहेको समयमा समेत ज्येष्ठ नागरिका हक, हितका निम्ति कार्य गर्दै आएका संघ संस्थाहरूलाई बोलाएर राय सल्लाहा लिने काम भएको थिएन।

ज्येष्ठ नागरिक राष्ट्रका अमूल्य नीधि हुनु, तिनको संरक्षण र संवर्धन गर्नु पर्छ भन्ने भावना नया लेखिने संविधानमा समेटीनु पर्ने आजको मुख्य आवश्यकता हो। ज्येष्ठ नागरिकको कला, कौशल, ज्ञान र अनुभव मुलुकको विकास निर्माणमा निरन्तर प्रयोग गर्नु पर्ने राष्ट्रको दायित्वलाई कानूनले बाँधेर नियमन गर्न पनि संविधानले नै व्यवस्था गरे मा सम्भव देखिन्छ। जागिरबाट अवकाश पाएपश्चात सरकारले ज्येष्ठ नागरिकको खोजी र चासो गर्ने परम्परा ठ्याम्मै नभएकोले पनि संविधानमै त्यस्तो व्यवस्था आवश्यक देखिएको हो। असहाय, गरिव र निमुखा ज्येष्ठ नागरिकको सुरक्षार्थ केहि बृद्धाश्रम खोलिदिएर आफ्नो जिम्मेवारी पूरा भएको सम्झिने राज्य संयन्त्रलाई ठीक बाटोमा ल्याउन पनि ज्येष्ठ नागरिकका सवाल र सुरक्षालाई नयाू बन्ने संविधानले समेट्नै पर्ने देखिन्छ। अन्यथा लाखौं असहाय, गरिव, निमुखा र अशक्त ज्येष्ठ नागरिकले कहिल्यै न्याय नपाउने निश्चित छ। केहि सिमित असहाय एवं अशक्त ज्येष्ठ नागरिकले सरकारी बृद्धाश्रममा स्थान पाईहाले पनि अधिकतम्ले सडक गल्लीमै मृत्यु बरण गर्नु पर्ने निश्चित छ। स्वास्थ्योपचारको अभावले असहाय र गरिव ज्येष्ठ नागरिकले अति कष्टपूर्ण जीवन जिउदै मठ मन्दीर र गल्ली चोकमा भिख र सहयोगको हात पसार्दै मृत्यु पर्खनु पर्ने वाध्यता छ। त्यो अमानविय वाध्यता समाप्त पारेर राज्यलाई उनिहरूप्रति उत्तरदायी बनाउनका निम्ति पनि ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र न्यायको सवाललाई नयाँ संविधानमा स्पष्ट रुपले किटान गरिनु पर्छ। बुढयौलि अभिषाप नभएर प्राकृतिक

बरदान हो, र यसको सदुपयोगबाट राष्ट्रोन्नतिमा अतुलनिय टेवा पुग्छ भन्ने कुरा सरकारलाई बोध गराउन संविधान भन्दा गतिलो माध्यम अरु नहुन सक्छ । मानिस जन्मेपछि सबैले बुढो हुनैपर्छ र सबैको बुढयौली अनुभूति समान नै हुन्छन् । त्यसैले संविधान लेखनमा लाग्नेहरू सबैले आफू पनि बुढो हुन्छु र त्यो बुढयौलीमा राज्यको तर्फबाट के कस्ता सुरक्षा चाहिन सक्छन्, त्यस सम्बन्धमा सोचेर अलिकति गम्भिर भैदिन मात्र यो लेखकको आग्रह हो । सरकारी जागीरे, उद्योग व्यवसायी र व्यापारीहरूको बुढयौली निश्चय पनि राज्यको सुरक्षाको प्रार्थमिकता नहुन सक्छ । तर सिमान्तकृत गरिव, असहाय र निमूखा आम नेपालीलाई केन्द्रमा राखेर संविधान निर्माताले ज्येष्ठ नागरिकको सवाललाई लिन र हेर्नुपर्छ भन्ने पनि यो लेखकको विशेष आग्रह हो ।

ज्येष्ठ नागरिकको सवाललाई नया़ संविधानले मौलिक हक अन्तर्गत राख्नु पर्छ । जीवन भरी कमाएको सम्पत्ति बुढयौलीको रक्षार्थ राख्न पाउनु पर्ने कानूनी अधिकार ज्येष्ठ नागरिकलाई राज्यले दिएमा केहि हदसम्म राज्यलाई त्यो दायित्व कम हुने हुन्छ । त्यसैले आफूले कमाएको चल अचल सम्पत्ति आफ्नो सन्तानलाई अंशको रुपमा दिनै पर्ने वाध्यकारी कानूनी व्यवस्था हटाएर बृद्धअवस्थामा स्याहार सुसार र हेरचाह गर्नेले मृत्योपरान्त पाउने व्यवस्था गर्दा ज्येष्ठ नागरिकको जीवन सरल र सुखदायी बन्न सक्छ । यस वाहेक राज्यले नै अग्रसर भएर ज्येष्ठ नागरिकको सुरक्षा र न्यायका निम्ति आहिले दिइरहेको बृद्धभत्तालाई क्रमश बृद्धि गर्दै जानु आवश्यक देखिन्छ ।

यसै सिलसिलामा ज्येष्ठ नागरिकलाई सामाजमा सम्मानित स्थान दिलाउन प्राथमिक शिक्षा देखिनै वालवालिकालाई चेतना अभिबृद्धि गर्नु आवश्यक हुन्छ । त्यसका निम्ति उचित पाठ्यक्रमको तर्जुमा गर्नु राज्यकै दायित्वको कुरा हो । अवकाश प्राप्त ज्येष्ठ नागरिक, व्यवसायी, जागिरे, बैज्ञानिक र कुशल इन्जीनियरहरूबाट राज्यले उनिहरूको ज्ञान, अनुभव र सीपलाई राज्यको धरोहर सम्फदै जीवन भरी र शरिरले साथ दिउञ्जेल प्रयोगमा ल्याउनै पर्ने कानूनी वाध्यता बनाउनु राष्ट्रको निम्ति अत्यन्तै उपयोगी हुने कुरामा कसैको दुई मत हुन सक्दैन । ज्येष्ठ नागरिकको अनुभव, ज्ञान र सीपलाई पुस्तागत हस्तान्तरण गर्दै त्यसलाई बैंकको रुप दिएर नष्ट हुनबाट बचाउनु पनि राज्यको दायित्वको कुरा हो । ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा र न्याय दिदै उनिहरूबाट राज्यले लिनसक्ने फाईदाका यावत कुराहरूमा संविधान निर्माताहरूको समयमै ध्यान पुग्न सकोस् । अहिलेलाई यहि आशा गर्न सकिन्छ ।

**१ संविधानमा समावेश हुनु पर्ने ज्येष्ठ नागरिकका हक :**

- वृद्धावस्था भएको कारणले कुनै पनि नेपाली ज्येष्ठ नागरिक अपहेलित तथा उत्पीडित हुनु पर्ने छैन र सम्मान पूर्वक जीवन निर्वाह गर्न पाउने हक हुने छ ।
- ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य तथा सामाजिक सुरक्षाको हक प्राप्त हुनेछ ।
- अशक्त, असहाय, बेवारिसे द्वन्द पीडित एव बिस्थापित ज्येष्ठ नागरिकहरुको सुनिश्चित जीवनयापनकोलागि राज्यवाट बिशेष सुबिधा पाउने हक हुनेछ ।
- ज्येष्ठ नागरिकको ज्ञान शीप र अनुभबको संरक्षणको हक हुनेछ ।

२ ज्येष्ठ नागरिक संवैधानिक आयोग तुरून्त गठन गरियोस् ।

३ सेवा प्रदायक निकायमा "ज्येष्ठ नागरिक पहिला" भन्ने भावनाको बिकास गरौं ।

(साभार : नागरिक दैनिक)

**लेखक-नेपाल पूर्व सशस्त्र प्रहरी संघका सल्लाहकार एवम् राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको महासचिव एवं प्रवक्ता हुनुहुन्छ ।**



# विश्वासनीयता र सहकार्यको आधार : संगठन र संघबीचको समन्वय

– भीम बहादुर पन्थ
सशस्त्र प्रहरी उपरीक्षक (अ.प्रा.)
सचिव-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

अविश्वासको खाडल जबसम्म पुर्न सकिदैन तबसम्म सहकार्य असम्भव प्राय : हुन्छ । सहकार्यको मुल आधार नै विश्वासनीयता भएकाले जबसम्म दुबै पक्षको एकआपसमा पूर्ण विश्वास भरोसा रहँदैन - सहकार्य, समन्वय असम्भव प्रायः छ । तसर्थ आपसी विश्वास, भाईचारा, विना समन्वय असम्भव हुने भएकाले आपसी निकटता, विश्वसनीयता, सहृदयता दुबै संगठन र संघ बीचको आजको आवश्यकता हो ।

कुनै पनि फौजी संगठनमा अनुशासनको कडा बन्धन रहन्छ र रहनु पनि पर्छ । यति हुँदा हुँदै पनि लादिएको अनुशासन, समानुपातिक अवसरबाट बञ्चित गरिने परिपाटीले फौजी संगठनमा ठूलो खाडल सृजना गर्ने र सोही गलत परिपाटीका कारण संगठनको लामो काल खण्डको कठोर सेवाकाल पश्चात् पनि ठूलो जमातले घृणा, तिरष्कार गरिनुले अवकाश पश्चातको जीवनमा पनि गहिरो प्रभाव परिनै रहेको हुन्छ । उदाहरणको रुपमा फौजी संगठनका पूर्व संघ संगठनलाई लिन सकिन्छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघ स्थापनाको लामो इतिहास नभएकोले प्रत्यक्ष रुपमा प्रभाव देखिएको छैन तापनि छिटफुट असहयोगका स्वरहरु नदेखिएको भने होइनन् । नेपाल पूर्व प्रहरी संगठनमा भने छुट्टै संस्था दर्ता गरी संगठनबाटै अलग हुने सम्मको क्रियाकलाप देखिएको छ । बहालमा हुँदाको तामझाम, हुकुमी शैली, मपाईत्वको भावनालाई पन्छाई अवकाश पश्चात सबैको हैसियत समान हुने भएकाले सबैलाई समेटेर लैजाने क्षमता राख्नु जरुरी छ । पदीय हैसियत भन्ने कुरा अनुशासित फौजी संगठनबाट अवकाश ग्रहण गरेका अधिकृत, जवान हरुमा स्वतः प्रस्फुटित हुने कुरा हुन् । एका दुई आक्रमक शैलीका, असभ्य, अमर्यादित व्यावहार प्रस्तुत गर्ने हुन्छन् त्यस्ता व्यक्ति समूहको ठूलो संगठित संस्थामा कुनै हैसियत रहदैन । मरिच चाउरिएझैं आफै सीमित हुँदै जाने भएकोले संस्थाको अहित हुनै सक्दैन । पदीय हैसियत स्वतः स्थापित हुँदै जान्छ ।

जन्म पछि मृत्यु, सेवा प्रवेश पछि अवकाश स्वयंम् सिद्ध तथ्य हुन् । संगठनमा एक छत्रराज असम्भव छ त्यसैले त भन्ने गरिन्छ कसैले झण्डा गाडेको छैन । “कहिले सासुको पालो त कहिले बुहारीको पालो” भने जस्तै हो । तसर्थ संगठनको बागडोर सम्हाल्नेहरुले पनि पछिल्लो जेनेरेसनहरु भविष्यमा यहि कुर्चिका हकदार हुन्, भन्ने सोची सबैलाई समान व्यवहार गर्ने हो भने अवकाश पश्चात् पनि बहालमा छदा झैं सम्मान, सत्कार निरन्तर प्राप्त भईरहन्छ । संगठनका सबै सदस्य कोही पर कोही नजिकको हुँदैन । हरेक सदस्यको क्षमता अनुसार अवसर प्राप्त हुने हो र कसैलाई काखा कसैलाई पाखा नगरिने हो भने संगठन प्रतिको अपनत्व बढ्दै जाने र सबै मातहत स्टाफहरु आफ्नो क्यालिवर (क्षमता) बढाउन तल्लिन हुने निश्चित छ । संगठन प्रति नतमष्तक, कतर्व्यनिष्ठ कर्मचारी पछाडि पारिदै जाने र सीमित किचन क्याबिनेटका सदस्यले मात्रै घुमिफेरी अवसरहरु हात पार्दै जाने प्रवृत्ति हावि हुँदै जाने हो भने विरोधी खेमा, गुट उपगुट सिर्जना हुँदै जाने निश्चित छ । यस्तो प्रवृत्ति हावि हुँदै गएको संस्थाबाट ससम्मान अवकाश ग्रहण गरेको व्यक्तिले पनि अवकाश पश्चात्को जीवनमा पनि केही अवसर वादी वर्गदेखि बाहेकको सहयोग प्राप्त नहुने र त्यस्ता अवसर वादी गुट अन्य पहुँचवालाको पछि लाग्ने भएकाले एक्लोपन महसुस गर्नु पर्ने यथार्थलाई मनन गर्नु जरुरी छ ।

सेवाकाल भनेको जीवनको तिन खण्डको एक खण्ड मात्रै हो, बाँकी लामो जीवन बाँकी नै छ भन्ने हेक्का राखि आफ्ना पूर्वजहरुको योगदानलाई स्मरण गर्दै सहकार्य र समन्वयको मार्ग अवलम्बन गर्नु नै बुद्धिमानी ठहर्छ । पूर्वजहरु भनेका ज्ञानका खानी हुन, व्यावसायिक जीवनका अतिरिक्त सेवाकाल पश्चात् पनि मातृ संगठनको हित र भलाईका लागि नागरिक समाजसामु बलियो समर्थक पनि हो । नागरिक समाजमा

घुलमिल भई संगठन प्रति जनताको हेर्ने दृष्टिकोण र संगठनले नागरिक मैत्री व्यवहार अपनाउन आवश्यक अमूल्य-सुझावहरु पूर्वजहरुबाटै प्राप्त हुने भएकाले भाषणमा मात्रै होइन कि व्यवहारमा नै अपनत्व प्रस्तुत गरिनु जरुरी छ। संगठनमा आवद्ध कमाण्डर तहका व्यक्तिहरुको व्यवहारले पनि नागरिक समाजबाट प्राप्त सहि सूचना/जानकारी पूर्वजहरुबाट प्रवाह हुने वा नहुने त्यसैमा भरपर्छ।

पूर्वराष्ट्रसेवक कर्मचारी भए तापनि जनताको नजरमा बहालमै रहेसरह व्यवहार हुन्छ। रिटायर्ड भईसकेको भए तापनि संगठनबाट हुने क्रियाकलापमा सहयोगको अपेक्षा गर्दछन्। उनीहरुको अपेक्षामा तुषारापात भएमा रिटायर्ड कर्मचारीको मात्र होइन कि सिंगो संगठनको समेत नाम जोडिएर आउँछ। द्वन्दकालमा सुरकिको आक्षेप लागि कतिले जोखिम मोलेर अन्य पाटीको झण्डा बोकेर जीवन रक्षा गर्नु परेको स्थिति ताजै छ। काम विषेशले कुनै संगठनको सवारी साधन आउँदा पनि स्थानीय पूर्व कर्मचारीको लागि आएको होला भन्ने गरिन्छ भने पूर्वकर्मचारीको विशेष कार्यक्रममा स्थानीय इकाईबाट सहयोग (भौतिक तथा जनशक्ति) उपलब्ध गराउने हो भने त उसको स्थान नै त्यो समाजमा अर्कै हुन्छ। त्यस्ता साना तिना गतिविधिले पनि समाजमा सकारात्मक प्रभाव पर्ने भएकोले पूर्वजहरुको सहयोग मात्र होईन कि आफ्नो संगठनको समेत नाम जोडिएर आउने हुँदा त्यस्ता सुविधा उपलब्ध गराउन कदापि कन्जुस्याँई गरिनु हुँदैन। त्यस्ता गतिविधि फौजी संगठनका संस्कार हुन, जसलाई निरन्तरता दिदै जानु पर्छ, तव त फौजी संगठन। यस मानेमा नेपाली सेनाको नाम लिनै पर्छ सेनाको सहि संस्कारका अनुसरण किन नगर्ने ? सेनाको हाराहारीमा पुग्न नसकिएला सानै भएपनि सुरुवात त गरौं ? स्वास्थ्य, शिक्षा, रोजगारीका सवालमा ऐन नियममानै व्यवस्था गर्न नसकिएला, व्यवहारमा त अपनत्व प्रस्तुत गर्न अवश्य सकिन्छ। क्षमतावान पूर्वजका सन्तानले संगठनको सेवा आरम्भ गर्न चाहन्छन् भने विषेश व्यवस्था गरि मौका दिईनुपर्छ। यदि गर्न सकियो भने पनि आफ्नो जेनेरेसनको भविष्य सुरक्षित गर्ने तर्फ पूर्वजहरु मरिमेटेर लाग्ने निश्चित छ। पूर्वजहरुको रगत पसिनाबाट हुर्के, बढे, पढेका सन्ततिमा संगठन प्रति छुट्टै माया ममता हुन्छ। पूर्वजको सम्मान मात्रै होइन कि नुनको सोझो गर्न पनि पूर्वजको सन्तति कदापि पछि पर्दैनन। संगठन प्रतिको अपनत्व पनि बढ्दै जान्छ। जसबाट संगठन र संघ बीचको समन्वय सहकार्य पनि अभिवृद्धि हुँदै जाने निश्चित छ।

**(लेखक - नेपाल पूर्व सशस्त्र प्रहरी संघका सचिव हुनुहुन्छ।)**


**हाम्रा सेवाहरू**

★ स्टेशनरी सामान
★ खाद्यान्न थोक
★ लत्ता कपडा
★ शिखर सुज
★ ग्याँस सिलिण्डर
★ ग्याँस चुल्हो
★ रेगुलेटर
★ ग्याँस पाइप
★ लाइटर
★ जार पानीको लागि सम्पर्क गर्नुहोला।




**कन्चन भेराइटी सप**

**इचंगुनारायण-४, गैरीगाउँ, काठमाडौं**

फोन : ९८५१००७३७८, ९८४११२३६७०



# सहयोगी मन र हातहरुको आवश्यकता :

- बलराम तिमिल्सिना
सशस्त्र प्रहरी नायब उपरीक्षक (अ.प्रा.)
सचिव-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

"नेपाल पूर्व सशस्त्र प्रहरी संघ" सशस्त्र प्रहरी बलको ऐन, नियम बमोजिम अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरका बीच समानताको आधारमा एकता गरी बर्गीय हक हीतको संरक्षण र सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्यले नेपालको संबिधान तथा प्रचलित कानून बमोजिम मिति २०६४ साल आश्विन २७ गते जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा सि.नं. ४६० मा दर्ता भई स्थापना भएको स्वायत्त संघ (संस्था) हो ।

संघका सदस्य तथा तिनका आश्रीत परिवारलाई योग्यता अनुसारको व्यवसायमा संलग्न गराउन सक्दो सहयोग गर्ने, त्यसै गरेर सदस्यहरुले प्राप्त गर्न सक्ने सुबिधा र न्यायमा मद्दत पुऱ्याउने, बर्गीय हकहितको लागि चनाखो रहने, संघका सदस्य एवं तिनका परिवारका लागि शिक्षा र व्यवसायमूलक उपयोगी तालिमको व्यवस्था मिलाई आर्थिक स्थिति सुदृढ तुल्याउन विविध अर्थोपार्जनका कार्यक्रमहरु पनि संचालन गर्ने जस्ता कार्य योजनाहरु निधारण भएका छन् भने अर्को तर्फ संघले सामाजिक उत्तरदायित्व पनि वहन गर्नुपर्ने हुन्छ भनी संघको विधान २०६४को नियम ३४ ले स्पष्ट व्यवस्था गरेको छ ।

हुनत संघको स्थापना हुँदैमा ५/७ बर्षमै उल्लेखित कार्यहरु सञ्चालन हुन सक्ने पनि होईन । यो त कालान्तरसम्मलाई निरन्तर चलिरहने प्रक्रिया नै हो । तर यस्ता कार्यहरु संचालनका लागि संघलाई सक्षम बनाउनु पर्ने पहिलो र आधारभूत कार्य हुन आउँछ भने संघलाई सक्षम तुल्याउनका लागि कम से कम जिल्ला स्तरसम्म संघको विस्तार, बलियो कोषको व्यवस्था र चुस्त एवं सक्रिय कार्यसमिति हुनु नितान्त आवश्यक पर्दछ ।

आज भन्दा करिव १३ वर्ष अगाडि जन्मेको (गठन भएको) सशस्त्र प्रहरी बलमा नयाँ भर्ना भएका कर्मचारीहरुको अवकाश प्राप्त गर्ने समय भएको छैन । नेपाली सेना र नेपाल प्रहरीबाट स्थानान्तरण भई आएका मध्येपनि थोरै संख्याका सिनियर अधिकृतहरु (जो धेरैजसो उपत्यकामा नै बस्ने गर्नुहुन्छ ।) ले मात्र अवकाश प्राप्त गर्नु भएको छ । जुनियर लेवल वा तल्लो तहका कर्मचारीहरु धेरैजसो गैह्न हाजिर भएकाले संघको सम्पर्कमा छैनन् । अशक्त अवकाश प्राप्त गरेकाहरु केही वास्तविक र पिडामा भएपनि धेरैजसो बिदेशी सेवामा जानका लागि अनेक उपाय अपनाई अशक्तको सुबिधा पाउने गरी निस्केकाहरु पनि सम्पर्कमा छैनन् । त्यसैले जिल्ला स्तरसम्म संघको विस्तार हुन समय लाग्दछ नै । क्षेत्रीयस्तर सम्म पनि जान नसकिएको र खर्च गर्न सक्ने कोषको व्यवस्था पनि नगन्य नै रहेकोले कार्यकारिणी समिति जति नै चुस्त र सक्रिय भएपनि केही लाग्दो रहेनछ । यस्तै छ नेपाल पूर्व सशस्त्र प्रहरी संघको विद्यमान अवस्था ।

सशस्त्र प्रहरी वलमा कार्यरत रहँदाका अवस्थामा वा अवकाश प्राप्त गरिसकेपछि निधन भएका सशस्त्र प्रहरी कर्मचारीका नजिकका हकवाला श्रीमान्/श्रीमतीले पारिवारीक निवृत्तिभरण पाईरहेका छन् भने त्यस्ता पारिवारिक निवृत्तिभरणको सुबिधा प्राप्त गर्ने व्यक्तिहरुपनि स्वतः संघको साधारण सदस्य हुने व्यवस्था संघको विधान २०६४ को नियम ४ उप नियम (क) ले गरेको छ भने नियम ६ को उपनियम (झ) ले यस्ता साधारण सदस्यहरुको

मताधिकार रहने छैन र कुनै समितिका पदहरुमा उम्मेद्वार हुन नपाउनुका साथै कुनैपनि समितिमा मनोनयन समेत हुन नपाउने स्पष्ट व्यवस्था गरेको छ । त्यसैगरी नियम ६ कै उपनियम (ख) र (ग) समितिले तोकोबमोजिमको प्रवेश शुल्क एवं सदस्यता शुल्क तिरी सक्रिय वा आजीवन सदस्यता लिएमा मताधिकार मात्रै होइन संघका सम्पूर्ण अधिकार प्राप्त गर्न सकिने व्यवस्था अनुसार पारिवारीक निवृत्तिभरणको सुबिधा प्राप्त गरिरहनु भएका महिला सदस्यहरु मध्ये ६ जनाले आजीवन सदस्यता र ३ जनाले सक्रिय सदस्यता लिनुभए बाट पनि संघको विस्तार विकासमा मद्दत पुग्न गएको छ। यस्तो उत्साहजनक कार्यको थालनी हुनु गत बर्षदेखि संघको गतिबिधि र सूचना बाहकको रुपमा प्रकाशित अग्रज नामक पुस्तिकाको देन हो भन्न कसैको पनि दुई मत नहोला ।

जिल्ला स्तर सम्म संघको विस्तार गर्न सक्रिय सदस्यहरुको आवश्यकता पर्दछ । जुन कुरा विस्तारै हुने अवकाशको प्रक्रियाले यो आवश्यकतालाई परिपूर्ति गर्दै लैजान्छ नै । विश्वव्यापी मान्यता अनुरुपको प्रजातान्त्रिक पद्दती अनुसार भने जस्तो कार्य समितिको निर्माण गर्न पनि सकिन्छ तर बलियो कोषको व्यवस्था गर्न त्यति सजिलो नभएतापनि हामी सबै एकजुट भएर लाग्ने हो भने असम्भव भन्ने नै के छ र ? थोपा थोपा पानिले घैला भरिन सक्छ भने हामीले पनि थोरै थोरै सहयोग गरेर बलियो कोष बनाउन सकिन्छ त्यसको लागि सहयोगी मन र हातको आवश्यकता पर्दछ ।

सम्पत्तिको मालिकको शेष पछि उसको श्री सम्पत्ति कानूनले निर्धारण गरेका हकवालाहरुको नाममा गए जस्तै नेपाल पूर्व सशस्त्र प्रहरी संघको सम्पत्तिको हकवाला खोज्ने हो भने अहिले सशस्त्र प्रहरी वलमा कार्यरत रहनु भएका र भविष्यमा नयाँ भर्ना भएर आउने कर्मचारीहरु नै वास्तविक हकवाला हुनुहुनेछ । कुनैपनि अग्रजले मासेर जानलाई कोषको व्यवस्था गर्न खोजेको हुँदैन । उसले पनि नगरी नहुने व्यवहार चलाउन र भावी पिडीको सहयोगका लागि नै जोहो गर्न खोजेको हुन्छ । त्यो भन्दा भिन्न व्यवहार नेपाल पूर्व सशस्त्र प्रहरी संघको पनि छैन । आफ्ना अग्रजहरुले निस्वार्थ सेवाभावले गर्न खोजेको कार्यहरुमा सहयोग पुऱ्याउन भविष्यका हकवालाहरुको पनि कर्तव्य हुन आउँदछ ।

मानिसले आफूले कमाएको सम्पत्ति (रकम) मध्ये दश प्रतिशत रकम सामाजिक तथा धार्मिक काम जस्तै अनाथालय, स्कुल, धर्मशाला, मठ मन्दिर, धारा, कुवा, बृद्धाश्रम, बाटोघाटो, सामाजिक संघसंस्था र अन्य त्यस्तै अपाङ्ग, अशंक्त, दीनदुःखीहरु र आर्थिक अवस्था कमजोर भएका उपचारमा धेरै खर्च लाग्ने रोग लागेका व्यक्तिहरुलाई सहयोग पुऱ्याई खर्च गर्ने गर्दछन । मानिसले जति कमाए पनि पुग्ने कहिल्यै होइन । जहिले पनि पुगेन, छैन नै भन्ने सुनिन्छ । तर सहयोगी मन र हात भएका मानिसहरुले यस्तो कुराको प्रवाह गर्दैनन् । संघमा आबद्ध हुनुभएका व्यत्तित्वहरु पनि सहयोगी मन र हातका धनि हुनुहुन्छ भन्ने कुराको पुष्ट्याँई संघले हाल सम्म प्राप्त गरेको सहयोगबाट पनि हुन्छ । दया नै सबैभन्दा ठूलो धर्म हो र दान स्वर्गको बाटो माथि चल्ने पाईला हो ।

संघमा मूख्यरुपमा तीनवटा छुट्टाछुट्टै कोषको आबश्यकता रहेको छ । (१) संघको सञ्चालन खर्चका लागि एउटा कोष (जो सानै भएपनि संघले स्थापना गरिसकेको छ। जसलाई सहयोग गर्नु पर्दैन) (२) संघको वर्गीय हक हीत संरक्षण कोष (३) संघको सामाजिक उत्तरदायित्व वहन कोष । भविष्यमा स्थापना हुने यी कोषहरु मानव कल्याण कै कार्यमा खर्च एवं लगानी हुने भएकाले संघमा

आबद्ध व्यक्तित्वहरुले दान धर्मको लागि दश ठाउँमा भौतारिनु नपर्ने, संघको कोषमा एकिकृत गरी संघ मार्फत नै सहयोग गर्न सकिएमा संघको औचित्य पनि पुष्ट्याँई हुने हुँदा यस्तो कार्यको पहल संघबाट हुनु पर्दछ ।

कुनै पनि वस्तु वा सेवाको बारेमा जानकारी दिने माध्यमहरुको प्रयोग गर्नु पर्दा वस्तु वा सेवा प्रदायक संस्थाले सेवा लिदाँ सेवा शुल्क वापत केही रकम सम्बन्धित पक्षलाई दिनु पर्ने हुन्छ भने माध्यमको रुपमा भूमिका निर्वाह गर्ने पक्षले पनि त्यसरी प्राप्त सेवा शुल्कबाट माध्यमको समुचित व्यवस्थापन गर्ने प्रक्रियालाई सामान्य अर्थमा विज्ञापन भन्ने गरिन्छ । यसरी हेर्दा यो प्रक्रियालाई सेवा र व्यावसाय जस्तो देखिएतापनि यसमा सुमधुर सम्बन्ध र आत्मीयताको आदान प्रदान पनि हुने गर्दछ । अझ यस प्रक्रियालाई यसरी पनि हेर्न सकिन्छ जस्तै विज्ञापन दिने दाता र विज्ञापन लिने माध्यम दुवै एक अर्काका परिपुरक हुन । एउटाको अभावमा अर्को पूर्ण हुन नसक्ने भएकाले एक सिक्का का दुई पाटा हुन भन्दा पनि फरक पर्दैन । यो प्रक्रिया एकअर्काका सहयोगी पनि हुन् र आफैमा सहकार्य पनि हो । यस प्रक्रियाका दुवै पक्षमा सम्मान पूर्ण व्यवहार पनि हुन्छ ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि संघका गतिविधि एवम् सुचनाहरु केन्द्र देखि जिल्ला हुँदै गा.वि.स.तहसम्म बसोबास गर्ने आफ्ना सदस्यहरु र यस संघप्रति चासो राख्ने आम जनसमुदाय सम्म पुऱ्याउने उदेश्यले वार्षिक रुपमा भएपनि अग्रज नामक पुस्तक नियमित प्रकाशन गर्ने कार्यको थालनि भएबाट संघका पदाधिकारी, सल्लाहकार एवम् सदस्यज्यूहरु त्यसै गरेर संघका शुभचिन्तक, मित्र महानुभावहरुले संचालन गरिरहनु भएका विभिन्न व्यापार व्यावसायहरुको बारेमा एक आपसमा जानकारी लिने दिने गर्ने र प्रचार प्रसार हुने, त्यसै गरेर पुस्तकको प्रकाशन गरी सबै ठाउँमा पुऱ्याउने कार्यमा संघलाई पनि महत्वपूर्ण आर्थिक सहयोग हुने भएकाले एक आपसमा सहयोगको आदान प्रदान गर्ने अभ्यास पनि गरिरहेका छौं । जुन अभ्यासले संघलाई आर्थिक रुपमा सहयोग भईरहेको छ ।

आज भन्दा ७ वर्ष अगाडी संघको गठन भएतापनि संघले गति लिन थालेको ४ वर्ष मात्रै भयो त्यो पनि केन्द्रमा मात्रै । संघ विस्तार विकासको पूर्वाधार तयारीकै चरणमा छ । पुस्तकको प्रकाशन पनि पूर्वाधार तयारी कै एउटा कडी हो । अहिलेको अवस्थामा प्रभावकारी विज्ञापन नभएतापनि संघको उदेश्यलाई सफल बनाउने दिशामा विज्ञापन उपलब्ध गराएर महत्वपूर्ण आर्थिक सहयोग पुऱ्याउनु हुने सहयोगी मन र हातका धनि विज्ञापनदाता संघसंस्था एवम् व्यक्तित्वहरु धन्यवादका पात्र हुनुहुन्छ ।

संघ सातौ बर्ष सम्म आईपुग्दा ठूलो मनका साथ सशस्त्र प्रहरी बल र सहयोगी मन र हात भएका संघका केही व्यक्तित्वहरुले संघलाई महत्वपूर्ण सहयोग पुऱ्याउनु भएको छ । यस्तो अमूल्य सहयोग नहुँदो हो त संघको केन्द्रीय कार्यालयको व्यवस्थापन आजको अबस्थामा आउने नै थिएन । संघको सातौं बर्ष प्रवेशको पुनित अवसरमा संघको प्रगति पथमा सहभागी बन्ने समस्त संघका पदाधिकारी, सल्लाहकार एवं सदस्य त्यस्तै गरेर सशस्त्र प्रहरी वल परिवार लगायत शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

संघको स्थापना गर्नुहुने संस्थापक अध्यक्ष अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षक स्व. सहविर थापा र संस्थापक सदस्य सचिव अवकाश प्राप्त कामु सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक स्व.पोषेन्द्रध्वज खाँण प्रति पनि सम्मानपूर्वक स्मरण गर्दछु ।

# निर्वाचन सम्बन्धी संक्षिप्त जानकारी

संघको विधान २०६४ को नियम २५ (१) अनुसार ४ बर्ष काम गरीसके पछि कार्यकारीणी समितिको बैद्यता समाप्त हुन्छ र पून: अर्को निर्वाचन गरेर नेतृत्वको चयन गर्नु पर्दछ। निर्वाचन भनेको एउटा त्यस्तो पद्दती हो जसले गम्भिर बिषयका ठूला ठूला समस्याहरुलाई समेत सजिलै समाधान दिन सक्दछ। यो विश्वव्यापी सर्वमान्य सिद्धान्त पनि हो।

कुनै एउटा सिंगो देशको एउटा हिस्सा स्वतन्त्र देश हुने कि नहुने भन्ने बिषयमा त्यस मुलुकका नागरिकहरुबाट मतदान गराई निर्वाचनको प्रकृयाद्वारा छिनोफाने (निर्णय) गरिन्छ। त्यति मात्रै होईन एकिकरण गर्न, टुक्राउन, नेतृत्व चयन गर्न, विघटन गर्न, कुनै बिषयको चर्को बहसलाई किनारा लगाउन पनि निर्वाचन प्रकृयालाई नै रोजिन्छ। देशका निम्ति नागरिकहरु संघ संस्थाका निम्ति संघ संस्थाका सदस्यहरु स्वत: मतका मालिक हुन्छन। एउटा मतदान गर्न उनीहरुलाई संबिधान प्रदत्त नैसर्गिक, मौलिक हक अधिकार नै हुन्छ। यसरी हेर्दा नागरिक तथा सदस्यहरुले प्रदान गर्ने मत कति बलियो हुँदो रहेछ, यसलाई काट्न र सच्याउन सक्ने औजार र पद्दती नै बनेको छैन।

मतदान गर्ने तरिकाहरु फरक फरक हुन सक्दछन, मत पत्र विना पनि मतदान हुन सक्दछ। मत भनेको पत्र मात्रै होईन, विचार पनि हो। हाम्रो जस्तो अनुशासित संघमा मत पत्रै बिना पनि निर्वाचन सम्पन गर्न सकिन्छ। तर प्रकृया भन्दा बाहिर जान सकिदैन।

प्रजातन्त्र र स्वतन्त्र न्यायको सिद्धान्त अनुरुप नेपाल पूर्व सशस्त्र प्रहरी संघका आजीवन तथा सक्रिय सदस्यहरु बाट गोप्य मतदानद्वारा संघको कार्यकारीणी समितिको निर्वाचन सम्पन्न गराउने संघको विधान २०६४ को नियम २५ को उप नियम (२) को भावना अनुसारको कार्यविधि अपनाउनु पर्ने हुन्छ।

- ❖ उम्मेद्वारी शुल्क विना उम्मेद्वारी आवेदन फारम दर्ता हुने छैन।
- ❖ कुन पदको लागि उम्मेद्वारी दिने हो सो पद अनुसारको शुल्क नबुझाई उम्मेद्वारी आवेदन फारम प्राप्त गर्न सकिने छैन।
- ❖ पछि उपलब्ध हुने मौकामा उम्मेद्वारी फिर्ता लिए पनि उम्मेद्वारी शुल्क भने फिर्ता हुने छैन।
- ❖ उम्मेद्वारी शुल्क :-

| | |
|---|---|
| अध्यक्ष पदको लागि रु.५,०००/- | उपाध्यक्ष पदको लागि रु.४,०००/- |
| महासचिव पदको लागि रु.३,०००/- | सचिव पदको लागि रु.२०००/- |
| कोषाध्यक्ष पदको लागि रु.२,०००/- | सहकोषाध्यक्ष पदको लागि रु.१,५००/- |
| कार्यकारीणी सदस्य पदको लागि रु.१,०००/- | र क्षेत्रीय संयोजक पदको लागि रु.३,०००/- |

- ❖ उम्मेद्वारी आबेदन फारम फोटोकपी वा अरु ढंगले तयार पारेकोलाई मान्यता हुने छैन।
- ❖ गठित निर्वाचन समितिको छाप र दस्तखत विनाको उम्मेद्वारी आबेदन फारम पनि मान्य हुने छैन।
- ❖ निर्वाचन हुने पदहरु :-

| | | |
|---|---|---|
| (क) अध्यक्ष - १, | (ख) वरिष्ठ - उपाध्यक्ष १, | (ग) उपाध्यक्ष - १, |
| (घ) महासचिव - १ | (ङ) सचिव - १, | (च) कोषाध्यक्ष - १, |
| (छ) सह - कोषाध्यक्ष - १, | (ज) कार्यकारीणी सदस्य - ७, | जम्मा १४ सिट। |

र क्षेत्रीय संयोजक एवं उपाध्यक्ष पद ६

## अध्यक्ष पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## वरिष्ठ उपाध्यक्ष पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## उपाध्यक्ष पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## महासचिव पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## सचिव पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## कोषाध्यक्ष पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

## सह-कोषाध्यक्ष पद

| उम्मेद्वार | उम्मेद्वार | उम्मेदवार |
|---|---|---|
| (१) ............................ ☐ | (२) ............................... ☐ | (३) ............................. ☐ |

# कार्यकारिणी सदस्य पद

| उम्मेद्वार | | उम्मेद्वार | | उम्मेद्वार | |
|---|---|---|---|---|---|
| (१) ........................ | ☐ | (२) ........................ | ☐ | (३) ........................ | ☐ |
| (४) ........................ | ☐ | (५) ........................ | ☐ | (६) ........................ | ☐ |
| (७) ........................ | ☐ | (८) ........................ | ☐ | (९) ........................ | ☐ |
| (१०) ........................ | ☐ | (११) ........................ | ☐ | (१२) ........................ | ☐ |
| (१३) ........................ | ☐ | (१४) ........................ | ☐ | (१५) ........................ | ☐ |
| (१६) ........................ | ☐ | (१७) ........................ | ☐ | (१८) ........................ | ☐ |
| (१९) ........................ | ☐ | (२०) ........................ | ☐ | (२१) ........................ | ☐ |

# क्षेत्रीय संयोजक एवम् उपाध्यक्ष पद

| उम्मेद्वार | | उम्मेद्वार | | उम्मेद्वार | |
|---|---|---|---|---|---|
| (१) ........................ | ☐ | (२) ........................ | ☐ | (३) ........................ | ☐ |
| (४) ........................ | ☐ | (५) ........................ | ☐ | (६) ........................ | ☐ |
| (७) ........................ | ☐ | (८) ........................ | ☐ | (९) ........................ | ☐ |
| (१०) ........................ | ☐ | (११) ........................ | ☐ | (१२) ........................ | ☐ |

संघको विस्तार र विकास गर्ने सिलसिलामा पहिलो चरणमा क्षेत्रीयस्तर सम्म पुग्नको लागि सदस्यहरुको अभाव रहेकाले पूर्ण कार्य समिति बनाउन सम्भव नभएको हुँदा अध्यक्ष चयन गरेर एक्लै छाड्नु भन्दा समितिले पूर्णता पाउने अवस्थामा स्वतः क्षेत्रीय अध्यक्ष हुने र भन्ने गरी हाललाई संयोजकको रुपमा निर्वाचित गराउँदा संघको विधान २०६४ को नियम (ट) अनुसार केन्द्रमा पदेन उपाध्यक्षको हैसियतमा रहेर आ-आफ्नो जिम्मेवारीका क्षेत्रहरुको समायोजनको कार्य गर्न सजिलो हुने भएकाले विधानमा संयोजकको व्यवस्था नभएतापनि व्यवहारतः संयोजक भनेकै क्षेत्रीय अध्यक्ष हुने भएकाले केन्द्रको प्रतिनिधिको रुपमा पनि काम गर्न सजिलो होस् भन्ने उद्धेश्यले संयोजक भनिएको हो र एक्लो अध्यक्ष मात्रै बनाउँदा असहज हुदैन भने क्षेत्रीय अध्यक्ष नै भनेर निर्वाचन गराउँदा कुनै बाधा व्यवधान हुने छैन ।

## निर्वाचनका सर्वमान्य प्रकृयाहरू :-

१. मौजुदा संचालक समितिबाट कम्तीमा ३ जना बढीमा ५ जना सम्म रहने निर्वाचन समितिको गठन गराउने ।

२. निर्वाचन समितिमा संघको कुनै पनि पदमा उम्मेद्वार नहुने मध्येबाट सकेसम्म निर्वाचन सम्बन्धी विज्ञ सदस्यहरुलाई राख्नु पर्नेछ ।

३. संघमा निर्वाचन सम्बन्धी विज्ञ सदस्य नभएमा सदस्य भन्दा बाहिरबाट पनि विज्ञको सहयोग प्राप्त गर्न सकिनेछ ।

४. निर्वाचन समितिले बैठक बसी निर्वाचनको प्रकृयागत कार्य तालिका बनाई जानकारी गराउने बिभिन्न ठाँऊमा सूचना टास्ने कार्य गर्नुपर्दछ ।

५. निर्वाचन समितिले सिरियल नम्बर सहित मतदाता नामावली तयार गरि सबैले देख्ने ठाऊँमा टाँस गर्ने ।

६. उम्मेद्वारी आवेदन फारम लिन चाहने सदस्यहरुलाई आवश्यक शुल्क लिएर फारम उपलब्ध गराउने ।

७. आवश्यक विवरण भरेर तोकिएको समय भित्र आएको उम्मेद्वारी आबेदन फारम दर्ता गर्ने ।

८. दर्ता भएका उम्मेद्वारी र मतदाता नामावलीमा कुनै बाधा बिरोध आएमा समाधान गर्ने ।

९. उम्मेद्वारहरु मध्ये कसैले उम्मेद्वारी फिर्ता लिन चाहेमा उम्मेद्वारी फिर्ता गराउने ।

१०. फिर्ता भएर बाँकी रहेका उम्मेद्वारी आवेदन फारमहरु जाँच गरी सनाखत गराउने ।

११. पद अनुसारको उम्मेद्वारीको अन्तिम नामावली प्रकाशन गर्ने ।

१२. कुनै पदमा एक जना भन्दा बढिको उम्मेदवारी परेमा प्रजातान्त्रीक पद्धती अनुरुप निर्वाचनका लागि मत पत्रहरु तयार गर्ने, मतदान गराउन मतपेटीका सहित उपयुक्त गोप्य स्थानको व्यवस्था मिलाउने र एकजनाको मात्रै उम्मेदवारी परेका पदहरुमा प्रकृया पुर्‍याएर निर्विरोध निर्वाचित भएको घोषणा गर्ने ।

१३. मतदानको कार्य समाप्त भएपछि मत गणना गरी निर्वाचन समितिको बैठक बसी निर्वाचनको अन्तिम नतिजा घोषणा गर्ने ।

१४. निर्वाचित पदाधिकारीहरुलाई सपथ गराउने र प्रमाणपत्र दिने ।

निर्वाचनद्धारा नयाँ कार्यसमितिको चयन भई सकेपछि समितिलाई पूर्णता दिन चाहेमा सोही दिन कार्य समितिको पहिलो बैठक बसी अध्यक्षद्वारा एक जनालाई सचिव पदमा र २ जनालाई कार्यकारीणी सदस्य पदमा मनोनयन गर्न सकिनेछ । निर्वाचन समितिमा खटिएर काम गरेका सदस्यहरुलाई पनि मनोनयन गर्न चाहेमा बाधा पर्ने छैन भने मनोनयन गर्दा सम्भव भए सम्म समावेशीको दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ ।

# शपथ ग्रहण

म .......................................... (सपथकर्ताको नाम) सातौं बार्षिक केन्द्रीय परिषद्को बैठक ( साधारण सभा) समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याएसम्म कार्यकारीणी समितिको .........../क्षेत्रीय संयोजक एवं उपाध्यक्षका नाताले सबै काम तथा बैठकहरुमा नियमित रुपले भाग लिन छु तथा संघको विकास र सदस्यहरुको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट निर्णय लिने छु ।

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : अध्यक्ष, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : बरिष्ठ उपाध्यक्ष, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : उपाध्यक्ष, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : महासचिव, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : सचिव, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : सचिव, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : कोषाध्यक्ष, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : सह-कोषाध्यक्ष, कार्यकारीणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : सदस्य, कार्यकारिणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : क्षेत्रीय संयोजक एवं उपाध्यक्ष

**शपथ गराउने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : निर्वाचन समितिका संयोजक

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : सदस्य, कार्यकारिणी समिति

**पद ग्रहण गर्ने अधिकारीको**

नाम :


**पद ग्रहण गर्ने अधिकारीको**

नाम :

दस्तखत :

मिति :

पद : क्षेत्रीय संयोजक एवं उपाध्यक्ष

**अनुसूची-१ (क)**

**(दफा २५ को उपदफा २ सँग सम्बन्धित)**

# उम्मेद्वारी आवेदन फाराम

**विषय : उम्मेदवारी दर्ता गरि दिने ।**

**श्री निर्वाचन अधिकृतज्यू,**
**निर्वाचन समिति,**
**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**
**हलचोक, काठमाडौं ।**

यस संघको कार्यकारीणी समितिको ................... पद/ क्षेत्रीय संयोजक एवं उपाध्यक्ष पदमा निर्वाचित भई संघको सेवा गर्ने इच्छा भएकोले मिति ...................... गते सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म यस प्रकृतिको अन्य कुनै संघ/संस्थाको संचालक र अन्य समितिको पदमा कार्यरत नरहेको, यस संघमा मैले निरन्तर रुपमा मिति ................. देखी सदस्य भई हालसम्म संघको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरि आएको हुनाले मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु । संघको बिधान २०६४ (संशोधन सहित) विपरीत मेरो उम्मेद्वारी भएको भए सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**निवेदक**
दस्तखत:
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

**प्रस्तावक**
दस्तखत:
प्रस्ताबकको नाम थर :
मतदाता क्रम संख्या :

**समर्थक**
दस्तखत:
समर्थकको नाम थर ::
मतदाता क्रम संख्या :

यो दरखास्तपत्र मिति ................ गतेका दिन .......... बजे श्री.................................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको ब्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :
संयोजक/सदस्य, निर्वाचन समिति

*(नोट : विधान २०६४ को नियम १३ (ट) २ अनुसार कुनैपनि पदमा उम्मेदवारी दिनका लागि आजीवन तथा सक्रिय सदस्यता लिएको १ वर्ष पुरा भएको हुनुपर्नेछ ।)*

# नेपाल पूर्व सशस्त्र प्रहरी संघ

केन्द्रीय कार्यालय

हलचोक, स्वयम्भू, काठमाण्डौं

## प्रमाण-पत्र

.............. श्री ......................................ज्यू,

नेपाल पूर्व सशस्त्र प्रहरी संघ ।

मिति .................. गते बसेको ......................... केन्द्रीय परिषद्को सभाबाट सम्पन्न निर्वाचनमा तपाई ........................................................ पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ । साथै यहाँको कार्यकाले पूर्ण सफल रहोस् भन्ने शुभ-कामना समेत ज्ञापन गर्दछौं ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

मिति २० / / गते ।



# अवकाश पछिको जीवन

– गोपाल प्रसाद वि.के.
सशस्त्र प्रहरी नायव उपरीक्षक (अ.प्रा.)
सदस्य-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

एउटा आकर्षक शारीरिक वनावट भर्खर जुंगा दाह्री उम्रिदै गरेको युवा अवस्था, जोस,जांगर,उत्साहले भरिएको ज्यान लिएर फौजमा प्रवेश गरेको सच्चा सिपाही, एक दिन उ अवकाश हुन्छ। स्वभाविक हो जन्मे पछि एक दिन मृत्यूलाई पनि अंगाल्नु पर्ने नै हुन्छ। त्यस्तै संगठनमा प्रवेश गरेपछि एक दिन अवकाश पनि हुन्छ। तर राष्ट्रले तोकेको समयसम्म उस्ले फौजी जीवन यापन गर्दा उस्को आफ्नो भए भरको वल ती कल्कलाउँदो शारीरिक वनावट सवै समर्पित गरी सकेको हुन्छ। नियुक्ति हुँदाको अवस्था भर्खर उम्रेका दाह्री जुंगा अवकाश हुंदा फुली सकेको हुन्छ। कपाल झरी सकेको हुन्छ। अथवा उस्ले आफ्नो जीवनको सम्पूर्ण शक्ति राष्ट्रको लागि समर्पित गरी सकेको हुन्छ। तर संगठनमा रहंदा आफ्नो लामो अनुभवले आर्जित गरेको पेशागत ज्ञान बुद्धि विवेक अनुभवको अपार धनी भइसकेको हुन्छ।

यसरी अवकाश पछिको पेशागत अनुभवलाई हेर्ने हो भने फौजमा मात्र नभई जुनसुकै विधामा काम गरेर अवकाश भएको होस, त्यो विधाको उसँग असिम र अपार तथा खारिएको परिपक्क ज्ञान अनुभव हुने भएको हुँदा त्यस्तो व्यक्तिलाई राष्ट्रले समेत उचित व्यवस्थापन गरी सदुपयोग गर्न गराउन सक्नु पर्छ र आफूले पनि आफ्नो अनुभव, ज्ञान, सीपलाई शारीरिक क्षमताले भ्याएसम्म सही सदुपयोग गर्न सक्नु पर्छ जस्ले गर्दा अवकाश पछिको जीवन पनि अति सहज, शान्त र सुखमय हुन सक्छ।

अवकाश प्राप्त राष्ट्र सेवक कर्मचारीहरुमा (विशेष गरी अधिकृत दर्जा देखि माथि) मानवशास्त्रीहरुले गरेको एक परिक्षण अनुसार पनि समग्रमा मा ७ (सात) वर्ष देखि बढी बाँचेको अवस्था देखिएको छैन। त्यस कारण पनि आफूलाई अवकाश पछिको जीवनलाई शान्त, सहज बनाउन कुनै न कुनै काममा सकृय भई रहन जरुरी हुन्छ। अवकाश पछिको जीवनलाई सकृय बनाउन सकिएन भने विभिन्न घरायसी तथा परिवारिक तनाव,आर्थिक तथा समाजिक तनाव, कतिपय अवस्थामा फौजी जीवन विताएर अवकाश प्राप्त राष्ट्र सेवक कर्मचारीहरु स्थानीय समुदायमा त्यति घुल मेल भएको अवस्था समेत देखिएको छैन। त्यस्तो अवस्थामा पैदा भई एक्लै बस्ने, बढी रिसाउने, झर्को लाग्ने, अरुले गरेको काम आफूलाई मन नपर्ने, वढी मदिरा सेवन गर्ने,परिवारमा झगडा कलह भई राख्ने आदि हुन सक्छ। जसले गर्दा वृद्धावस्थामा लाग्ने रोगहरु समेत वढी सकृय हुन सक्छ त्यसैले अवकाश पछि पनि आफूलाई कुनै न कुनै काम, पेशा, व्यवसाय, सेवाहरुमा व्यस्त बनाई राख्न अपरिहार्य हुन्छ।

यसरी अवकाश पछि पनि आफूलाई सकृय र व्यस्त राख्न निम्न कुराहरुमा ध्यान दिने हो भने जीवन सुखमय, आनन्दायी, सरल र सहज रुपमा बिताउन सकिन्छ।

(१) "जवानीमा काम गर्ने बुढेसकालमा नाम राख्ने" भने झैं आफ्नो देहान्त पछि पनि आफ्नो छवि र नामलाई पछिसम्म जीवित राख्ने किसिमका कामहरु गर्ने।

(२) "युवाको जोस बुढाको होस्" भने झैं यी दुई फरक धारका व्यक्तिहरुको समिश्रणले कुनै पनि काम योजनाहरु परिपक्क तथा प्रभावकारी हुन

सक्ने भएकोले आफ्ना भावी पिढीहरु तथा युवा पिढीहरुसँग आफ्नो खारिएको अनुभवहरु शेयर गरी राम्रो कामहरुमा अभिप्रेरित तथा मार्गदर्शित गर्ने ।

(३) आफ्नो योग्यता दक्षता अनुसार विभिन्न सरकारी गैरसरकारी संघ, संस्था, विभाग, राष्ट्रको नीति, राजनीति तथा समाजसेवाहरुमा सकृय रहने ।

(४) अवकाश पछि पनि आफूसँग दखल भएको पेशामा आवद्ध गर्ने वा आफुले जानेको व्यापार, व्यवसाय, उद्योग धन्दाहरु सन्चालन गर्ने । जसले गर्दा अवकाश पछि पनि केहि आर्थिक आय आर्जन गर्न सकिने हुँदा जीवनयापनमा सहयोग र सहज हुन सक्छ ।

(५) आफूले जाने बुझेको, दखल भएको कुनै न कुनै पेशा व्यवसाय, सामाजिक संघ, संस्थाहरुमा सल्लाह सुझाव तथा परामर्शदाताको रुपमा काम गर्ने ।

(६) समुदाय, छर छिमेकमा साना देखि ठूलासम्म सवैसँग घुलमिल हुने, परिचित हुने र धेरै भन्दा धेरै साथीहरु बनाउने ।

(७) विभिन्न धार्मिक प्रवचनहरुमा सहभागी हुने, दर्शन शास्त्रका किताबहरु अध्ययन गर्ने, नियमित पत्र पत्रिकाहरु पढ्ने, समाचारहरु सुन्ने ।

(८) समय-समयमा देश विदेश भ्रमणमा जाने,मठ मन्दिहरु दर्शन गर्ने तथा तिर्थयात्राहरुमा जाने ।

(९) तनाव हुन सक्ने वातावरणबाट टाढा रहने तथा सकेसम्म तनावमुक्त रहने प्रयास गर्ने ।

(१०) समय-समयमा मनमा शान्ति र आनन्द आउने जस्ता मनोरन्जनमा समेत ध्यान दिने ।

(११) खान पिनमा विशेष ध्यान दिने तथा विहान बेलुका नियमित व्यायम गर्ने ।


*Approved by Nepal Government*
*Regd. Lic. No. : 87248/068/069*

# नागरिक सेक्युरिटी सर्भिस प्रा.लि.
# Nagarik Security Service (P.) Ltd.

Kathmandu-35, Koteshwor, Jadibuti, Nepal
Phone : 01-4992795, 6210488
Email : info.nagarikss@gmail.com
Website : www.nagariksecurity.com.np



**Our Services**

- Security Guard Training
- Body Guard + (Marshal ARt, Judo, Karate)
- College, School Hostel Guard
- Bank, Finance, Insurance any Investment Company Guard
- Hospital Guard
- Block (Tole) Mobile Security Guard
- Shopping Complex, Hotel, Housing & Home Guard
- Industries Guard
- Project & NGO, INGO Guard
- Money Transfer Guard
- Intelligence Guard
- Any Other Sectors Guard
- Daily Basic Guard (For any program, Party Palace etc.)

Faithful, a quality security guard suppliers & training, CCTV Camera, Fire extinguisher, metal detector with all kinds of Security accessories suppliers.



# द्वन्द्वले उजाडिएको सपना

- राधिका खड्का
आजीवन सदस्य
नेपाल पूर्व सशस्त्र प्रहरी संघ

प्यूठान जिल्ला मरन्ठाना गा.वि.स. वडा नं. ५ पाखाचिती भन्ने ठाँउमा २०२४/११/१३ गतेका दिन आमा पोमा जि.सी. र बुबा दान बहादुर जि.सी बाट मेरो जन्म भयो । जन्मेको छैटौं दिनमा भाविले नक्षत्रमा जे लेख्यो त्यो भोग्नै पर्ने रहेछ । पहिलाको चलन अनुसार छोरी मान्छेलाई पढाउने चलन थिएन । दाजुभाई पढ्नको लागि स्कुलतिर जान्थे, भने म घाँस दाउरा काट्न र गाई वस्तु चराउन जङ्गलतिर जान्थे । यसै गरी पढ्न नपाई मेरा दिनहरु पनि बित्दै जान थाले । मेरो उमेर पनि बढ्दै गयो अनि मेरो विहेको कुरा चल्न थाल्यो । विहेको कुराको क्रममा उहाँसँग मेरो लगन गाँठो गासियो एउटा देशको सेवक ( सशस्त्र प्रहरी निरीक्षक श्री शीर बहादुर खड्का) सँग लगन गाँठो गासि सकेपछि हाम्रो दाम्पत्य जीवन राम्रो सँग चल्दै गयो। हाम्रा ती दिनहरु एकदमै रमणीय थिए । यसै सीलसिलामा द्वन्दकालले चरम रुप लिदैं थियो जुन एकदमै अविस्मरणीय भयो । २०६१/०२/३२ गतेका दिनमा मेरो जीवनमा ठूलो बज्रपात भयो । उल्लेखित मितिका दिनमा बाँके खैरी खोला र झुटी खोलाको बीचमा उहाँले वीरगति प्राप्त गर्नु भएको कुरा रेडियोको माध्यमद्वारा मेरो कानसम्म पुग्यो । जुन कुरा मेरो लागि असह्य भयो । पहिले त मैले होइनकी भने तर पछि अर्को समाचार सुन्दा साच्चिकै रहेछ, त्यो घटना ।

त्यसपछि म अचेत अवस्थामा लड्न पुगेछु । त्यसपछिको घटना मलाई याद छैन । धैरै समयपछि म होसमा आउदो रहेछु अनि छिनमा अचेत अवस्थामा, त्यस बेलामा मलाई कस्तो पीडा भयो होला भन्ने कुरा त कि भगवानलाई थाहा होला, कि म जस्ता हजारौं सिउँदो पुछिएका महिलालाई थाहा होला, कि त स्वयम मलाई नै थाहा छ । संकटकालको बेलामा मलाई अनेकौं दबाब आउथें । त्यही डरले गर्दा मैले उहाँलाई भन्ने गर्थे, यस्तो अवस्थामा जागिर नखाए पनि हुन्छ । बरु दुःख सुख गरी जीउला तर, उहाँले भन्नुहुन्थ्यो 'नानु' त्यसो नभन मैले तिम्रो श्रीमान भएर मात्र होइन, छोरा - छोरीको बाबा भएर मात्र होईन, नेपाल आमाको सन्तती भएर उहाँको रक्षा गर्नुपर्छ । यतिबेला देशलाई मेरो आवश्यक छ, तिमी वीर सेवकको श्रीमती हौ तिमिले हिम्मत राख्नुपर्छ भन्नु हुन्थ्यो । उहाँका यस्ता देशप्रेमी शब्दहरु नै मेरो बाँच्ने आधार भएका छन् । जुन पिडा मैले भोगें, मेरा सन्तानले भोगे ! हे भगवान त्यो पिडा कसैलाई पनि नपरोस् । जुन पिडामा हामी तड्पिएर बाँचेका छौं, त्यसका लागि नेपाल सरकार र सशस्त्र प्रहरी बलको पहलमा यस्ता परिवारलाई शिक्षा र रोजगारीको व्यवस्था गरिदिने हो भने घाउमा मलहम पट्टी लगाएको भान हुनेथियो । जुन सपनाहरु सजाएर हामी अगाडि बढेका थियौं, त्यो सबै अधुरा भए, यस्ता नेपाल आमा वीर सपुतका धर्मपत्नी तथा तीनका आश्रित परिवारजनको भरणपोषणको उचित व्यवस्थाका अतिरिक्त भरपर्दो रोजगारीको हुन सकेमात्र देशका सच्चा सपुतको रगतले शान्ति पाउने थियो । पूर्व सशस्त्र प्रहरी संघको स्थापनाको मुल मर्मलाई अंगीकार गर्दै म जस्ता एकल महिलाको वास्तविक समस्यालाई सम्बन्धित ठाँउसम्म पुऱ्याई जायज मागलाई सम्बोधन गराउने तर्फ नेपाल पूर्व सशस्त्र प्रहरी संघको सक्रिय सहयोगको अपेक्षा गर्दै द्वन्दले उजाडिएको सपना साकार हुने दृढ विश्वास, पूर्ण भरोसाका साथ कष्टकर जीवन गुजारिरहेकी छु । म जस्ता द्वन्द पिडित महिलाले सन्तोषको सास फेर्ने दिन आउला !

**(लेखक - वीरगती प्राप्त स.प्र.नि. शिर बहादुर खड्काकी धर्मपत्नी हुनुहुन्छ।)**

# नेपाल पूर्व सशस्त्र प्रहरी संघको
# आर्थिक प्रशासन सम्बन्धि नियमावली २०७०

नेपाल पूर्व सशस्त्र प्रहरी संघको आर्थिक क्रियाकलापलाई व्यवस्थित गर्न र आर्थिक अनुशासन कायम गर्न संघको विधान २०६४ को नियम ४० ले दिएको अधिकार प्रयोग गरी कार्यकारीणी समितिले यो नियम बनाई लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. नाम र क्षेत्र :**

१) यी नियमहरुको नाम "आर्थिक प्रशासन सम्बन्धि नियमावली २०७०" रहेका छन् ।

२) यी नियमहरु संचालक समितिले पारित गरेको मिति २०७०/ / गतेबाट लागू हुनेछन् ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा :

क) "संघ" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघ सम्भन्नु पर्छ ।

ख) "समिति" भन्नाले संघको कार्यकारीणी समिति सम्भन्नु पर्छ ।

ग) "उप-समिति" भन्नाले यी नियमहरु बमोजिम गठन भएको उप-समिति सम्भन्नु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले संचालक समितिको अध्यक्षलाई सम्भन्नु पर्दछ ।

ङ) "महासचिव" भन्नाले संचालक समितिको महासचिवलाई सम्भन्नु पर्दछ ।

च) "सचिव" भन्नाले संचालक समितिको सचिवहरुलाई सम्भन्नु पर्दछ ।

छ) "कोषाध्यक्ष" भन्नाले संचालक समितिको कोषाध्यक्षलाई सम्भन्नु पर्दछ ।

ज) "पदाधिकारी" भन्नाले संघका अध्यक्ष, उपाध्यक्ष लगायत अन्य कार्यकारीणी समिति भित्रका सम्पूर्ण सदस्यहरुलाई सम्भन्नु पर्छ ।

झ) "प्रबन्ध संचालक" भन्नाले संघको विधान २०६४ को दफा ४२ बमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेको अवस्थामा संघको दैनिक काम कारबाहीको रेखदेख, नियन्त्रण, निर्देशन, निरीक्षण र समन्वय समेतको कार्य गर्ने गरी समितिले तोकिएको कार्यकारीणी सदस्यलाई सम्भन्नु पर्दछ ।

ञ) "व्यवस्थापक" भन्नाले संघको विधान २०६४ को दफा ४२ बमोजिम नियुक्त भएको व्यवस्थापक लाई सम्भन्नु पर्छ र सो शब्दले "महाप्रबन्धक" समेतलाई जनाउने छ ।

ट) "सल्लाहकार" भन्नाले संघको विधान २०६४ को दफा २ को उपदफा ट बमोजिम सल्लाहकारमा मनोनयन भएका व्यक्तित्वहरुलाई सम्भन्नु पर्दछ ।

ठ) "सदस्य" भन्नाले संघको विधान २०६४ को दफा ५ बमोजिमका सबै किसिमका सदस्यहरुलाई सम्भन्नु पर्छ ।

ड) "विधान" भन्नाले संघको विनियम (विधान २०६४ संशोधन सहित) लाई सम्भन्नु पर्छ ।

ढ) "आर्थिक बर्ष" भन्नाले श्रावण संक्रान्तिदेखि अषाढ मसान्तसम्मको अवधि लाई सम्भन्नु पर्दछ ।

ण) "स्थानीय कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय, लगायतका अन्य सरकारी कार्यालयहरुलाई सम्भन्नु पर्छ ।

त) “स्थानीय निकायहरु” भन्नाले जिल्ला विकास समिति,गाँउ विकास समिति, महानगर तथा नगरपालिका र वडा स्तरका समिति समेतलाई जनाउँछ ।

## परिच्छेद २
## कार्यक्रम तथा बजेट

**३. कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वन गर्ने :**

१) संघको निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न प्राथमिकताको आधारमा समितिले आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा चालू आर्थिक वर्षको वैशाख महिना भित्रमा गर्नु पर्छ ।

२) समितिले निम्न व्यक्तिहरु भएको कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति गठन गरी कार्यक्रम तथा बजेट मस्यौदा गर्न गराउन सक्नेछ ।

क) सञ्चालकहरु मध्येबाट संयोजक समेत गरी सदस्यहरु - २ जना

ख) व्यवस्थापकले सदस्य सचिवको रुपमा काम गर्नेगरी १ जना तर आवश्यकता अनुसार विषय विशेषज्ञको रुपमा अन्य कुनै व्यक्तिलाई उप-समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

३) कार्यक्रम तथा बजेटको मस्यौदा गर्दा देहायका कुरामा ध्यान दिनु पर्छ ।

क) प्राथमिकता दिएका कार्यक्रमहरु सञ्चालन गर्दा हाँसिल गर्न चाहेको उद्देश्य, अवलम्वन गर्न खोजिएको नीति र कार्यान्वयनको लागि अपनाउनु पर्ने कार्यनीति ।

ख) सञ्चालन गर्न खोजेको विस्तृत कार्यक्रम, कार्यान्वयन गर्न खोजेको अवधि, चाहिने जनशक्ति, पूँजी, सञ्चालन खर्च आदि ।

ग) कार्यक्रम सञ्चालनको लागि चाहिने पूँजीको स्रोत ।

घ) कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट हुने भौतिक तथा आर्थिक उपलब्धी ।

ङ) कार्यक्रम तथा बजेटको कार्यान्वयनको नियन्त्रण ।

च) कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट सदस्यहरुमा गर्न सक्ने आर्थिक प्रभाव ।

छ) कार्यक्रम तथा बजेटको कार्यान्वयनको अनुगमन, प्रगतिमापन र समीक्षा ।

४) समितिले कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यकारीणी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

५) समितिले स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न व्यवस्थापकलाई अधिकार सहित निर्देशन दिन सक्नेछ ।

६) समितिले कार्यक्रम तथा बजेट कार्यान्वयन प्रगति त्रैमासिक रुपमा समीक्षा गर्नु पर्नेछ ।

## परिच्छेद ३
## स्वीकृत बजेट खर्च गर्ने

**४. खरीद वा निर्माण गर्ने अधिकार :**

१) संघको लागि खर्च भै जाने सामान (जस्तै : मसलन्द आदि) खरीद गर्दा स्वीकृत वार्षिक बजेट र कार्यक्रम भित्र रही निम्नानुसार गर्नु पर्नेछ ।

क) एक पटकमा रु. ५,०००/- सम्मको सामान खरीद गर्दा व्यवस्थापक/कोषाध्यक्ष आफैले नियमानुसार खर्च गर्न सक्नेछ ।

ख) एक पटकमा रु. ५,०००/- भन्दा बढीको सामान खरीद गर्दा अध्यक्षको पूर्व स्वीकृति लिई व्यवस्थापक/कोषाध्यक्षले नियमानुसार खर्च गर्न सक्नेछ ।

२) स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक मालसामान खरीद गर्दा एक पटकमा रु.५,०००/- सम्मको मालसामान खरीद गर्दा व्यवस्थापक/कोषाध्यक्ष स्वयमले खर्च गर्न सक्ने र सो भन्दा बढीको हकमा व्यवस्थापक/कोषाध्यक्षले अध्यक्षको पूर्व स्वीकृति लिई खर्च गरी समितिबाट समर्थन गराउनु पर्नेछ ।

३) संघको प्रयोगको लागि स्वीकृत वार्षिक कार्यक्रम र बजेट तथा नीति अनुसार यन्त्र, घर, जग्गा, गोदाम, सवारी साधन, इत्यादि स्थायी प्रकृतिका चल अचल सम्पत्ति खरीद गर्दा वा निर्माण गर्दा वा विशेष मरमत गर्दा समितिबाट निर्णय गराई मात्र गर्नु पर्नेछ ।

**५. रकमान्तर :**

१) समितिले अति आवश्यक देखेमा संघको एक शीर्षकको स्वीकृत वार्षिक बजेट रकम अर्को शीर्षकमा रकमान्तर गर्न सक्नेछ । सोको जानकारी साधारण सभामा पेश गर्नु पर्नेछ । तर संघको प्रयोगको लागि स्थायी सम्पत्ति सामान खरीद गर्न वा कारोवारको मालसामान खरीद गर्न वा कर्मचारीको भत्ता शीर्षकमा छुटाइएको बजेट रकम अर्को शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

**६. बजेट थप :**

१) कुनै आर्थिक वर्षमा स्वीकृत शीर्षक बजेट रकम कुनै शीर्षकमा नपुग भै थप नगरी नहुने अवस्था भएमा समितिले निर्णय गरी बजेट थप गर्न सक्नेछ । तर त्यस्तो थप बजेट रकम आगामी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२) उप-नियम (१) बमोजिमको बजेट थप अन्य शीर्षकमा विनियोजित रकमबाट रकमान्तर गर्न नपुग्ने भएमा मात्र गर्न सकिने छ ।

**७. खाता सञ्चालन :**

१) नियम बमोजिम समितिले तोके भन्दा बढी नगद रकम बैंकमा संघको नाममा खाता खोली राखिने छ ।

२) यस्तो खाताको सञ्चालन संचालक समितिको अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट गरिने छ ।

**८. बैंकबाट भुक्तानी दिने :**

१) संघले कारोवार वा प्रयोगको मालसामान खरीद गर्दा वा संघसँग सम्बन्धित कामको सिलसिलामा खर्च गर्दा रु. १,०००/- भन्दा बढीको भुक्तानी सामान्य चेकद्वारा गर्नु पर्नेछ । तर कुनै सामान बजारबाट सिधै खरीद गर्नु पर्दा भने रु. ५,०००/- भन्दा बढीको हकमा मात्र चेकद्वारा भुक्तानी दिनु पर्नेछ ।

**९. लेखा :**

१) संघले नियमावलीमा तोकिए बमोजिमको खाताहरु राख्नेछ । संघको हिसाव किताबहरु दोहोरो लेखा प्रणाली बमोजिम राखिने छ । यसको आर्थिक बर्ष श्रावण १ देखि आषाढ मसान्त सम्मलाई मानिने छ । र संघका मूल खाताहरु अनुसूची १ बमोजिम राखिने छन् ।

२)	संघले आर्थिक कारोवार हुनासाथ त्यसको लेखा स्पष्ट, व्यवस्थित र अद्यावधिक किसिमले राख्नु पर्नेछ ।

३)	उप-नियम (२) अनुसार प्रत्येक आर्थिक कारोवारको लेखा राख्दा सो कारोवारलाई पुष्ट्याँई गर्ने बील, भौचर, भरपाई, सम्झौता पत्र वा यस्तै प्रकारका अन्य कागजातहरु समेत समावेश गर्नु पर्नेछ ।

४)	संघमा भएका प्रत्येक कारोवार सही, वास्तविक र उपयुक्त छ छैन हेरी अध्यक्ष/कोषाध्यक्षबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

५)	संघको हिसाव किताबहरु उप-नियम अनुसार राख्ने, राख्न लगाउने उत्तरदायित्व व्यवस्थापक/कोषाध्यक्षको हुनेछ ।

६)	संघमा प्रत्येक दिन प्राप्त भएको नगद तथा जिन्सी मालसामानलाई निम्न बमोजिम गर्नु पर्दछ ।

क)	कुनै कार्यक्रमबाट प्राप्त नगद रकमलाई लेखापाल भए निजलाई र निज नभए व्यवस्थापक/कोषाध्यक्षलाई बुझाई भरपाई लिनु पर्नेछ । व्यवस्थापक/कोषाध्यक्ष वा लेखापालले पनि त्यस्तो रकम बुझ्दा नियमानुसारर रकम बुझी लिई भरपाई गरी दिनु पर्नेछ र त्यस्तो रकमको तुरुन्त लेखा गरी राख्नु पर्नेछ । यसरी प्राप्त रकमलाई यथासम्भव सोही दिन वा सोही दिनमा नभ्याए भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ ।

ख)	संघमा अन्य किसिमले प्राप्त हुन आएको रकमलाई समेत उप-नियम (५) को खण्ड (क) अनुसार बुझी बुझाई बैंक दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद ४
## माल सामान खरीद तथा काम गराउने व्यवस्था

**१०. माल सामान खरीद आदेश :**

१)	संघले आफ्नो प्रयोगको लागि आवश्यक माल सामान अधिकार प्राप्त अधिकारी/समितिको लिखित आदेशबाट नियमानुसार खरीद गर्न सक्नेछ ।

२)	संघले सम्पत्ति किसिमका माल सामान खरीद तथा विक्री गर्दा समितिले देहाय बमोजिमको एक खरीद विक्री उप-समिति गठन गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| क) | सञ्चालकहरु मध्येबाट संयोजक समेत गरी सदस्यहरु | २ जना |
| ख) | व्यवस्थापक सदस्य सचिव | १ जना |
| | | ३ जना |

**११. माल सामान खरीद गर्ने :**

१)	नियम १० बमोजिम माल सामान खरीद गर्ने आदेश प्राप्त गरेपछि संघले देहाय बमोजिमको रकमको माल सामान खरीद वा ढुवानी गर्दा देहाय बमोजिम गर्न सक्नेछ ।

क)	एक पटकमा रु. २५,०००/- (पच्चिस हजार रुपैयाँ) सम्म सोझै बजारबाट ।

ख)	एक पटकमा रु. २५,०००/- (पच्चिस हजार रुपैयाँ) भन्दा माथि रु. १,००,०००/- (एक लाख रुपैयाँ) सम्म दरभाउ पत्र (कोटेशन) बाट ।

ग)	खण्ड (ख) मा तोकिएको अङ्कदेखि माथि जतिसुकै रकमको भएपनि बोलपत्र वा घटाघटद्वारा ।

२) उप-नियम (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा दरभाउपत्र वा बोलपत्रद्वारा खरीद गर्न आवश्यक हुने छैन ।

क) विदेशी सरकार वा अन्तराष्ट्रिय एजेन्सीहरुबाट सो एजेन्सीहरुद्वारा निर्धारित बिक्री मोलमा खरदि गर्न ।

ख) नेपाल सरकारको स्वामित्व रहेको संगठित संघ, कम्पनी वा फर्मबाट सिधै वा त्यसको अधिकृत एजेन्टबाट सो संघ, कम्पनी वा फर्मद्वारा उत्पादित माल सामान खरीद गर्न ।

ग) संघ र त्यसको क्षेत्रीय तथा जिल्ला कार्यालयवाट निर्धारित विक्री मोलमा सामान खरीद गर्न ।

**१२. दरभाउ पत्रद्वारा खरीद गर्ने :**

१) नियम १० को उप-नियम (१) को खण्ड (ख) बमोजिम दरभाउ पत्रद्वारा खरीद गर्न सम्बन्धित माल सामानको कारोवार गर्ने फर्म, कम्पनीहरुको विवरण सम्बन्धित कर कार्यालय वा अन्य कार्यालयहरुबाट लिई सो विवरणमा परेको फर्म वा कम्पनी मध्ये उपलब्ध भएसम्म घटीमा ३ वटा फर्म वा कम्पनीबाट दरभाउ पत्र प्राप्त गर्नु पर्नेछ । सबैभन्दा कम मूल्यमा दिने फर्म वा कम्पनीसँग खरीद गर्नु पर्नेछ । तर दुई वटा भन्दा बढी फर्म वा कम्पनी दर्ता नभएको हकमा सो बाट प्राप्त दरभाउको आधारमा पनि माल सामान खरीद गर्न सकिनेछ ।

२) उप-नियम (१) बमोजिम कम मूल्यको दरभाउ पत्र दिने फर्म वा कम्पनीले पेश गरेको सामानहरुको गुणस्तर र दरभाउ पत्रका शर्तहरु उपयुक्त नदेखिएमा बढी दरभाउ पत्रवालासँग पनि खरीद गर्न सकिने छ । यसरी बढी दरभाउ पत्रवालासँग खरीद गर्नु पर्दा सोको कारण खुलाई समितिको पूर्व स्वीकृति लिई खरीद गर्नु पर्नेछ ।

**१३. निर्माण सम्बन्धी काम गर्ने :**

१) संघको साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुरुप कुनै पनि निर्माण मर्मत संभार र सुधार कार्यको निमित्त नक्शा, नमुना र आधार तयार गरी सोको लागत अनुमान तयार गर्ने र सो बमोजिम काम भए नभएको समेत मूल्याङ्कन गरी जाँच पास गर्न समितिले जिल्लास्थित भवन, आवास तथा शहरी विकास शाखामा अनुरोध गर्ने छ ।

२) उप-नियम (१) बमोजिम अनुरोध गरिएको कार्य गर्न सम्बन्धित भवन, आवास तथा शहरी विकास शाखाद्वारा असमर्थता प्रकट गरिएमा उप-नियम (१) को अलावा अन्य कार्य गर्न समेत संघले सम्बन्धित विषयका विशेषज्ञ वा फर्महरुवाट आवश्यक विवरण सहित परामर्श दाता (कन्सलट्यान्ट) को रुपमा काम गर्न दरखास्त आह्वान गर्न सक्नेछ ।

३) उप-नियम (२) बमोजिम प्राप्त हुन आएका दरखास्त उपर छानविन गरी सबैभन्दा सक्षम, योग्य र विश्वासिलो व्यक्ति वा फर्मलाई समितिले कन्सलट्यान्टको रुपमा नियुक्त गर्न सक्नेछ ।

४) परामर्शदाताले संघलाई परामर्श सेवा र सुविधाका शर्तहरु समिति र कन्सलट्यान्टको बीचमा भएको सम्झौता अनुसार हुनेछ ।

५) जिल्ला स्थित भवन, आवास तथा शहरी विकास शाखा वा परामर्शदाताहरु द्वारा तयार गरिएको नक्शा, नमुना अनुसारको लागत अनुमान समितिले संघको आर्थिक क्षमतालाई समेत दृष्टिगत

गरी स्वीकृति गर्न सक्नेछ। यसरी स्वीकृत लागत अनुमानमा सो काम गर्न लाग्ने समयावधि पनि किटान गरिएको हुनु पर्नेछ।

६) उप-नियम (५) बमोजिम स्वीकृत भएको लागत अनुमानमा उल्लेखित कामको परिमाण र मूल्यमा कुनै हेरफेर गर्नु परेमा वा स्वीकृत नक्शा, नमुनाका आधारमा कुनै परिवर्तन गर्नु परेमा पुनः समितिबाट निर्णय गराउनु पर्नेछ।

७) उप-नियम (५) वा (६) बमोजिम स्वीकृत लागत अनुमान नक्शा र नमुना बमोजिमको निर्माण कार्य समितिले अमानत वा ठेक्काबाट गराउन सक्नेछ।

८) निर्माण सम्बन्धी काम ठेक्काबाट गराउनु पर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) स्वीकृत लागत अनुमान अनुसार रु. १,००,००० (एक लाख रुपैंया) सम्मको काम दर भाउ पत्र नलिई वा घटाघट नगराई सोझै गर्न सकिने छ।

(ख) रु. १,००,००० (एक लाख रुपैंया) भन्दा बढी रु. ५,००,००० (पाँच लाख रुपैंया) सम्मको कामको लागि कम्तीमा तीन वटा फर्मबाट सिलबन्दी दरभाउपत्र प्राप्त गरी वा घटाघट गरी गर्न सकिने छ।

(ग) बढी रु. ५,००,००० (पाँच लाख रुपैंया) भन्दा बढी जतिसुकै कामको बोलपत्र माग गरी वा घटाघट गरी गर्न, गराउन सकिने छ।

९) उप-नियम (८) को खण्ड (ग) बमोजिम बोलपत्र माग गरिएकोमा बोलपत्र नगरी वा अन्य कुनै कारणबाट/अमानतबाट निमार्ण कार्य गराउनु परेमा स्वीकृत लागत अनुमान अनुसार निमार्ण कार्य गराउन सकिने छ।

१०) उप-नियम (८) बमोजिम अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो कार्यको खण्ड-खण्ड गरी ठेक्कामा दिन वा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा काम दिन सकिने छ।

११) यस नियम बमोजिम दरभाउपत्र वा बोलपत्र वा घटाघट गरी ठेक्काबाट काम गराउँदा दर्तावाला म्याद भएको ठेकेदारहरुबाट गराउनु पर्नेछ।

१२) स्वीकृत लागत अनुमान बमोजिम निर्माण सम्बन्धी काम हुँदाकै बखतमा र सम्पन्न भै सकेपछि निर्धारित नक्शा, नमुना र आधार बमोजिम गुणस्तरयुक्त काम भए नभएको जाँचबुझ गराउन समितिले सम्बन्धित भवन, आवास तथा शहरी विकास शाखालाई अनुरोध गर्न सक्नेछ। उक्त कार्य गर्न सो शाखाद्वारा असमर्थता देखाइएमा मात्र समितिले कन्सल्ट्यान्टद्वारा सो कार्य गराउने छ।

१३) यस नियम बमोजिम प्राप्त हुन आएका दरभाउपत्र वा बोलपत्र खोलिनु भन्दा अगावै नै तय भई सकेको हुनु पर्नेछ।

**१४. बोलपत्र :**

१) बोलपत्र सम्बन्धी कागजात तयार पारी समितिबाट स्वीकृत भै सकेपछि दुई लाख रुपैंया भन्दा बढीको बोलपत्रको माग राष्ट्रिय दैनिक पत्रिकामा र दुई लाख रुपैंया सम्मको बोलपत्रको माग गर्दा स्थानीय दैनिक पत्रपत्रिकामा देहायका कुराहरु खुलाई दुई पटक सम्म प्रकाशित गर्नु पर्ने र संघको कार्यालयहरु, स्थानीय कार्यालयहरु र स्थानीय निकायहरुमा समेत सबैले देख्ने ठाँउमा टाँस्नु पर्नेछ।

क)	बोलपत्र पठाउनु पर्ने तरीका,
ख)	बोलपत्र बापत लाग्ने दस्तुर,
ग)	बोलपत्र दाखिला गर्नु पर्ने म्याद र स्थान,
घ)	बोलपत्र खोल्ने मिति, समय र स्थान,
ङ)	जमानत बापतको रकम,
च)	अन्य आवश्यक कुराहरु ।

तर काठमाडौं उपत्यकामा भने जतिसुकै बोलपत्र माग गर्दा पनि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ । स्थानीय पत्रपत्रिका नभएको ठाउँमा बोलपत्र सूचना प्रकाशित गर्नु पर्दा सोको सूचना बोलपत्र माग गर्ने संघ, स्थानीय कार्यालयहरु, स्थानीय निकायहरु समेत सबैले देख्ने ठाउँमा टाँस्नु पर्नेछ ।

२)	बोलपत्र दाखिल गर्नुपर्ने म्यादको हकमा दुई लाख रुपैंया सम्मको बोलपत्र भए बोलपत्र प्रकाशित भएको मितिले १५ दिन, दुई लाख रुपैंयादेखि पाँच लाख रुपैंयासम्मको बोलपत्र २१ दिन र सो भन्दा बढी भए आवश्यकता अनुसार १ महिनादेखि २ महिनासम्मको म्याद दिनु पर्नेछ ।

३)	बोलपत्र दिने व्यक्तिले दुई लाख रुपैंयासम्मको बोलपत्रको लागि रु. १,०००/-, दुई लाख रुपैंयादेखि पाँच लाख रुपैंयासम्मको लागि रु. १,५००/- र पाँच लाखभन्दा माथि जतिसुकै रकमको बोलपत्र भए पनि रु. २,०००/- तिरी संघबाट संघको छाप र व्यवस्थापकको दस्तखत सहितको बोलपत्र फारम किन्नु पर्नेछ र यस्तो बोलपत्र फारमको साथमा ठेक्काको साधारण र विशेष शर्तहरु पनि संलग्न रहेको हुनु पर्छ । बोलपत्र फारमको अतिरिक्त नक्शा, नमुना लिनु परेमा समितिले तोकिदिए बमोजिम रकम तिरी लिनु पर्ने छ । निर्माण गर्दा वा सेवा उपलब्ध गर्दा वा माल सामान दिँदा लिँदा ठेकेदारले पालना गर्नु पर्ने मुख्य मुख्य शर्तहरु फारममा उल्लेख गर्नु पर्छ ।

४)	बोलपत्र फारम विक्री भएको र बोलपत्र दर्ता भएको विवरण छुट्टै किताबमा उल्लेख गरी राख्नु पर्छ ।

५)	बोलपत्र दिँदा उप-नियम (३) बमोजिमको बोलपत्र दिने व्यक्तिको बोलपत्र सम्बन्धी कागजातमा दस्तखत गर्नु पर्नेछ ।

६)	उप-नियम (१) को खण्ड (ङ) बमोजिमको जमानत वापतको रकम लागत अनुमान अङ्कको साँढे दुई प्रतिशतले हुने मूल रकमको नगद जमानत बोलपत्र साथ बोलपत्र पिच्छे छुट्टै दाखिला गर्नु पर्ने र बोलपत्र स्वीकृत भएपछि ठेक्का पट्टा गर्ने ठेक्का अङ्कको पाँच प्रतिशत बराबरको नगद जमानत दाखिला गर्नु पर्नेछ ।

**१५. अन्तर्राष्ट्रिय बोलपत्र :**

१)	अन्तर्राष्ट्रिय बोलपत्र माग गर्दा नेपाल अधिराज्य स्थित विदेशी कुटनीतिक नियोगलाई समेत बोलपत्रको सूचना पठाउनु पर्नेछ ।

तर कुनै सम्झौता बमोजिम कुनै खास मुलुकहरुबाट मात्र बोलपत्रको माग गर्नु परेमा त्यस्तो मुलुकहरु बाहेक अरु मुलुकहरुका कुटनैतिक नियोगहरुलाई सूचना गर्नु पर्नेछ ।

**१६. विदेशीले बोलपत्र दिँदा खुलाउनु पर्ने कुराहरु :**

१) विदेशी फर्म, कम्पनी वा व्यक्तिले अन्तर्राष्ट्रिय बोलपत्र लगायत कुनै बोलपत्र दिँदा त्यस्तो फर्म, कम्पनी वा व्यक्तिले बोलपत्रमा देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ :

क) नेपाल अधिराज्य भित्र आफ्नो कुनै एजेन्ट वा प्रतिनिधि नियुक्ति भएको वा नभएको,

ख) एजेन्ट वा प्रतिनिधि नियुक्ति भएको भए :

१. एजेन्ट वा प्रतिनिधिको नाम र ठेगाना,

२. एजेन्ट वा प्रतिनिधिले माग्ने कमिशनको अङ्क, मुद्राको किसिम र भुक्तानी तरिका,

३. एजेन्ट वा प्रतिनिधिसँग भएको अन्य कुनै शर्त ।

२) विदेशी फर्म, कम्पनी वा व्यक्तिको तर्फबाट स्थानीय एजेन्ट वा प्रतिनिधिले कुनै बोलपत्र दिँदा बोलपत्रमा उप-नियम (१) को खण्ड (ख) को उप-खण्ड (२) र (३) बमोजिमका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

**१७. बोलपत्र खोल्ने**

१) नियम १६ को उप-नियम (१) बमोजिम सूचना अनुसार पर्न आएका बोलपत्रहरु सोही सूचनामा तोकेको मिति, स्थान र समयमा उपस्थित बोलपत्रदाताहरु वा निजहरुको रोहवरमा प्रतिनिधिको खोली सबैको सहीछाप गर्नु गराउनु पर्छ । तर बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु तोकिएको मिति, स्थान र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा बाधा हुने छैन ।

**१८. बोलपत्र स्वीकृत गर्ने अधिकार :**

१) नियम १७ बमोजिम खोलिएको बोलपत्र ठेक्काको कुल रकमको आधारमा स्वीकृत गर्ने नगर्ने र ठेक्का दिने नदिने अधिकार समितिमा निहीत रहने छ ।

२) बोलपत्र स्वीकृत गर्ने सिलसिलामा समितिको देहाय बमोजिमको कर्तव्य हुनेछ :

क) नियम १९ बमोजिमको रीत नपुगेको बोलपत्र स्वीकार गर्नु हुँदैन ।

ख) साधारणतः सबैभन्दा घटी दरवालाको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । तर बोलपत्रहरुको स्वीकृतको लागि विचार हुँदा बोलपत्र दिने व्यक्ति वा संघको क्षमता, अनुभव, भरपर्दो भए नभएको आदि कुराको अतिरिक्त आर्थिक हैसियतको पनि ख्याल राख्नु पर्छ र घटीवालाको बोलपत्र स्वीकार गर्न मनासिव नदेखिएको कारण स्पष्ट खोली सो भन्दा बढी वालाको बोलपत्र पनि स्वीकार गर्न सकिने छ । यसरी बोलपत्र स्वीकृत गर्दा आगामी साधारण सभालाई सो को मानसिव कारणको जानकारी दिनु पर्नेछ ।

ग) यी नियमहरु बमोजिम पर्न आएको बोलपत्रहरुमा आंशिक रुपले स्वीकार गर्दा संघलाई फाइदा हुने भएमा बोलपत्र दिनेको मञ्जुरी लिई त्यस्तो आंशिक रुपमा पनि स्वीकृत गर्न सकिन्छ ।

घ) लागत अनुमान भएकोमा सो लागत अनुमान गर्दा कायम भएको अङ्कको सयकडा १० सम्म बढी अङ्कको बोलपत्र पनि बढ्दाका कारणहरु मनासिव भए सो कुरा जनाई बजेटको व्यवस्था मिलाई स्वीकृत गर्न सकिने छ ।

ङ) लागत अनुमान भएको अङ्कको सयकडा १० भन्दा बढी कमसेकम तीन वटा बोलपत्र पर्न

आएमा स्थिति र औचित्य हेरी बोलपत्र दिनेहरु सबैबाट वा सबैभन्दा घटी रकम कबुल गर्ने बाट घटाघट गर्न सकिने छ र घटाघट गराउँदा अनुमान अङ्कको १० प्रतिशत भन्दा बढी हुन नआएमा अन्तिम घटाघट गर्नेलाई दिनु पर्नेछ । तर घटाघट गर्दा पनि अनुमान अङ्कको १० प्रतिशत भन्दा बढी हुन आएमा कारणहरु खुलाई बजेटको व्यवस्था मिलाई बोलपत्र स्वीकृत गर्न सकिने छ ।

च) एक मात्र रीतपूर्वकको बोलपत्र पर्न आएमा सामान्यतः पुनः अर्को बोलपत्र माग गर्नु पर्छ । तर सो बोलपत्रमा कबुल गरिएको रकम स्वीकृत लागत अनुमान अङ्कभित्र गर्न आएमा वा माल खरीदमा त्यस्तो मालको मोल कुनै कार्यालयबाट निर्धारित दर बराबर वा सो भन्दा घटी देखिएमा वा पुनः बोलपत्र माग गर्दा कार्यक्रम वा काममा ढिलाई हुन जाने भएमा त्यस्तो बोलपत्र पनि स्वीकृत गर्न सकिने छ ।

छ) एउटा पनि बोलपत्र नपरेमा वा एकमात्र बोलपत्र परेकोमा खण्ड (च) बमोजिमको बोलपत्र नभएमा पुनः बोलपत्र माग गर्नु पर्नेछ । पुनः बोलपत्र माग गर्दा पनि एक मात्र बोलपत्र पर्न आएमा त्यसलाई स्वीकृत गर्न सकिने छ । दुई पटक बोलपत्र आह्वान गर्दा पनि बोलपत्र नपरेमा र पुनः बोलपत्र माग गर्दा काममा बाधा पर्ने भएमा दरभाउपत्र वा लागत सम्बन्धी कुनै आधार लिई औचित्यको आधारमा वार्ताद्वारा खरीद गर्न वा अमानतबाट निर्माण गर्न सकिने छ ।

ज) पुनः बोलपत्र गर्नु पर्दा शुरुको बोलपत्रवालालाई कायम राखी आफ्नो बोलपत्र आह्वान गर्न सकिने छ ।

तर यसरी कायम राखेको बोलपत्रवालालाई चित्त नबुझे आफ्नो बोलपत्र खारेज होस् भनी पुनः बोलपत्र दाखिल गर्ने निर्धारित स्याद भित्र दरखास्त दिएमा निजको बोलपत्र खारेज गरी दिनुपर्ने र यसरी बोलपत्र खारेज भएमा त्यस्तो बोलपत्र स्वीकृत भए सरह जमानत फिर्ता गर्नु पर्नेछ ।

झ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर्राष्ट्रिय बोलपत्रमा पर्न आएका बोलपत्रहरुमध्ये नेपालमा उत्पादित वस्तु वा सेवा सम्बन्धी कुराहरु भएमा साढेसात प्रतिशतसम्म बढी अङ्क देखिन आएतापनि त्यस्तोलाई नै प्राथमिकता दिनु पर्ने छ ।

ञ) कुनै पनि कारणबाट पुनः बोलपत्र माग गर्नुपर्दा नियम १४ को उप-नियम (२) अनुसारको स्याद दिनु अनिवार्य हुने छैन ।

३) नेपाली उत्पादनका वस्तु वा सेवा वा निर्माण कार्यको लागि ठेक्का पट्टा दिँदा सामान्यताः नेपाली नागरिकलाई नै दिनु पर्नेछ ।

तर वैदेशिक सहायता वा ऋणबाट सञ्चालन हुने आयोजनाका लागि माग गरिने बोलपत्रको हकमा सो सहायता वा ऋण सम्बन्धी सम्झौतामा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

४) उप-नियम (२) मा लेखिएको अवस्थामा बाहेक बोलपत्र ठेक्का पट्टा सम्बन्धमा अरु विशेष अवस्था परेमा समितिको निर्णयनुसार गर्नु पर्नेछ ।

**१९. बोलपत्रमा कारवाही नहुने :**

१) निम्न लिखित रीत नपुगेको बोलपत्रमा कारवाही गरिने छैन :

क) संघबाट विक्री भएको बोलपत्र फारम भरी नआएको,

ख) सिलबन्दी भई नआएको,

ग) बोलपत्र दिनेको सहीछाप भई नआएको,

घ) म्याद भित्र दाखिला हुन नआएको,

ङ) नियम २४ को उप-नियम (१) वा (२) बमोजिम उल्लेख गर्नुपर्ने कुराहरु उल्लेख नगरेको वा गलत उल्लेख गरेको,

च) बोलपत्र माग गरेको सूचना बमोजिम जमानत वापतको रकम साथ नभएको ।

**२०. सार्वजनिक घटाघटको व्यवस्था :**

१) नियम १४ बमोजिम बोलपत्रद्वारा मालसामान खरीद गर्दा वा निर्माण कार्यको निमित्त ठेक्का बन्दोबस्त गर्दा समयमा काम नहुने भई त्यसबाट संघलाई हानी नोक्सानी हुने देखिएमा सार्वजनिक घटाघट गरी ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

२) उप-नियम (१) बमोजिम घटाघट गर्नु पर्दा निम्न कुरा खोली कम्तीमा ६ दिनको म्याद दिई पत्र पत्रिका भएको स्थानमा पत्र पत्रिका समेत २ पटक सूचना प्रकाशित गरी वा पत्र पत्रिका नभएको स्थानमा स्थानीय कार्यालय तथा निकायहरुमा सबैले देख्ने ठाँउमा सूचना टाँस्नु पर्छ ।

क) मालसामान वा मालको विवरण,

ख) घटाघट हुने स्थान,

ग) घटाघट हुने समय र मिति,

घ) डाँक स्वीकृत भएमा राख्नु पर्ने ठेक्का अङ्कको ५ प्रतिशत जमानत सोही दिनमा नै राख्नु पर्ने कुरा,

ङ) अन्य आवश्यक कुराहरु ।

३) यस नियम बमोजिम सार्वजनिक घटाघट गराउँदा संघका अध्यक्ष, कोषाध्यक्ष/व्यवस्थापक, स्थानीय कार्यालय तथा निकायका प्रतिनिधिहरुको रोहवरमा गराउनु पर्नेछ ।

तर कुनै कार्यालय वा निकायको प्रतिनिधि घटाघट हुने समयमा उपस्थित नभएको कारणले घटाघट कार्य रोकिने छैन ।

**२१. सार्वजनिक घटाघटको डाँक स्वीकृत गर्ने अधिकारीको अधिकार र कर्तव्य :**

१) सार्वजनिक घटाघट डाँक स्वीकृत गर्ने अधिकार सम्बन्धी समितिको हुनेछ र यस सम्बन्धमा समितिको कर्तव्य नियम १८ को उप-नियम (२) बमोजिम हुनेछ ।

**२२. स्वीकृतीको सूचना तथा पट्टा दिने र कबुलियत गराउने :**

१) यी नियमहरु बमोजिम बोलपत्र वा घटाघट डाँक स्वीकृत भै सकेपछि संघले ७ दिन भित्र सो सूचना सम्बन्धी व्यक्ति वा निकायलाई दिनु पर्छ ।

२) उप-नियम (१) बमोजिमको सूचना पाएपछि त्यस्तो सूचना पाउने व्यक्ति वा निकायले बाटाको म्याद बाहेक ७ दिन भित्र कबुलियत गरी पट्टा लिई सक्नु पर्छ । कबुलियत गराउँदा बोलपत्रका

शर्त र काम गर्ने तालिका र ठेक्का पट्टाका शर्तहरु बोलपत्र सम्बन्धी कागजात समेतको आधारमा मितव्ययीता र कार्यक्रम अनुसार काम सम्पन्न पर्ने गरी शर्त कबुलियत गराउनु पर्छ ।

३) उप-नियम (१) बमोजिमको म्यादभित्र हाजिर नभएमा वा कबुलियत गर्न मञ्जुर नगरेमा निजको जमानत वापत रहेको रुपैँया जफत गरिने छ र निजपछिको क्रमानुसारको घटी बोलपत्र दिने व्यक्ति वा निकायहरुलाई उप-नियम (१) बमोजिमको सूचना दिई आवश्यक जमानत लिई ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

तर यसरी ठेक्का बन्दोबस्त गर्दा पहिलो बोलपत्र दिने व्यक्तिको बोलपत्रको १० प्रतिशत अङ्कभन्दा बढी हुनु हुदैन र बढी भएमा पुन बोलपत्र आव्हान गर्नु पर्नेछ ।

४) एक पटक कायम भईसकेको कबुलियतका शर्तहरु संघ उपर आर्थिक दायित्व बढ्ने गरी थपघट गर्नु परेमा समितिको पूर्व स्वीकृति प्राप्त गर्नु पर्छ । आर्थिक दायित्व नबढ्ने गरी तथा संघलाई हानी नोक्सान नगर्ने गरी अरु मनासिब कुराहरु लिएर सम्झौता ठेक्का पट्टाका शर्तहरुमा संशोधन गर्नु पर्ने ठहराएमा समितिले विचार गरी संशोधन गर्न सकिने छ ।

**२३. बीचमा ठेक्का तोड्न नपाइने :**

१) नियम २२ बमोजिम पट्टा कबुलियत भईसकेपछि समिति र ठेक्का लिने व्यक्ति दुबैको मन्जुरी बिना ठेक्का अवधि भुक्तानी नहुँदै बीचमा ठेक्का तोड्न वा छाड्न पाउने छैन । तर पट्टा कबुलियत बमोजिम काम शुरु नगरेमा वा शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कामको प्रगती नगरेमा समितिले ठेक्का तोड्न सक्नेछ । यसरी बीचमा ठेक्का तोडिएमा ठेकेदारले जमानत वा अन्य कुनै काम बापत राखेको रकम जफत हुनेछ र अर्को ठेकेदार खडा गरी बीचमा ठेक्का तोडी अधुरो रहेको काम पूरा गर्न ठेक्का अङ्कभन्दा जे जति बढी खर्च पर्दछ त्यति नोक्सानी भएको रकम प्रचलित कानुन बमोजिम ठेकेदारबाट असुल उपर गरिने छ ।

**२४. भुक्तानी दिने :**

१) ठेकेदारले काम सम्पन्न गरी समय समयमा प्रस्तुत गरेको रनिङ बीलको ९० प्रतिशतसम्म रकम भुक्तानी दिन सकिने छ । तर यस उप-नियम बमोजिम रनिङ बीलको भुक्तानी दिँदा नियम १३ को उप-नियम (१२) बमोजिम सम्बन्धित भवन, आवास, तथा शहरी विकास शाखा वा कन्सलट्यान्टहरुद्वारा गरिएको जाँच पास प्रतिवेदन समितिले स्वीकृत गरेको हुनु पर्नेछ ।

२) यस नियम बमोजिम काम सम्पन्न नभई ठेकेदारलाई पेश्की दिन सकिने छैन ।

३) उप नियम (१) बमोजिम ठेकेदारलाई भुक्तानी दिँदा कटाईएको रकम र बोलपत्र दिँदा र बोलपत्र स्वीकृत हुँदा जमानत बापत रकम ठेक्का पट्टाको शर्त अनुसार काम समाप्त भई समितिले कार्य समाप्त भएको प्रतिवेदन स्वीकृत गरेको तीन महिना पछि फिर्ता दिनुपर्छ ।

## परिच्छेद ५
## ढुवानी तथा ज्यालादारी बन्दोबस्त

**२५. ढुवानी व्यवस्था :**

१) संघलाई कारोबार वा प्रयोगको लागि चाहिने मालसामान तथा सम्पत्ति ढुवानीको बन्दोबस्त समितिले ठेक्का वा ज्यालादारी मध्ये मितव्ययीताको आधारमा गर्नु पर्नेछ ।

२)	उप नियम (१) बमोजिम ठेक्काबाट ढुवानीको बन्दोबस्त गर्नु पर्दा अर्थिक वर्ष भरिमा ढुवानी गर्नु पर्ने मालसामानको अनुमानित परिमाण र कुन कुन स्थानमा के कति दररेटमा दुवानी गर्न सक्ने हो सो समेत खुलाई ढुवानी ठेक्का दिने सम्बन्धमा सूचना प्रकाशित गर्नु पर्नेछ ।

३)	उप नियम (२) बमोजिम ठेकेदारहरुबाट पर्ने आएका दरखास्तहरु उपर विचार गरी सामान्यत सबैभन्दा कम दररेटमा ढुवानी गर्न ठेकेदारको दरखास्त समितिले स्वीकृत गर्नु पर्नेछ । तर ठेकेदारसंग उपलब्ध ढुवानीको साधनहरु, ठेकेदार आर्थिक स्थिति, विश्वसनीयता, क्षमता तथा व्यवहार समेत विचार गरी बढी दररेटवालाको दरखस्त पनि समितिले स्वीकृत गर्न सक्नेछ । तर बढी दररेटवालाको दरखास्त स्वीकृत गर्नुपर्ने कारणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी बढी दररेटवालाको दरखस्त स्वीकृत गर्नु परेमा सोको मनासिव कारण समेत खोली साधारण सभालाई जानकारी दिनु पर्नेछ ।

४)	उप –नियम (३) बमोजिम समितिबाट ठेक्का दिन स्वीकृत दरखास्तवाला र संघको बीचमा ठेक्काका शर्तहरुको सम्बन्धमा कबुलियतनामा गर्नु पर्नेछ ।

५)	उप -नियम (४) बमोजिम ठेक्का दिन स्वीकृत ठेकेदारले समितिले तोकेको रकम धरौटी स्वरुप संघमा जम्मा गर्नु पर्नेछ ।

६)	यस नियम बमोजिम ढुवानी ठेक्का स्वीकृत गर्दा सम्बन्धित जिल्ला प्रशासनबाट निर्धारित दररेटलाई पनि आधार लिनु पर्नेछ ।

**२६.	निर्धारित ज्यालाको दररेटमा थपघट गर्न नहुने :**

१)	नियम २५ बमोजिम समितिबाट निर्धारित ज्यालाको दररेटमा थपघट हुने गरी ज्याला दिनु हुदैन ।

२)	उप-नियम (१) मा जेसुकै कुरा लेखिएको भएतापनि कुनै कामको निमित्त कुशल ज्यालादारीको आवश्यकता परी नियम ३३ बमोजिम दररेटमा त्यस्ता कुशल ज्यालादारी पाउन सम्भव नभएमा वा ढुवानी गर्नुपर्ने मालसमानको परिमाण, प्रकृति, जरुरिपना इत्यादि समेतलाई विचार गरी सो बमोजिमको दररेटमा ढुवानी गर्न नसकिएमा समितिले बढि दररेटमा काम वा ढुवानी गराउन सक्नेछ । तर यसरी बढि दररेटमा काम वा ढुवानी गराउँदा सो गर्नु पर्नाका कारणहरु स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद ७
## मिनाह तथा लिलाम बिक्री

**२७.	मिनाहा :**

१)	संघको कुनै सम्पत्ति सामान काबु बाहिरको परिस्थिति परी चोरी भएमा, हराएमा वा अन्य कुनै कारणले टुटफुट, नोक्सान भै काम नलाग्ने भएमा मिनाहा दिनु पर्दा के कति परिमाण वा रकम मिनाहा दिन उपयुक्त छ, समितिले निर्णय गरी साधारण सभामा सिफारिस गर्नु पर्नेछ ।

२)	उप-नियम (१) बमोजिम समितिले मिनाहाको लागि साधारण सभामा सिफारिस गरेको अवस्थामा साधारण सभाले मिनाहा दिने या नदिने निर्णय गर्नेछ ।

३)	उप-नियम (२) बमोजिम साधारण सभाले निर्णय गर्दा संघको कुनै सम्पत्ति सामान चोरी भएको वा हराएको अवस्थामा स्थानीय प्रहरी र अन्य सम्बन्धित निकायहरुमा जानकारी दिए नदिएको पनि हेर्नु पर्नेछ ।

४)	संघको कुनै सम्पत्ति कुनै ब्यक्ति, सदस्य, कर्मचारी वा संघबाट पाउनु, लिनु वा असुल गर्नु पर्ने रकम मिनाहा गर्नु पर्दा समितिको सिफारिशमा साधारण सभाले निर्णय गर्न सक्नेछ ।

**२८. लिलाम विक्री गर्ने :**

१)	संघको काम नलाग्ने मालसामान लिलाम विक्री गर्नुपर्दा खाता अनुसार रु १,००,०००/- सम्मको मालसमान समितिले र सो भन्दा बढीको हकमा साधारण सभाले लिलाम गर्ने स्वीकृति आदेश दिन सक्नेछ । तर लिलाम गर्ने स्वीकृति आदेश दिनुभन्दा अगाडि यस्ता मालसामान काम नलाग्ने हो भनी लेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरेको कोषाध्यक्षको सिफारिशमा समितिले पनि सहमति जनाएको हुनु पर्नेछ ।

२)	यस नियम बमोजिम लिलाम विक्री गरिने मालसामानको उपयोगिता, आयु, ह्रास कट्टी, अवशेष मूल्य र बजार मूल्य समेतलाई दृष्टिगत गरी समितिले ति मालसमानको खाता अनुसारको मूल्य वा अन्य कुनै मूल्यलाई न्युनतम मूल्य कायम गरी बढाबढ गराउनु पर्नेछ ।

३)	उप-नियम (१) बमेजिम काम नलाग्ने मालसामानहरु लिलाम विक्री गर्न स्वीकृति आदेश प्राप्त भएपछि संघले लिलाम विक्री गर्दा देहायका कुराहरु खुलाई स्थानीय पत्र पत्रिका भएको ठाँउमा स्थानीय र अन्य सार्वजनिक थानमा सबैले देख्ने ठाँउमा कम्तीमा १५ दिनको म्याद दिई सूचना टाँस्नु पर्छ ।

क)	मालसमानको विवरण,

ख)	लिलाम बढाबढ हुने स्थान, मिति र समय,

ग)	न्युनतम मूल्यबाट नै बढाबढ शुरु हुने कुरा,

घ)	लिलाम सकार गर्न बोलिएको अङ्कको ५ प्रतिशतले हुने नगद तुरुन्त धरौटी राख्नु पर्ने कुरा,

ङ)	अन्य आवश्यक कुराहरु ।

४)	उप-नियम (३) मा जेसुकै कुरा लेखिएको भएतापनि बोलपत्रबाट लिलाम विक्री गर्न साधारण सभाले मनासिव देखेमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई उप नियम (३) बमोजिम म्याद दिई समितिले बोलपत्र माग गर्न सक्नेछ । यसरी बोलपत्र आव्हान गरिएकोमा बोल अङ्कको ५ प्रतिशत हुने रकम बराबरको नगद जमानत बोलपत्रसाथ राख्नु पर्नेछ ।

५)	उप-नियम (३) वा (४) बमोजिम लिलाम विक्री गर्दा समितिले सबैभन्दा बढी मूल्य दिने व्यक्ति वा संघको लिलाम बढाबढ वा बोलपत्र स्वीकृत गरी उप-नियम (३) को खण्ड (घ) बमोजिम धरौटी लिई कवोल गरेको रकम बुझाउन निश्चित समय दिनेछ ।

६)	लिलाम सकार गरेको मालसमान उप-नियम (५) बमोजिम तोकिएको अबधिभित्र कबोल गरेको पूरा रकम बुझाई नउठाएमा संघमा राखिएको धरौटी जफत गरी त्यसपछि सबैभन्दा बढी कबोल गर्नेको सहमति लिई निजलाई दिने वा पूनः लिलाम गर्ने भन्ने निर्णय समितिले गर्नेछ ।

७)	यस नियम बमोजिम लिलाम बढाबढ गर्दा वा बोलपत्र माग गर्दा कसैले पनि न्युनतम मूल्य कबोल नगरेमा समितिले लिलाम विक्री गराउनु पर्नेछ ।

**२९. लागत कट्टा गर्ने :**

नियम ३५ बमोजिम मिनाहा दिएको रकम वा नियम २८ बमोजिम विक्री भएका मालसामानको लगत संघको खातापत्रबाट कट्टा गर्नु पर्नेछ ।

## परिच्छेद ७

## सम्पत्तिको जिम्मा, लगत, संरक्षण र बर बुझारथ

**३०. सम्पत्तिको जिम्मा :**

१)	संघमा रहेका सम्पूर्ण नगदी तथा जिन्सी सम्पत्तिहरु समितिको मातहतमा रहने छ ।

२)	उप-नियम (१) बमोजिम समितिको अधिनमा रहेका सम्पत्तिहरु समितिले संघमा दैनिक कार्य संचालन सुचारु रुपले गर्नमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार संघमा दैनिक रुपमा समय दिने सदस्य वा संघका कर्मचारीहरुको जिम्मा दिन सक्नेछ ।

३)	यस नियम बमोजिम संघमा दैनिक रुपमा समय दिने सदस्यले समितिको परामर्शमा कर्मचारीलाई जिम्मा दिएको सम्पत्ति हिनामिना भएमा त्यसको जवाफदेही क्रमशः सम्बन्धित सदस्य तथा कर्मचारीको अलावा अन्तिम जबाफदेही समिति नै हुनुपर्नेछ ।

४)	यस नियम बमोजिम सदस्य एवं कर्मचारीको जिम्मामा रहेका सम्पत्ति सामानको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने, संभार गर्ने वा चालु अवस्थामा राख्ने मुख्य दायित्व सम्बन्धित सदस्यको हुनेछ ।

५)	उप-नियम (५) बमोजिम काम गर्न सम्बन्धित सदस्यले आफ्नो जवाफदेहीता अनुसार कर्मचारीलाई लगाउन सक्नेछ ।

**३१. जिन्सी सम्पत्तिको लागत तयार गर्ने :**

संघमा रहेको र खरीद गरी वा नगरी सहायता वा अन्य कुनै पनि प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति प्राप्त हुनासाथ लगत तयार गरी सम्बन्धित खातामा आम्दानी बाँधी स्रेस्ता अधावधिक राख्नु पर्नेछ ।

**३२. निरीक्षण गर्ने :**

१)	नियम ३१ बमोजिम लगत खडा गरी राखिएको सम्पत्ति के कस्तो अवस्थामा छन् अध्यक्षले प्रत्येक आर्थिक बर्षमा कम्तीमा दुई पटक स्वयम् वा अन्य पदाधिकारी वा प्राबिधिज्ञद्वारा निरीक्षण गरी वा गर्न लगाई देहाय बमोजिम बिवरणहरु खुलेको प्रतिबेदन लिखितरुपमा लेखी वा लिई समितिमा प्रस्तुत गर्नु पर्नेछ ।

क)	सम्पत्तिको संरक्षण र संभार राम्रोसंग भएको छ वा छैन,

ख)	के कति सम्पत्ति सामानहरु बेकम्मा भई लिलाम गर्नु पर्ने अवस्थामा छन्,

ग)	के कति सम्पत्ति सामानहरु मर्मत गनुपर्ने अवस्थामा छन्,

घ)	सम्पत्ति सामानको हानी नोक्सानी भए नभएको, यसमा कसको लापरवाही वा सफलताबाट सो भएको हो, र

ङ)	सम्पत्ति खातामा आम्दानी नवाँधिएका सम्पत्ति सामानहरु भए के कति र कस्तो अवस्थामा छन् ।

२) उप-नियम (१) बमोजिम निरीक्षण प्रतिबेदन समितिमा प्रस्तुत भएपछि व्यवस्थापकले सम्पत्तिको मर्मत, संभार र संरक्षण आदि सम्बन्धमा समितिबाट निर्णय भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

**३३. बुझ बुझारथ गर्ने :**

१) नगदी, जिन्सी मालसमान तथा स्रेस्ताको जिम्मा कर्मचारी साधारणतया सरुवा, बढुवा, निलम्बन वा अबकाश प्राप्त भई वा अन्य कुनै कारणले संघ छोडी जाँदा वा सो कामबाट अलग हुँदा सात दिनभित्र बर बुझारथ गर्नु निजको कर्तव्य हुनेछ । बुझी लिने कर्मचारीले पनि तुरुन्त बुझी लिनु पर्नेछ ।

२) उप-नियम (१) बमोजिम बुझ बुझारथ हुँदा नगद वा जिन्सी मालसमान, स्रेस्ता आदिको हानी नोक्सानी वा हिनामिना भएको मालसमान वा आफ्नो जिम्मा रहेको कुनै पनि मालसमान साबुद दाखिला गर्न नसकेका त्यस्तो मालसामान जिम्मा लिने ब्यक्तिसित समितिले मालसामानको मूल्य असुल उपर गरी निज माथि प्रशासनिक कार्यवाही समेत गर्न सक्नेछ ।

३) उप-नियम (२) बमोजिम मूल्य असुल उपर गर्नु पर्दा समितिले सो मालसामानको अवस्था तथा वर्तमान बजार मूल्यलाई समेत विचार गरी मूल्य कायम गर्नेछ । समितिले आवश्यक देखेमा सम्बन्धित प्राविधिकको समेत राय लिन सक्नेछ ।

४) उप-नियम (१) बमोजिम बुझ बुझारथ गर्ने कर्तब्य भएका कर्मचारी नोकरीबाट अवकाश लिई सकेको, पत्ता नलागेको वा मरेको, स्वास्थ्यको कारणबाट होश ठेगानमा नभएको वा बौलाएको रहेछ र त्यस्तो कर्मचारीले गर्नु पर्ने बर बुझारथ निजको परिवारका सदस्यले गर्न चाहेमा समितिको रोहवरमा जसले बुझी लिनु पर्ने हो बुझी लिनु पर्छ ।

५) उप-नियम (१) बमोजिम बर बुझारथ गर्ने कर्तब्य भएको कर्मचारीलाई सो बमोजिम बर बुझारथ गरी सकेपछि संघमा बर बुझारथ विवरणको तीन प्रति तयार गरी एक प्रति बुझ्नेलाई दिई एक प्रति संघले राखी छोड्नु पर्नेछ ।

६) बर बुझारथ गर्ने ब्यक्ति बहाल टुटेको कर्मचारी भए निजले उप-नियम (५) बमोजिम बर बुझारथ तालिका पेश नगरी संघबाट पाउने कुनै पनि सेवा सुबिधाको रकम पाउने छैन ।

## परिच्छेद ८
## दण्ड सजाय तथा क्षतिपूर्ति

**३४. दण्ड सजाय :**

१) संघको कुनै पनि जिम्मेवार पदाधिकारी एवं कर्मचारीले तोकिएको अधिकार बमोजिम समितिद्वारा समय समयमा गरिएका निर्णयहरु कार्यान्वयन नगरी वा आफूले गर्नु पर्ने काम कर्तब्यनिष्ट भई इमान्दारी तथा प्रभाबकारी ढङ्गले नगरी वा लापरवाही गरी संघलाई हानी नोक्सानी पुऱ्याएमा समितिले त्यस्तो पदाधिकारी एवं कर्मचारीलाई नियमानुसार प्रशासनिक कारवाही गरी दण्ड सजाय समेत गर्न सक्नेछ ।

**३५. क्षतिपूर्ति :**

१) नियम ३४ बमोजिम संघलाई हुन गएको हानी नोक्सानी समितिले सम्बन्धित पदाधिकारी एवं कर्मचारीबाट निजले संघबाट पाउने रकम वा निजको अन्य सम्पत्तिबाट नियमानुसार असुल उपर गर्नेछ ।

## परिच्छेद ९
## तलब, भत्ता तथा दैनिक भ्रमण भत्ता

**३६. तलब भत्ता :**

१) पारिश्रमिक पाउने गरी कुनै कामको जिम्मेवारी लिएका पदाधिकारी एवं कर्मचारीले कर्मचारी प्रशासन नियमहरुमा व्यवस्था भए बमोजिम तलब भत्ता पाउने छन् ।

**३७. भ्रमण भत्ता पाउने :**

१) संघको कामको सिलसिलामा भ्रमणमा खटाउनु पर्दा पदाधिकारी एवं कर्मचारीहरुलाई समय सापेक्ष समितिले निर्णय गरे बमोजिमको भ्रमण भत्ता उपलब्ध गराईने छ ।

## परिच्छेद १०
## अन्य सुविधाहरू

**३८. अन्य सुविधाहरु :**

१) संघले छुट्टै कर्मचारी नियुक्ति गरेको अवस्थामा प्रत्येक वर्ष घटस्थापनाको १५ दिन अघि संघका कर्मचारीहरुले खाईआएको तलवको एक महिना बाराबरको रकम दशैं खर्च दिईनेछ ।

२) उप नियम (१) बमोजिम दशैं खर्च पाएका अस्थायी कर्मचारीले दशैं अघि र पछि गरी ६ महिना काम गरेको हुनु पर्नेछ । अन्यथा सो रकम काम गरेको अवधिको दामासाहीले फिर्ता गर्नु पर्नेछ ।

३) संघको आर्थिक क्षमतालाई दृष्टिगत गरी समितिको निर्णय अनुसार आफ्ना कर्मचारी हरुलाई सवारी भत्ता, खाजा भत्ता र संघको कामको सिलसिलामा चोट पटक लागेमा आंशिक रुपमा औषधि उपचार खर्च आदि उपलब्ध गराउन सकिने छ ।

**३९. बैठक परिवहन खर्च :**

१) संघको आर्थिक क्षमतालाई दृष्टिगत गरी समितिको निर्णय अनुसार बैठकमा सहभागी हुन आउने पदाधिकारी एवं सदस्यहरुलाई परिवहन खर्च उपलब्ध गराउन सकिने छ ।

२) समितिको बैठक बस्दा मितव्ययीतालाई ध्यानमा राखी सामान्य चियापान खर्च गर्न सकिने छ ।

**४०. सुबिधा कम गर्न सकिने :**

१) यस परिच्छेदमा संघको कर्मचारी तथा पदाधिकारी एवं सदस्यहरुले पाउन सक्ने सुबिधाहरुको सम्बन्धमा जेसुकै कुरा लेखिएको भएतापनि संघको आर्थिक क्षमतालाई विचार गरी समितिले कुनै किसिमको सुबिधा कम गर्न सक्नेछ ।

**४१. अनुसुचीहरुमा हेरफेर गर्न सकिने :**

१) यी नियमहरुका अनुसुचीहरुमा कार्यकारीणी समितिले आवश्यकतानुसार थपघट, हेरफेर गर्न सक्नेछ ।

अनुसुची १ (क)

# लेजर खाता

नियम ९ सँग सम्बन्धित

| महिना र मिति | विवरण | रोकड पृष्ठ | नाम रकम (Dr. Amount) | | जम्मा (Cr. Amount) | | नाम/जम्मा (Dr. / Cr.) | | बाँकी रकम (Balance Amount) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Rs. | Ps. | Rs. | Ps. | Rs. | Ps. | Rs. | Ps. |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# सामान खरिद तथा खर्च खाता

नियम ९ सँग सम्बन्धित

अनुसुची १ (ख)

| मिति | गौ.सं. | विवरण | सामान खरिद | ढुवानी खर्च तथा अन्य खर्च | कर्मचारी खर्च (तलव, भ.दै.भ्र.म.) | घर तथा गोदाम भाडा | मसलन्द तार टिकट | मर्मत | तिरेको व्याज | विविध खर्च | ह्रास | इन्धन खर्च | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५० - १ | १५० - २ | १५० - ३ | १५० - ४ | १५० - ५ | १५० - ६ | १५० - ७ | १५० - ८ | १५० - ९ | १५० - १० | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# नेपाल पूर्व सशस्त्र प्रहरी संघका आजिवन तथा सक्रिय सदस्य र साधारण सदस्यहरूको फोन नम्बर सहितको नामावली :-

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| १. | सप्रमनि(अ.प्रा) | बासुदेव वली | ४४३६१७०<br>४४२६१६३ | ९८५११०३५२२ |
| २. | सप्रमनि(अ.प्रा) | सनत कुमार वस्नेत | ४३७३८५२ | ९८५१०४३२४४ |
| ३. | सप्रमनि(अ.प्रा) | किशोर कुमार लामा | ४९१७१२४ | ९८४११४९५३१ |
| ४. | सप्रमनि(अ.प्रा) | शैलेन्द्र कुमार श्रेष्ठ | ४३५६५३० | ९८५१०३७४०३ |
| ५. | सप्रअमनि(अ.प्रा) | रबिराज थापा | ५५२६८२० | ९८५१०९७२६६ |
| ६. | " | रोहित थापा | ४३७१२११ | ९८५१०७२७११,<br>९८०२३७१२११ |
| ७. | " | अमर नेम्वाङ्ग सुब्बा | ४४३२९३२, ४४३७७९३ | ९८५१०६७७९२ |
| ८. | " | नारायणराज पाण्डे | ४३७७८२२ | ९८५१०४३३६६ |
| | | | | ९७४११२७१८६ |
| ९. | " | कृष्ण बहादुर विष्ट | ५२६०६३२ | ९८४१३५६३७२ |
| १०. | " | ठाकुर मोहन श्रेष्ठ | ४३७७१८२ | ९८५११३८१७७ |
| ११. | " | ऋषभदेव भट्टराई | | ९८४१६२३१४३ |
| १२. | " | शुशिल कुमार श्रेष्ठ | | ९८५१०३५२२२ |
| १३. | सप्रनामनि(अ.प्रा) | ज्ञानेन्द्र राज राई | ४६२०१५९ | ९७४१०२४१७१ |
| १४. | " | गोपालमान श्रेष्ठ | ४४८६८१७ | ९८५१०४०६०३ |
| | | | | ९८०१०४७१५२ |
| १५. | " | शिवराज गौली | ४३७१७९८ | ९८५१०७४०७१ |
| १६. | " | दिलिप कुमार श्रेष्ठ | ४३७७०८२ | ९८५११४७२९३ |
| १७. | " | श्याम कृष्ण कर्माचार्य | ४४४३९५४ | ९८५१०३०७७६<br>९८४१०३१६१६ |
| १८. | " | नवराज बिष्ट | ४४९१५७५ | ९८५१०५५७१० |
| १९. | " | राजकुमार राना | ४३५४४२२ | ९८५११०२२४८ |
| २०. | " | माधव बहादुर थापा | ४४३०३९८,<br>४४३४८०६ | ९८५१०३८३९४ |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| २१. | सप्रनामनि(अ.प्रा) | महेन्द्र कुमार भट्टचन | ४३७१५७४<br>४३७४१४५ | ९८०२१००४४४ |
| २२. | " | खोज बहादुर गरुङ्ग | ४४४५५२९ | ९८५६०२८६०१<br>९८४६०५४३४७ |
| २३. | " | मुकुन्द थापा | ४८२२९६६ | ९८५१०८८४२९ |
| २४. | " | कमल वस्नेत | ४६२२१६५ | ९८४१३८१४८७ |
| २५. | " | महाविर गुरुङ्ग | | ९८५११३५३१५ |
| २६. | सप्रबउ(अ.प्रा) | ललित प्रसाद गौचन | ४३७१०१९ | ९८५१०७३९३२ |
| २७. | " | धन बहादुर थापा | ४२७९५०६ | ९८५१०५२७७१ |
| २८. | " | छत्र बहादुर प्रधान | ४४७१७८४<br>४४३११३४ फ्याक्स | ९८५१००१४११ |
| २९. | " | प्रकाश बहादुर थापा | ४४८३५४६ | ९८५१०६९०७७ |
| ३०. | " | बाबुराम कार्की | ४४२३६८७ | ९७४११७५९१ |
| ३१. | " | लक्ष्मी प्रसाद बस्याल | ०७१-५६०४१५ | ९८५१००२४९३<br>९७४७००१४८१ |
| ३२. | " | सुर्य प्रसाद श्रेष्ठ | ०२१-४७००३५ | ९८४१४७४१९१ |
| ३३. | " | राजन थापा | | ९८४३२७३०४७ |
| ३४. | " | रामकृष्ण मटाङगलु | ६६१३७१९ | ९८४१४२८९८३ |
| ३५. | " | राजेन्द्र बहादुर सिंह | ४४४३४१३ | ९८४१२७८६२५ |
| ३६. | " | प्रल्हाद के.सी. | ०१-५२०२८१० | ९८५१०७४८८२ |
| ३७. | " | श्रीकान्त कोइराला | | ९८५१०६५८४६ |
| ३८. | सप्रउ(अ.प्रा) | शेखर नेपाल | ४४३९०५७ | |
| ३९. | " | शिशिर विक्रम अधिकारी | ४४३७८१५ | ९८५१०११२१६ |
| ४०. | " | निर बहादुर राई | ५५५०७७० | ९८४९०३५९९१ |
| ४१. | " | लाल बहादुर सिंह ठकुरी | ०९१-५२३००२ | ९७४९००८२०६ |
| ४२. | " | दिलिप बहादुर वस्न्यात | ४४४४८४९ | ९८४१०००६३९ |
| ४३. | " | बाल कुमार श्रेष्ठ | | ९७४२६०९६०८ |
| ४४. | " | कमानसिंह थापा | | |
| ४५. | " | विकास श्रेष्ठ | | ९८५१००२३९४ |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| ४६. | " | राम बिलास दास | ४३१६६१७ | ९८५११०७६५६ |
| ४७. | " | अजय कुमार सिंह | ५२००४२९ | ९८५१००४५५८ |
| ४८. | " | नरेश बहादुर कार्की | | ९८५६०२२२९९ |
| ४९. | " | लक्ष्मण सिलवाल क्षेत्री | ४९६५३३७ | ९७५१०१५५७५ |
| ५०. | " | भिम बहादुर पन्थ | ०१५१०८०८२ | ९८४१३७३९९२ |
| ५१. | " | नारायण बहादुर थापा | | ९८४६०५५८५४ |
| ५२. | " | मोहन बहादुर भुजेल | ०६१-४६१७४४ | ९८४६०३५३५२ |
| | | अफिस नम्बर | ०१-५५२५०४१ | |
| ५३. | " | शान्तिराम थापा | | ९८४१५८६८२१ |
| ५४. | " | शिब बहादुर मल्ल | | ९८५१०४९४७० |
| ५५. | " | रामकृष्ण लामा | | |
| ५६. | " | कविराज श्रेष्ठ | | ९८१३३२१४४४, |
| | | | | ९८४११४९८७७ |
| ५७. | सप्रनाउ(अ.प्रा) | बाल कृष्ण खकुरेल | ४८१०७७३ | ९८१३४३०२०४<br>९८४१२६५२४७ |
| ५८. | " | तिल बहादुर गुरुङ्ग | | ९८४१३९२९८६ |
| ५९. | सप्रनाउ(अ.प्रा) | गणेश बहादुर वस्नेत | ०४७-५२०३९८ | ९७४१०८४१८१ |
| ६०. | " | डिलाराम भुषाल | | ९८४६००२५९६ |
| ६१. | " | प्रेम बहादुर लामा | | ९८५५०६६००२ |
| ६२. | " | महेन्द्र बहादुर कार्की | ४३५३९०७ | ९८५१०१५७०७ |
| ६३. | " | दुर्गा बहादुर कुँवर | ०६१५३१९५६ | ९८४६११७६८०<br>९८०४१९१४८४ |
| ६४. | " | खगेन्द्र राज वस्नेत | ४९९२३१३ | ९८०३४५२३०५ |
| | | | | ९८४५०६६७३२ |
| ६५. | " | बद्धि बहादुर श्रेष्ठ | ०१४३१६३१७ | ९८४१७३२०४१ |
| ६६. | " | बलाराम तिमिल्सीना | ४८९०३८८ | ९८५१०२९७२२ |
| ६७. | " | चेत कुमार श्रेष्ठ | ०५६५३०१५६ | ९८४५०८०६६२ |
| ६८. | " | खिला नाथ खतिवडा | ०२१५३३८६३ | ९८४१२३०४३५ |
| ६९. | " | भगवान श्रेष्ठ | ४०३६६५६ | ९८४१९८१७९४ |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| ७०. | " | लाल बहादुर पोखरेल | | ९८४११७१७०७ |
| ७१. | " | गोपाल प्रसाद वि.क. | ४९९२९६२ | ९८५१०९३९१३ |
| ७२. | " | रामजी अधिकारी क्षेत्री | | ९८५१०८९०४० |
| ७३. | " | चित्र बहादुर सारु | | ९८४१९६०६२३ |
| ७४. | " | रुद्र बहादुर पुलामी मगर | | ९७४१०८०१४१ |
| ७५. | " | डिल बहादुर खत्री | | ९८५१०१८३८८ |
| ७६. | " | कृष्ण बहादुर पुरी | | ९८४१३३४१४३ |
| ७७. | " | विक्रम बहादुर कार्की | | ९८४७०४२९९४ |
| ७८. | " | अर्जुन बहादुर रावल | ४०१८५१९ | ९८५१०४२७९९<br>९८०१०४२७९९ |
| ७९. | " | ईश्वर बहादुर थापामगर | ०१-६२०४५३५ | ९८४१७९३३९४ |
| ८०. | " | लोक बहादुर पन्थ | | ९८४१७०५२५० |
| ८१. | " | सिताशरण कण्ठ | | ९८०७२४८६१२ |
| ८२. | " | डम्बर बहादुर लामा | | ९८४१३६८००१ |
| ८३. | " | भरत कुमार कार्की | | ९८४२१२७८७६ |
| ८४. | " | लाल बहादुर अधिकारी | | ९८५६०३३५७९ |
| ८५. | " | टिका बहादुर थापा | | ९८४१७७९३६० |
| ८६. | स.प्र.ना.उ.(अ.प्रा.) | केदार बहादुर खड्का | | ९८०१६०५९५१ |
| ८७. | " | झमकबहादुर काफ्ले | | ९८४१३१०२९४ |
| ८८. | " | गोविन्द प्रसाद वस्नेत | | |
| ८९. | सप्रनि(अ.प्रा) | कृष्ण कुमार श्रेष्ठ | | ९८४१३६१४८६ |
| ९०. | " | राम बहादुर गुरुङ्ग | | ९८४१५७७३२५ |
| ९१. | " | देव राज भण्डारी | | ९८४१२६७८११<br>९८५१०७२००२ |
| ९२. | " | राजन पौडेल | | ९८०२१००३६८ |
| ९३. | " | बुद्धिमान श्रेष्ठ | ४३१६३१७ | ९८४१८९५९५३,<br>९८५११२५१२४ |
| ९४. | " | मुकुन्द खत्री | | |
| ९५. | " | नारायण सिंह ठगुन्ना | | |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| ९६. | ” | अर्जुन ढुङ्गाना | | ९८४१२६५५६७ |
| ९७. | ” | पारसमणी रोकाय | | ९८४१३६५५८६<br>९८४१५४५२८६ |
| ९८. | ” | खगेन्द्र पाठक | | ९८४९८८५५८६<br>९८१३४७२४६६ |
| ९९. | ” | शान्तमान श्रेष्ठ | | ९८५१०२४४७५ |
| १००. | ” | राजेश भारती | | ९७४१०३४७४३ |
| १०१. | ” | दिपक पन्त | | ९८४१३०३३३६ |
| १०२. | ” | जीत बहादुर कार्की | | ९८४१९६७१३८ |
| १०३. | ” | रमेश भण्डारी | | ९८४५०४६४३४ |
| १०४. | ” | हरिराम श्रेष्ठ | | |
| १०५. | ” | केशव कुमार श्रेष्ठ | ०१६९०३८४ | ९८५११०८८०६ |
| १०६. | ” | भीमसेन थापा | ०१०-५६१४२४ | ९८४१३९२६८४ |
| १०७. | ” | नन्द किशोर वस्नेत | | ९८५१०५०४४२ |
| | | | | ९८०१०५०४४२ |
| १०८. | ” | कृष्ण राज खतिवडा | ४८९१८३६ | ९८५१००७३७८ |
| १०९. | ” | गोपाल ध्वज अधिकारी | | ९८४११८६७६० |
| ११०. | ” | नारायण बहादुर थापा | ०१०५६१२९३ | ९८५१२५९६१३ |
| १११. | ” | बाबु काजी श्रेष्ठ | ५०९०७४७ | ९८४३३५०८५९ |
| ११२. | ” | तकमान महरा | | ९८५१००५६७७ |
| ११३. | ” | भीमबहादुर कार्की | | |
| ११४. | ” | प्रभु प्रसाद जैसी | | |
| ११५. | ” | भक्त बहादुर चौधरी | | |
| ११६. | ” | मेघ प्रसाद पाण्डे | | ९८४११६३६१५ |
| ११७. | सप्रनानि (अ.प्रा) | राजु कार्की | ४३७२८७५ | ९७४१०६३६९८ |
| | | | | ९८५११८२१०४ |
| ११८. | ” | लाल बहादुर थापा | | ९८४१५४७४३५ |
| ११९. | ” | राम बहादुर रिमाल | | ९८४४०४६२०२<br>९७४५०३११०९ |
| १२०. | ” | पदम के.सी. | | ९७४१५९१७१६ |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| १२१. | ” | कृष्ण बहादुर के.सी. | | ९८४११८००६० |
| १२२. | ” | रत्न बहादुर श्रेष्ठ | | ९७४११९११४३ |
| १२३. | ” | चोचल राज पाखीन | ०४७-५२०४०५ | ९८५४०४१३०५ |
| १२४. | ” | दिल बहादुर खत्री | | ९८४१२८७४९० |
| १२५. | ” | चित्र बहादुर कुँवर | | ९८४१०९४२६४ |
| १२६. | ” | सोम प्रसाद न्यौपाने | | ९८५३१३२०४ |
| १२७. | ” | सालिकराम दुवाडी | ०१०-५२०८५४ | ९८४९९४५८४१ |
| १२८. | ” | कृष्णबहादुर राउत | | ९८४९१६६१४३ |
| १२९. | ” | धर्म बहादुर थापा | | ९८४८०७९१०५ |
| १३०. | ” | शेर बहादुर गुरुङ्ग | | ९८४१५३६७४३ |
| १३१. | सप्रसनि(अ.प्रा.) | महेश महतरा | | ९८४१३३८२७४ |
| १३२. | ” | कुशल बहादुर दसौंति | | ९८४१६४२०८३ |
| १३३. | सप्रसनि(अ.प्रा.) | तिलक बहादुर खड्का | | ९८४९१०५८९४ |
| १३४. | ” | ओम कुमार श्रेष्ठ | ०१२०३५००८ | ९८४१३८४६१५ |
| १३५. | ” | नरेश शाह | | ९८१५८४०२५० |
| १३६. | सप्रबह(अ.प्रा.) | अशोक कुमार मिश्र | | ९८५१०९९४४८ |
| १३७. | सप्रबह(अ.प्रा.) | हीरा बहादुर बुढाथोकी | | ९८४८०४६६३८ |
| १३८. | सप्रह(अ.प्रा.) | नारायण ठगुन्ना | | ९८०६४१०२३७ |
| १३९. | ” | सन्तोष श्रेष्ठ | | ९८५१०१७६०६ |
| १४०. | सप्रसह(अ.प्रा) | लक्ष्मण चौधरी | | ९८०३२८४१६९ |
| १४१. | ” | जिल्ला सिंह सावत | | ९८४८३०३७४४ |
| १४२. | ” | सुरथ बहादुर भाम | | ९८४२२०३५०८ |
| १४३. | सप्रज(अ.प्रा.) | गंगादक्त पुडासैनी | | ९८४५३०३५२८<br>९८४९२४१७७४ |
| १४४. | सप्रज(अ.प्रा.) | डोर बहादुर कार्की | | ९८४९७५१०७५ |
| १४५. | सप्रज(अ.प्रा.) | मन्दिर साउद | | ९८१४६८५५८६ |
| १४६. | बीरगति प्राप्त सप्रनि शिर बहादुर खड्का | श्रीमती राधिका खड्का क्षेत्री | | ९८४९८१८२२६ |
| १४७. | बीरगति प्राप्तसप्रबह ओम बहादुर वस्नेत | श्रीमती मुना बस्नेत | | ९८४१९३११८२ |

| सि.नं. | दर्जा | नामथर | निवास | मोवाईल नम्बर |
|---|---|---|---|---|
| १४८. | बीरगति प्राप्त सप्रबह रामकृष्ण कुमाल | श्रीमती जमुना कुमाल | | ९८०३८१९०६२ |
| १४९. | बीरगति प्राप्त सप्रसह राजु रानाभाट | श्रीमती विष्णुमाया रानाभाट | | ९८४६४८७९२९ |
| १५०. | बीरगति प्राप्त सप्रसह नारायण ध्वज कार्की | श्रीमती ईश्वरी कार्की | | ९८४१६१६९५५ |
| १५१. | बीरगति प्राप्त सप्रज हस्त बहादुर दराई | श्रीमती गीता दराई | | ९८४६६२६२६० |
| १५२. | बीरगति प्राप्त सप्रसह गिरीराज वस्नेत | आमा यम कुमारी बस्नेत | | ९८४८१७८०१२ |
| १५३. | बीरगति प्राप्त सप्रबह | श्रीमती ठ्याम्से भण्डारी | | ९८४७८२८९८२ |
| | रामलाल भण्डारी | | | |
| १५४. | बीरगति प्राप्तसप्रसनि दिपेन्द्र कुमार वली | श्रीमती नीम कुमारी वली | | ९८४८१७८०१२ |





**मिलन बाबु मल्ल**
कुमारीपाटी २०, ललितपुर, नेपाल
फोन नं: ९७७-१-५५५५८८९/८९०, ५५२७१४९ फ्याक्स: ९७७-१-५५४४६०१, मोवाईल: ९८५१०२४७५६
इमेल : mallamilan@yahoo.com, mbm@risikyamaha.com





# विजया दशमी तथा शुभ दिपावली

## छठ पर्व २०७१

तथा

## नेपाल सम्वत ११३५ को

सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने

समस्त नेपाली बन्धुहरुमा

सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**

केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक काठमाण्डौ

(अध्यक्ष)

**बासुदेव वली**

तथा

**संघ परिवार**

## फोटो फिचर :-




























































CASINO
MAHJONG
Soltee Crown Plaza
Tahachal, Kathmandu, Nepal
Phone : 4280588, 4270244, 4271011
Fax : 977-1-4271244
Web : www.casinomahjongnepal.com
Home
About Us
Casino Events
Terms & Conditions
Picture Gallery
Our Location
Caribbean Stud Poker
Roulette
Slots
Baccarat
Blackjack

M.R.S. Traders
Chabahil, Kathmandu
Cell: 9851191399, 9841289624
Authorized Distributers of Global Trading Concern P.Ltd.
Rembember us for:
Imported Whisky, Brandy, Gin, Wine etc.


Ncell Unlimited Closed User Group
Keep talking at zero paisa/min
Now you can create your own Unlimited Closed User Group on your pro plan to talk to your colleagues/staff at zero paisa per minute and control your communication expenses
For more information:
9801009720
For customer care contact 9007 from your Pro Plan Number or email us at corporatecare@ncell.com.np
Ncell, Here for Nepal
www.ncell.com.np
Monthly rental will be applicable as per the number of lines.
To enjoy the benefit, a company must subscribe at least three lines.
*Conditions apply.
Ncell